# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
(आ.व. २०८२/८३)




## कोशी प्रदेश

**नेपाल राष्ट्र बैंक**
**विराटनगर कार्यालय**
(२०८३ असोज)

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले स्थापनाकालदेखि नै वित्तीय क्षेत्रको विकास र आर्थिक स्थायित्वका साथै देशको समग्र आर्थिक विकासमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। बैंकको विराटनगर कार्यालयबाट बैंकिङ कारोबार, मुद्रा व्यवस्थापन, प्रदेश सरकारको खाता व्यवस्थापन, आर्थिक गतिविधि तथा विशेष अध्ययन लगायतका कार्य हुँदै आएको छ। साथै, बैंक तथा वित्तीय सेवासँग सम्बन्धित गुनासो सुनवाई गर्ने कार्य पनि गर्दै आईरहेको छ।

कोशी प्रदेशको आर्थिक गतिविधि अध्ययनको लागि यस प्रदेश अन्तर्गतका सबै १४ जिल्लाहरुमा भएका कृषिबाली तथा पशुपन्छीको उत्पादन, मत्स्यपालन, सिँचाई, वन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंकिङ तथा वित्तीय सेवा र वित्तीय सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान स्थिति तथा यी क्षेत्रमा रहेका चुनौती तथा सम्भावनालाई समेटी आर्थिक वर्ष २०८२/८३ को प्रादेशिक वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

यो प्रतिवेदन बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोश्रो संशोधन, २०८३ सहित)" मा आधारित भई तयार पारिएको हो। प्रतिवेदन तयारीका क्रममा कोशी प्रदेशका ११ जिल्लाहरुबाट स्थलगत तथा ३ जिल्लाहरुबाट गैह्रस्थलगत रुपमा तथ्याङ्क सङ्कलन गरिएको छ। आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीयक तथ्याङ्कहरु प्रयोग गरी विभिन्न क्षेत्रको प्रवृत्ति विश्लेषण गरिएको छ। विभिन्न सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, प्रदेशभित्र सञ्चालित औद्योगिक प्रतिष्ठान, विकास परियोजना र निजी क्षेत्रबाट तथ्याङ्क तथा सूचना सङ्कलन गरी कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकास जस्ता अर्थतन्त्रका क्षेत्रहरुको अवस्थाको विश्लेषण गरिएको छ। यसका अतिरिक्त विषयवस्तुको सान्दर्भिकता प्रस्तुत गर्न व्यावसायिक फर्महरुबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरी Case Study समेत प्रतिवेदनमा समावेश गरिएको छ। साथै, सरोकारवाला निकाय र व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल तथा सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना र आगामी परिदृश्य पनि प्रतिवेदनमा चित्रण गरिएको छ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, निर्देशनाल, सम्बन्धित परियोजना वा औद्योगिक प्रतिष्ठान र सरोकारवाला निकायहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, प्रतिवेदन तयारीका क्रममा तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रतिवेदन लेखनमा संलग्न यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका अधिकृत तथा कर्मचारीहरु : उप-निर्देशक श्री दिल बहादुर सुब्बा आङ्देम्बे, सहायक निर्देशकद्वय श्री सुनिल अधिकारी र श्री ऋषि रन्जन कर्ण, प्रधान सहायकहरू श्री सुमन मैनाली, श्री सुजन कुमार विश्वकर्मा, श्री पूर्ण बहादुर कार्की, श्री सुशिला थापा र श्री सन्तोष कुमार तामाङ तथा अन्य संलग्न कर्मचारीहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु।

**सुमन नेउपाने**

**निर्देशक**

# विषय सूची

**परिच्छेद १ अध्ययन परिचय** १

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन १

१.३ अध्ययनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा २

**परिच्छेद २ : प्रदेशको तुलनात्मक आर्थिक स्थिति** ३

२.१ राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको क्षेत्रगत हिस्सा ३

२.२ अन्तरप्रदेश तुलना ३

२.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती ४

२.३.१ प्रादेशिक चुनौतीहरु ४

२.३.२ प्रादेशिक क्षमता तथा सम्भावनाहरु ५

**परिच्छेद ३ : कृषि क्षेत्र** ७

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ७

३.१.१ खाद्य तथा अन्य बाली ७

३.१.२ तरकारी तथा बागवानी ८

३.१.३ फलफूल ९

३.१.४ मसला बाली ९

३.१.५ चिया तथा कफी ९

३.२ कृषि उत्पादन १०

३.२.१ खाद्य, नगदे तथा अन्य बाली ११

३.२.२ तरकारी तथा बागवानी १२

३.२.३ फलफूल १२

३.२.४ मसला बाली १२

३.२.५ चिया तथा कफी १३

३.२.६ मह १३

३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन १४

३.३.१ पशुजन्य उत्पादन १४

३.३.२ ऊन उत्पादन १५

३.३.३ माछा उत्पादन १५

३.३.४ वनजन्य उत्पादन १५

३.४ सिँचाइ तथा मौसम १६
३.५ क्षेत्रगत कृषि कर्जा १८
३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना २०
३.६.१ चुनौतीहरु २०
३.६.२ सम्भावना २२
**परिच्छेद ४: उद्योग क्षेत्र २६**
४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी २६
४.१.१ उद्योगको क्षमता उपयोग २६
४.१.२ उद्योगको उत्पादन २७
४.१.३ औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था २८
४.२ क्षेत्रगत औद्योगिक कर्जा २८
४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना २९
४.३.१ चुनौतीहरू २९
४.३.२ सम्भावनाहरू ३०
**परिच्छेद ५: सेवा क्षेत्र ३३**
५.१ पर्यटन ३३
५.१.१ होटल तथा लज ३३
५.१.२ हवाई सेवा ३३
५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट ३५
५.३ वित्तीय सेवा ३५
५.३.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या ३५
५.३.२ निक्षेप तथा कर्जा स्थिति ३६
५.३.३ अन्य वित्तीय विवरण ३८
५.३.४ सहकारी क्षेत्र ४१
५.३.५ फण्ड ट्रान्सफर द्धद्द
५.३.६ विदेशी विनिमय ४२
५.४ यातायात तथा सञ्चार ४३
५.४.१ यातायात ४३
५.४.२ सञ्चार ४४
५.५ शिक्षा तथा स्वास्थ्य ४५
५.५.१ शिक्षा ४५

५.५.२ स्वास्थ्य ४५
५.६ सेवा क्षेत्र कर्जा ४६
५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना ४७
५.७.१ चुनौतीहरु ४७
५.७.२ सम्भावनाहरु ४८
**परिच्छेद ६: पूर्वाधार र रोजगार ४९**
६.१ पूर्वाधार क्षेत्र ४९
६.१.१ जलविद्युत ४९
६.१.२ कोशी प्रदेशको अर्थतन्त्रमा प्रभाव पार्ने ठूला आयोजनाहरु ५०
६.२ रोजगारी क्षेत्र ५३
६.२.१ वैदेशिक रोजगारी ५३
६.२.२ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम ५४
६.३ पूर्वाधार र रोजगार क्षेत्रका चुनौती र सम्भावना ५५
६.३.१ चुनौतीहरू ५५
६.३.२ सम्भावनाहरू ५७
**परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना ४९**
७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति ६१
७.२ कोशी प्रदेशका स्थानीय तहहरूको बजेट कार्यान्वयनको स्थिति ६१
**परिच्छेद ८ : आर्थिक परिदृश्य ६५**
८.१ समग्र आर्थिक परिदृश्य ६५
८.१.१ कृषि उत्पादन ६५
८.१.२ औद्योगिक उत्पादन ६६
८.१.३ सेवा क्षेत्र ६६
८.१.४ पूर्वाधार क्षेत्र ६६

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर, आधारभूत मूल्यमा | ३ |
| तालिका २.२ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | ३ |
| तालिका २.३ | प्रादेशिक आर्थिक परिसूचकहरू | ४ |
| तालिका ३.१ | कोशी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीहरुले ढाकेको क्षेत्रफलको अवस्था | ८ |
| तालिका ३.२ | कृषि बालीले ढाकेको जिल्लागत भू-क्षेत्र | १० |
| तालिका ३.३ | कोशी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीको उत्पादन, उत्पादनमा हिस्सा र उत्पादकत्व अवस्था | १२ |
| तालिका ३.४ | कृषि बालीको जिल्लागत उत्पादन अवस्था | १३ |
| तालिका ३.५ | कोशी प्रदेशमा प्रमुख पशुपन्छीजन्य उत्पादनको अवस्था | १४ |
| तालिका ३.६ | काठ उत्पादनको जिल्लागत अवस्था | १६ |
| तालिका ३.७ | सिँचाईको जिल्लागत अवस्था | १७ |
| तालिका ३.८ | कोशी प्रदेशमा सिँचाइका स्रोतको अवस्था | १८ |
| तालिका ३.९ | कृषि कर्जाको क्षेत्रगत अवस्था | १९ |
| तालिका ४.१ | अध्ययनमा समावेश भएका उद्योगहरुको उत्पादन अवस्था | २७ |
| तालिका ४.२ | जिल्लागत औद्योगिक रोजगारीको अवस्था | २८ |
| तालिका ४.३ | औद्योगिक कर्जाको क्षेत्रगत हिस्सा | २९ |
| तालिका ५.१ | कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको विवरण | ३३ |
| तालिका ५.२ | कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ३५ |
| तालिका ५.३ | कोशी प्रदेशका जिल्लाहरुमा निक्षेप परिचालनको स्थिति | ३६ |
| तालिका ५.४ | कोशी प्रदेशका जिल्लाहरुमा बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्रवाहको स्थिति | ३७ |
| तालिका ५.५ | क्षेत्रगत कर्जाको अंश | ३८ |
| तालिका ५.६ | कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना | ३८ |
| तालिका ५.७ | कुल कर्जामा विपन्न वर्ग, पुनरकर्जा र सहुलियतपूर्ण कर्जाको हिस्सा | ३९ |
| तालिका ५.८ | कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण | ३९ |
| तालिका ५.९ | तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा | ४० |
| तालिका ५.१० | कोशी प्रदेशमा निक्षेपकर्ता, ऋणी, बैंक शाखा र ए.टि.एम. संख्याको जिल्लागत विवरण | ४० |
| तालिका ५.११ | सहकारी संस्थाहरूको पुँजी, बचत, ऋण, सदस्य संख्या र कर्मचारी संख्याको विवरण | ४१ |
| तालिका ५.१२ | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको विवरण | ४२ |
| तालिका ५.१३ | परिवर्त्य विदेशी मुद्रा खरिद विवरण | ४३ |
| तालिका ५.१४ | सरकारी तथा निजी विद्यालय र विद्यार्थी संख्याको विवरण | ४५ |
| तालिका ५.१५ | कोशी प्रदेशमा अस्पताल संख्या, चिकित्सक संख्या र कुल शैया संख्या | ४६ |
| तालिका ५.१६ | कोशी प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जाको विवरण | ४६ |
| तालिका ६.१ | कोशी प्रदेशमा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृतिको जिल्लागत विवरण | ५४ |
| तालिका ६.२ | रोजगार कार्यक्रम कार्यान्वयनको जिल्लागत विवरण | ५५ |
| तालिका ७.१ | कोशी प्रदेश सरकारको वित्त स्थिति | ६१ |
| तालिका ७.२ | कोशी प्रदेशका स्थानीय तहको वित्त स्थिति | ६२ |

# चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट ३.१ | पछिल्लो तीन वर्षमा प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन स्थिति | ११ |
| चार्ट ३.३ | जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था | २० |
| चार्ट ४.१ | उद्योग समूहहरुको क्षमता उपयोगको अवस्था | २६ |
| चार्ट ५.१ | घरजग्गा कारोबारको अवस्था | ३५ |
| चार्ट ५.२ | कर्जा तथा निक्षेपको स्थिति | ३७ |
| चार्ट ५.३ | सहकारी संस्थाहरुको पुँजी, बचत र ऋण लगानीको अवस्था | ४१ |
| चार्ट ५.४ | यातायातका साधनको संख्या | ४४ |
| चार्ट ५.५ | कुल वितरित टेलिफोनको जिल्लागत अवस्था | ४४ |
| चार्ट ६.१ | जिल्लागत विद्युत उत्पादनको अवस्था | ४९ |
| चार्ट ७.१ | आ.व. २०८२/८३ मा कोशी प्रदेशका स्थानीय तहको कुल प्राप्तिको संरचना | ६३ |

# सारांश

## प्रदेशको समष्टिगत आर्थिक स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा उपभोक्ता मूल्यमा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने देखिन्छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा यस्तो आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहेको कार्यालयको अनुमान छ ।

२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा कृषिको योग्दान २४.०३ प्रतिशत, उद्योगको १४.१६ प्रतिशत र सेवाको ६१.८१ प्रतिशत रहने अनुमान छ ।

३. कोशी प्रदेशको आर्थिक वर्ष २०८२/८३ मा आर्थिक वृद्धि (उपभोक्ता मूल्यमा) ३.१३ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । अघिल्लो आर्थिक वर्षमा कोशी प्रदेशको आर्थिक वृद्धिदर २.७२ प्रतिशत रहेको अनुमान छ । आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३२.४७ प्रतिशत, १६.६७ प्रतिशत र ४९.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

## कृषि

४. कोशी प्रदेशमा आर्थिक वर्ष २०८२/८३ मा समग्र कृषि बालीको उत्पादन १.२ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो उत्पादन ६.७ प्रतिशतले बढेको थियो । समग्र कृषि उत्पादनमध्ये खाद्य, नगदे तथा अन्य बालीको हिस्सा ७७.७ प्रतिशत, तरकारी तथा बागवानी बालीको हिस्सा १४.८ प्रतिशत, फलफूलको हिस्सा ४.२ प्रतिशत, मसला बालीको हिस्सा २.८ प्रतिशत र अन्य उत्पादनको हिस्सा ०.५ प्रतिशत रहेको छ ।

५. खाद्य, नगदे तथा अन्य बाली अन्तर्गत मकै, गहुँ, कोदो, जौं, फापर, आलु, उखु र सनपाटको उत्पादन क्रमशः ०.२ प्रतिशत, २.५ प्रतिशत, ०.३ प्रतिशत, १३.७ प्रतिशत, २.५ प्रतिशत, ०.४ प्रतिशत, ०.२ प्रतिशत र ०.२ प्रतिशतले बढेको छ भने धान, सुर्ती, भटमास, तेलहन र दलहनको उत्पादनमा क्रमशः ४.० प्रतिशत, १८.६ प्रतिशत, १.२ प्रतिशत र १.१ प्रतिशतले कमी आएको छ । त्यसैगरी फलफूल उत्पादन ४.६ प्रतिशत र मसला उत्पादन ०.७ प्रतिशतले घटेको छ भने तरकारी उत्पादन ०.०२ प्रतिशत, चिया उत्पादन ०.७ प्रतिशत तथा कफी उत्पादन १०.७ प्रतिशतले बढेको छ ।

६. आर्थिक वर्ष २०८२/८३ मा कृषि बालीले ढाकेको क्षेत्रफल ०.३ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो क्षेत्रफल ३.३ प्रतिशतले घटेको थियो । त्यसैगरी, समिक्षा वर्षमा समग्र कृषि बालीले ढाकेको कुल क्षेत्रफलमध्ये मकै बालीको ०.३ प्रतिशतले, गहुँको ०.३ प्रतिशतले, कोदोको ०.२ प्रतिशतले , जौंको ११.२ प्रतिशतले, फापरको २.५ प्रतिशतले, उखु ०.५ प्रतिशतले, सनपाटको ०.३ प्रतिशतले र तेलहनको १.६ प्रतिशतले बढेकोमा धान, आलु, सुर्ती, भटमास र दलहन बालीले ढाकेको क्षेत्रफल क्रमशः २.० प्रतिशत, ०.१ प्रतिशत, ११.१ प्रतिशत, २.२ प्रतिशत र ०.३ प्रतिशतले घटेको छ ।

७. आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको कुल खेतीयोग्य जमिनको क्षेत्रफलको ३६.५ प्रतिशत क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ भने अघिल्लो वर्ष यस्तो सिँचाइ सुविधा पुगेको क्षेत्रफल ३५.६ प्रतिशत रहेको थियो ।

८. समीक्षा वर्षमा कोशी प्रदेशमा दूध उत्पादन १३.२ प्रतिशत, मासु उत्पादन ०.२ प्रतिशत र माछा उत्पादन १.६ प्रतिशतले बढेकोमा अण्डा उत्पादन ३.२ प्रतिशतले घटेको छ ।

९. आर्थिक वर्ष २०८२/८३ मा काठको उत्पादन २ करोड ४८ लाख ४५ हजार १०३ क्युविक फिट रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ९.७ प्रतिशतले कम हो ।

१०. २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा १.१ प्रतिशतले कमी भई रु. ५५ अर्ब ६८ करोड ६० लाख रहेको छ । प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ८.७ प्रतिशत रहेको छ ।

## उद्योग

११. आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरूको भारित औसत क्षमता उपयोग ४३.१ प्रतिशत रहेको छ भने यस्तो क्षमता उपयोग गत आर्थिक वर्षमा ४१.८ प्रतिशत रहेको थियो ।

१२. उत्पादित वस्तु अनुसार आ.व. २०८२/८३ मा भटमासको तेल उत्पादन गर्ने उद्योगको क्षमता अधि उपयोग भई सबैभन्दा बढी ११८.० प्रतिशत पुगेको भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ६.५ प्रतिशत रहेको छ ।

१३. आर्थिक वर्ष २०८२/८३ मा यस अध्ययनमा समेटिएका उद्योगहरूको उत्पादनमध्ये भटमासको तेल ४५.३ प्रतिशत, वनस्पती घिउ ३०.५ प्रतिशत, तोरीको तेल ११.९ प्रतिशत, चामल २८.१ प्रतिशत, पशुदाना १५ प्रतिशत, चिनी १३.६ प्रतिशत, चाउचाउ १२.६ प्रतिशत, प्लाष्टिकका सामान १४.५ प्रतिशत र घरेलु धातुका सामानको उत्पादन २८७.८ प्रतिशतले बढेको छ ।

१४. यस अध्ययनमा समेटिएका कोशी प्रदेशका ४३ वटा उद्योगहरूमा आ.व. २०८२/८३ मा जम्मा १६,९६२ जना श्रमिक कार्यरत रहेका छन् । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा यी उद्योगहरूमा जम्मा १७,३३२ जना श्रमिक कार्यरत थिए जुन गत वर्षको तुलनामा २.१ प्रतिशतले कम हो ।

१५. २०८३ असार मसान्तमा २०८२ असार मसान्तको तुलनामा कुल औद्योगिक कर्जा ८.२ प्रतिशतले बढेर रु.१ खर्ब ७३ अर्ब कायम भएको छ । प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश २७.२ प्रतिशत रहेको छ ।

## सेवा

१६. समीक्षा वर्षमा कोशी प्रदेशका नमुना छनोटमा परेका होटलहरुको औसत अकुपेन्सी दर ३२.० प्रतिशत रहेकोमा यस्तो दर अघिल्लो वर्षको सोही अवधिमा ३९.२ प्रतिशत रहेको थियो ।

१७. यस प्रदेशका नमुना छनोटमा परेका होटलहरुमा बाह्य पर्यटकको संख्या समिक्षा वर्षमा २१.८ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या २८.६ प्रतिशतले वृद्धि भएको थियो ।

१८. आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको समग्र जहाज उडान संख्या ४.९ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त संख्यामा १.२ प्रतिशतले घटेको थियो ।

१९. आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्यामा १८.७ प्रतिशतले कमी आएको छ । अघिल्लो आर्थिक वर्षमा उक्त संख्या ४०.८ प्रतिशतले वृद्धि भएको थियो ।

२०. २०८३ असार मसान्तमा कोशी प्रदेशमा सरकारी/सामुदायिक विद्यालय, संस्थागत/निजी र प्राविधिक शिक्षालय र विश्वविद्यालयमा आवद्ध भएका क्याम्पसको कुल संख्या ७ हजार १ सय ५३ रहेको छ । २०८२ असार मसान्तमा यस्तो संख्या ७ हजार २ सय ९ रहेको थियो ।

२१. २०८३ असार मसान्तमा कोशी प्रदेशमा सरकारी र निजी गरी कुल अस्पताल संख्या २ सय ११ रहेका छन् । २०८२ असार मसान्तमा अस्पतालको संख्या १ सय ८२ रहेको थियो ।

## बैंक तथा वित्तीय संस्था

२२. २०८३ असार मसान्तमा यस प्रदेशमा वाणिज्य बैंकका ७५२, विकास बैंकका १९३, वित्त कम्पनीका ३५ तथा लघुवित्त वित्तीय संस्थाका ८५६ गरी बैंक तथा वित्तीय संस्थाका जम्मा १,८३६ शाखा पुगेका छन् ।

२३. अघिल्लो आर्थिक वर्षको तुलनामा २०८३ असार मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन १६.१ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ४१ अर्ब ९३ करोड पुगेको तथा कुल कर्जा प्रवाह ४.२ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ३९ अर्ब ३२ करोड पुगेको छ ।

२४. २०८३ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ८.० प्रतिशत, बचत निक्षेपको अंश ६२.० प्रतिशत, मुद्दती निक्षेपको अंश २४.५ प्रतिशत र अन्य निक्षेपको अंश ५.५ प्रतिशत रहेको छ ।

२५. २०८३ असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ३.४ प्रतिशतले बढ्न गई रु.४ खर्ब ९ अर्ब ८१ करोड पुगेको छ । प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ६४.१ प्रतिशत रहेको छ ।

## पूर्वाधार

२६. कोशी प्रदेशमा सञ्चालित विद्युत आयोजनाहरूको कुल उत्पादन क्षमता ९७७.२ मेगावाट रहेको छ भने आर्थिक वर्ष २०८२/८३ मा निर्माण सम्पन्न भएका ७ वटा जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता २०६.२ मेगावाट रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा सञ्चालित विद्युत आयोजनाहरूको कुल उत्पादन क्षमता ७८७.७ मेगावाट रहेको थियो ।

२७. कोशी प्रदेशमा सञ्चालित ६४ वटा जलविद्युत आयोजनामध्ये सोलुखुम्बु जिल्लामा सञ्चालित जलविद्युत आयोजनाहरूको सबैभन्दा बढी ३४९.८ मेगावाट विद्युत उत्पादन क्षमता रहेको छ । यस प्रदेशका जिल्लाहरूमध्ये इलाममा १८ वटा, संखुवासभामा १० वटा, सोलुखुम्बुमा १० वटा, ताप्लेजुङमा ९ वटा, ओखलढुङ्गामा ५ वटा, भोजपुर र पाँचथरमा ४-४ वटा, तेह्रथुम र खोटाङमा २-२ वटा जलविद्युत आयोजना रहेका छन् भने झापा र मोरङमा १/१ वटा सोलार विद्युत आयोजना रहेका छन् ।

## सम्भावना र चुनौती

२८. कोशी प्रदेशले अलैंची, चिया, अदुवाजस्ता तुलनात्मक लाभका बालीको उत्पादन र गुणस्तर बढाई निर्यात प्रवर्द्धन गर्नुपर्ने तथा बसाइँसराइ र जङ्गली जनावरको समस्याबाट खेतीयोग्य जमिन जोगाउनुपर्ने चुनौती सामना गरिरहेको छ । आधुनिक प्रविधि, सिँचाइ र सामूहिक खेतीबाट तराईमा धान, गहुँ, मकै, उखु र पहाडमा चिया, अलैंची, कफी तथा फलफूल उत्पादन बढाउन सक्ने उच्च सम्भावना छ ।

२९. सुनसरी-मोरङ औद्योगिक कोरिडोरमा उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्दा उत्पादन, रोजगारी, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा ठूलो योगदान पुग्न सक्दछ । विराटनगर, धरान, इटहरी, दमक र बिर्तामोडजस्ता सहरमा पूर्वाधार, बैंकिङ, शिक्षा र स्वास्थ्यमा लगानी विस्तार गर्न सकिने र सीमावर्ती सहरमा स्वास्थ्य पर्यटनको सम्भावना पनि रहेको छ । साथै, हिमाली, पहाडी र तराईको विविधता, धार्मिक स्थल तथा बाह्रै महिना बग्ने नदीले पर्यटन र जलविद्युत्को अवसर दिएको भए पनि जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको असर न्यूनीकरण गर्नु प्रमुख चुनौती रहेको छ ।

# परिच्छेद १ अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मुलुक संघीय संरचना रुपान्तरण भएपछि केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाउन र तथ्यमा आधारित नीति निर्माण गर्न यस बैंकले प्रदेशस्थित कार्यालयहरूमार्फत प्रदेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यसका लागि बैंकले प्रदेशस्तरमा कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश र स्थानीय सरकारको वित्तीय स्थितिसम्बन्धी तथ्याङ्कको सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशित गर्दै आएको छ। कोशी प्रदेशका सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर) समेटेर आर्थिक वर्ष २०८२/८३ को कोशी प्रादेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ। प्रस्तुत वार्षिक प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन यस बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन, २०८३ सहित)" मा आधारित छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

कोशी प्रदेशका १४ जिल्लाको आर्थिक वर्ष २०८२/८३ को समग्र आर्थिक स्थिति र कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगतिका आधारमा यो प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समावेश छ। साथै, यी क्षेत्रमा देखिएका सम्भावना, समस्या र चुनौतीहरू पनि समेटिएका छन्। यसका अतिरिक्त आर्थिक वर्ष २०८२/८३ को आर्थिक स्थिति र चालु आर्थिक वर्ष २०८३/८४ को बाँकी अवधिमा प्रदेशका कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको सम्भावित परिदृश्य प्रस्तुत गरिएको छ।

यस प्रतिवेदनमा उल्लेख गरिएका कृषिसम्बन्धी तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय एवम् सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय र डिभिजन वन कार्यालयबाट सङ्कलन गरिएको छ। औद्योगिक क्षेत्रतर्फ उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनोटमा परेका ४३ उद्योगहरूको स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएको छ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनोटमा परेका १० होटलहरूको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घरजग्गा रजिष्ट्रेसन संख्या र सो वापतको राजस्व रकम, बैंकिङ क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क नेपाल राष्ट्र बैंकको Supervisory Information System (SIS) का आधारमा तयार गरिएको छ। घरजग्गा नक्सा पाससम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशका राष्ट्रिय गौरव, प्रदेश गौरव र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने आयोजनाहरूबाट लिइएको छ। यातायात सेवातर्फ सवारी संख्या सम्बन्धी

विवरण यातायात व्यवस्था कार्यालयहरूबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका नमुना छनोट परेका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

संक्षिप्त अध्ययनका लागि सम्बन्धित फर्म/कम्पनीको स्थलगत भ्रमणबाट समेत प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । उल्लिखित सरकारी कार्यालय, स्थानीय तह र अन्य निजी तथा सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क तथा सूचना सङ्कलनको लागि इमेल, वेवसाइट तथा टेलिफोन लगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ । यसमा तथ्याङ्कको विश्लेषणमा व्याख्यात्मक विधि (Descriptive Method) समेत प्रयोग गरिएको छ । विशेष गरी आर्थिक वर्ष २०८२/८३ को अवधिमा आर्थिक तथा वित्तीय क्षेत्रको प्रवृत्तिलाई प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरू देहाय बमोजिम रहेका छन् ।

१. अध्ययन बैंकको “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन, २०८३ सहित)” ले तोकेको तथ्याङ्क प्रदायक निकायहरूबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ ।
२. प्रतिवेदनमा मार्गदर्शनले तोकेका ४३ उद्योगहरु, १० होटलहरु र १० सहकारी संस्थाहरुबाट औद्योगिक तथा सहकारी क्षेत्रका तथ्याङ्कलाई आधार लिइएको छ ।
३. यस प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा जिल्लागत रुपमा घरनक्सा पास तथा वित्त स्थितिका लागि केही स्थानीय तह (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट मात्र तथ्याङ्क सङ्कलन गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यो अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन, २०८३ सहित)” मा आधारित भएर तयार पारिएको छ । प्रतिवेदनको समग्र ढाँचा उक्त मार्गदर्शनले तोके बमोजिम रहेको छ । यस प्रतिवेदनमा ८ परिच्छेदहरू रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय प्रस्तुत गर्दै प्रतिवेदन तर्जुमाको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा कोशी प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक आर्थिक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.८५ प्रतिशत र आधारभुत मूल्यमा ३.६८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.६६ खर्ब रहने अनुमान रहेको छ।

आ.व. २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा ४.४३ प्रतिशत र आधारभुत मूल्यमा ३.८० प्रतिशतले विस्तार भएको संशोधित अनुमान रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.०३ प्रतिशत, १४.१६ प्रतिशत तथा ६१.८१ प्रतिशत रहने अनुमान रहेको छ।

**तालिका २.१ :**
**कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर, आधारभूत मूल्यमा (प्रतिशत)**

| क्षेत्र | २०८१/८२सं | २०८२/८३प्रा |
|---|---|---|
| कृषि क्षेत्र | ३.०५ | १.५८ |
| उद्योग क्षेत्र | ३.३१ | ५.६७ |
| सेवा क्षेत्र | ४.३६ | ४.२१ |
| **आर्थिक वृद्धिदर** | **३.८०** | **३.६८** |

**तालिका २.२ :**
**कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)**

| क्षेत्र | २०८१/८२सं | २०८२/८३प्रा |
|---|---|---|
| कृषि क्षेत्र | २४.५० | २४.०३ |
| उद्योग क्षेत्र | १३.७० | १४.१६ |
| सेवा क्षेत्र | ६१.८० | ६१.८१ |

*सं : संशोधित अनुमान; प्रा : प्रारम्भिक अनुमान*

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.१ राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ३.१३ प्रतिशत रहने अनुमान रहेको छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.१० खर्ब ४३ अर्ब पुग्ने अनुमान छ जुन राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको १५.८० प्रतिशत हो। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३२.४७ प्रतिशत, १७.६७ प्रतिशत र ४९.८५ प्रतिशत रहने अनुमान छ। कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आ.व. २०८२/८३ मा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कोशी प्रदेशको अंश क्रमशः २१.३६ प्रतिशत, १९.७२ प्रतिशत र १२.७५ प्रतिशत रहने अनुमान छ।

## २.२ अन्तरप्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५.८० प्रतिशत रहने अनुमान रहेको छ। त्यसैगरी बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.७१ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.२० प्रतिशत रहने अनुमान रहेको छ। कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.३६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.५१ प्रतिशत रहने अनुमान रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.७४ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम २.९९ प्रतिशत रहने

अनुमान रहेको छ । सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४५.४६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.९७ प्रतिशत रहने अनुमान रहेको छ ।

**तालिका २.३ : प्रादेशिक आर्थिक परिसूचकहरू (आर्थिक वर्ष २०८२/८३)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु. अर्ब) | १,०४३.११ | ८६३.३३ | २४२३.१२ | ५९२.६८ | ९३६.७२ | २७७.२५ | ४६३.८९ | ६,६००.१० |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८० | १३.०८ | ३६.७१ | ८.९८ | १४.१९ | ४.२० | ७.०३ | १०० |
| आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा, प्रतिशत) | ३.१३ | १.३१ | ५.४० | ५.०१ | २.८७ | २.९४ | ३.२८ | ३.८५ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.३६ | १९.०४ | १७.१५ | ९.५९ | १७.५८ | ५.५१ | ९.७८ | १०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.७२ | ११.२५ | ३१.७४ | १२.०५ | १५.३५ | २.९९ | ६.९० | १०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७५ | ११.१९ | ४५.४६ | ८.०४ | १२.६१ | ३.९७ | ५.९९ | १०० |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३२.४७ | ३४.९७ | ११.२३ | २५.६६ | २९.७६ | ३१.५२ | ३३.४३ | २४.०३ |
| उद्योग क्षेत्र | १७.६७ | १२.१८ | १२.२४ | १९.०० | १५.३२ | १०.०७ | १३.९१ | १४.१६ |
| सेवा क्षेत्र | ४९.८५ | ५२.८६ | ७६.५३ | ५५.३५ | ५४.९२ | ५८.४१ | ५२.६६ | ६१.८१ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

### २.३.१ प्रादेशिक चुनौतीहरु

१. यस प्रदेशका तुलनात्मक लाभ भएका बालीहरु (अलैंची, चिया, अम्रिसो, रुद्राक्ष, अदुवा) को उत्पादन, उत्पादकत्व र गुणस्तर अभिवृद्धि गर्दै यस्ता उत्पादनको बजारीकरण गरी निर्यात प्रवर्धन गर्नु ।

२. उत्पादनमा आधारित अनुदानको व्यवस्था गरी कृषि उत्पादन, प्रशोधन र बजारीकरण प्रवर्धनमा सहयोग गरी यस क्षेत्रमा युवाहरुलाई आकर्षित गर्नु ।

३. यस प्रदेशका पहाडी जिल्लाहरुबाट बसाइँसराइ भइ तराईमा जाने क्रम तिब्र रुपमा बढ्दै गएको तथा युवाहरुको बढ्दो विदेश पलायनले गर्दा खेतीयोग्य जमिन बाँझिने क्रम जारी रहेकोले सो क्षेत्रमा वन जंगलको विस्तार भएका कारण जंगली जनवारहरु (बाँदर, दुम्सी, वँदेल आदि) बाट कृषि बालीहरुको सुरक्षा गर्नु ।

४. यो प्रदेश मासु, माछा तथा दूधजन्य उत्पादनमा आत्मनिर्भर हुँदै गइरहेको अवस्थामा पशुपन्छीमा लाग्ने खोरेत रोग तथा अन्य महामारी नियन्त्रणका लागि खोप सञ्चालन गर्दै जैविक सुरक्षा तथा असल पशुपालन अभ्यासजस्ता कार्यक्रम सञ्चालन गरी गुणस्तरीय पशुपन्छीजन्य उत्पादनको उपभोग बढाउँदै निर्यात प्रवर्धन गर्नु ।

५. यस प्रदेशका प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुको उचित व्यवस्थापन र गुणस्तरमा वृद्धि गर्दै पर्यटन विकासका लागि आकर्षक गन्तव्य र नयाँ सेवाहरुको विकास र विविधीकरण गरी आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षण बढाउँदै यस क्षेत्रमा रोजगारीका अवसरहरु सिर्जना गर्नु ।

६. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण कृषि, जलविद्युत, पूर्वाधार तथा उद्योग क्षेत्रमा पर्ने असरहरुको न्यूनीकरण गर्नु ।

### २.३.२ प्रादेशिक क्षमता तथा सम्भावनाहरु

१. कृषि क्षेत्रमा आधुनिक प्रविधि, सिँचाइ सुविधा, यान्त्रिकीकरण तथा सामूहिक खेती प्रणालीको विकास गरी तराई क्षेत्रमा धान, गहुँ, मकै, उखु तथा तेलहन बाली र पहाडी क्षेत्रमा चिया, अलैंची, अदुवा, अकबरे खुर्सानी जस्ता नगदेबाली उत्पादनको उच्च सम्भावना रहेको छ ।

२. कोशी प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना अन्तर्गत किवीफल, सुन्तलाजात फलफूल, एभोकाडो, ओखर र स्याउ खेती विस्तार भएकोले फलफूल उत्पादनमा वृद्धि भई निर्यात प्रवर्धन हुन सक्ने सम्भावना रहेको छ ।

३. यस प्रदेशका इलाम, पाँचथर, धनकुटा, भोजपुर लगायतका पहाडी जिल्लाहरुलाई अर्गानिक चिया र गुणस्तरीय कफी उत्पादन क्षेत्रको रुपमा विकास गर्दै त्यस्ता उत्पादनको ब्राण्डिङ्ग र प्याकेजिङ्ग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बजारीकरण गर्न सकिने सम्भावना रहेको छ ।

४. यस प्रदेश अन्तर्गत पर्ने सुनसरी-मोरङ औद्योगिक करिडोर नेपालको सबैभन्दा महत्वपूर्ण औद्योगिक क्षेत्रमध्ये एक भएकाले यहाँ रहेका उद्योगहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न सके उत्पादन वृद्धि, रोजगारी सिर्जना, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा उल्लेखनीय योगदान पुग्ने सम्भावना रहेको छ ।

५. यस प्रदेशका प्रमुख शहरी तथा व्यापारिक केन्द्रहरू विराटनगर, धरान, इटहरी, दमक तथा बिर्तामोडमा पूर्वाधार, यातायात, बैंकिङ तथा सेवा क्षेत्रको तीव्र विकास भइरहेको हुँदा उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिमा लगानी विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

६. कोशी प्रदेशका सीमावर्ती शहरहरूमा आधुनिक आँखा अस्पताल तथा अन्य सुविधा सम्पन्न स्वास्थ्य संस्थाहरूको विस्तारसँगै भारतका सीमावर्ती राज्यहरूबाट उपचारका लागि आउने सेवाग्राहीको आकर्षण बढ्दै गएको छ । यस अवस्थाले स्वास्थ्य पर्यटन विकासको उच्च सम्भावना सिर्जना गर्नुका साथै निजी लगानी प्रवर्द्धन र रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

७. यस प्रदेशका सीमावर्ती शहरहरूमा तारे तथा सुविधा सम्पन्न होटल र पार्टी प्यालेसहरूको विस्तारसँगै डेस्टिनेशन वेडिङ, व्यावसायिक बैठक, सेमिनार, धार्मिक भ्रमण तथा मनोरञ्जनात्मक पर्यटनको प्रचूर सम्भावना विकसित हुँदै गएको छ ।

८. हिमाली, पहाडी र तराई भूभागको विविधताले सुसज्जित यस प्रदेशमा जैविक विविधता, वन सम्पदा तथा प्राकृतिक सौन्दर्यताले गर्दा सगरमाथा, कञ्चनजङ्घा, मकालु-बरुण, श्रीअन्तु, भेडेटार तथा तिनजुरे मिल्के जलजले जस्ता क्षेत्रहरूमा प्राकृतिक, साहसिक, दृश्यावलोकन, पदयात्रा र पर्यावरणीय पर्यटनको सम्भावना रहेको छ ।

९. यस प्रदेशमा रहेका हिन्दु तथा बौद्ध धर्मावलम्बीका महत्वपुर्ण तिर्थस्थलहरु पाथीभरा देवी मन्दिर, हलेसी महादेव, बराहक्षेत्र, रामधुनी तथा किराँत सभ्यतासँग सम्बन्धित धार्मिक तथा ऐतिहासिक स्थलहरूको संरक्षण र पूर्वाधार विकास गरी धार्मिक तथा सांस्कृतिक पर्यटनलाई थप विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

१०. यस प्रदेशमा बाह्रै महिना जलप्रवाह हुने नदीहरूको पर्याप्त उपलब्धताका कारण जलविद्युत आयोजना निर्माण तथा प्रसारण लाइन विस्तारमार्फत औद्योगिक विकास, ऊर्जा निर्यात र ग्रामीण क्षेत्रमा विद्युत पहुँच विस्तार गरी प्रदेशको आर्थिक विकासलाई तीव्र बनाउन सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ३ : कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल १० लाख ३ हजार ५ सय ३ हेक्टर रहेको छ । यो क्षेत्रफल अघिल्लो वर्षको तुलनामा ०.३ प्रतिशतले कम हो । अघिल्लो वर्ष समेत यस्तो क्षेत्रफल ३.३ प्रतिशतले घटेको थियो । यस प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमध्ये खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८७.१ प्रतिशत, तरकारी तथा बागवानी बालीको हिस्सा ५.३ प्रतिशत, फलफूलको हिस्सा २.८ प्रतिशत, मसला बालीको हिस्सा २.८ प्रतिशत र चिया तथा कफीको हिस्सा २.१ प्रतिशत रहेको छ ।

कृषि उपजले ढाकेको क्षेत्रफलमध्ये अघिल्लो आर्थिक वर्षको तुलनामा धान बालीले ढाकेको क्षेत्रफलमा २.० प्रतिशतले कमी भई ३ लाख २२.६ हजार हेक्टर, मकै बालीले ढाकेको क्षेत्रफलमा ०.३ प्रतिशतले वृद्धि भई २ लाख ७८ हजार हेक्टर, आलु बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशतले कमी भई ६६.७ हजार हेक्टर, कोदो बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले वृद्धि भई ५७.४ हजार हेक्टर, तरकारी बालीले ढाकेको क्षेत्रफल ०.६ प्रतिशतले कमी भई ५२.८ हजार हेक्टर, र गहुँ बालीले ढाकेको क्षेत्रफल ०.३ प्रतिशतले वृद्धि भई ५१.८ हजार हेक्टर रहेको छ ।

**चार्ट ३.१ : पछिल्लो तीन वर्षमा प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र (हे. हजार)**




*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र, (आ.व.२०८०/८१ र २०८१/८२ को संशोधित तथ्याङ्क)*

### ३.१.१ खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०८२/८३ मा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल अघिल्लो वर्षको तुलनामा ०.६ प्रतिशतले घट्न गई ८ लाख ७३ हजार ७ सय १३ हेक्टर रहेको छ । अघिल्लो वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल ४.० प्रतिशतले घटेको थियो ।

समीक्षा वर्षमा मकै, गहुँ, कोदो, जौँ, फापर, उखु, सनपाट र तेलहन बालीले ढाकेको क्षेत्रफल क्रमशः ०.३ प्रतिशत, ०.३ प्रतिशत, ०.२ प्रतिशत, ११.२ प्रतिशत, २.५ प्रतिशत, ०.५ प्रतिशत, ०.३ प्रतिशत र १.६ प्रतिशतले बढेको छ भने धान, आलु, सुर्ती, भटमास र दलहन बालीले ढाकेको क्षेत्रफल क्रमशः २.० प्रतिशत, ०.१ प्रतिशत, ११.१ प्रतिशत, २.२ प्रतिशत र ०.३ प्रतिशतले घटेको छ ।

समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमा धान, मकै, आलु, कोदो र गहुँ बालीको अंश क्रमशः ३२.१ प्रतिशत, २७.७ प्रतिशत, ६.६ प्रतिशत, ५.७ प्रतिशत र ५.२ प्रतिशत रहेको छ भने खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा धान, मकै, आलु, कोदो र गहुँ बालीको अंश क्रमशः ३६.९ प्रतिशत, ३१.८ प्रतिशत, ७.६ प्रतिशत, ६.६ प्रतिशत र ५.९ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यस प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये झापा जिल्लाको अंश सबैभन्दा बढी १९.९ प्रतिशत र ताप्लेजुङ जिल्लामाको अंश सबैभन्दा कम ३.० प्रतिशत रहेको छ ।

खाद्य, नगदे तथा अन्य बाली अन्तर्गत धान, मकै, गहुँ, कोदो, जौँ, फापर, आलु, उखु, सनपाट, सुर्ती, भटमास, तेलहन र दलहन बाली समेटिएका छन् ।

**तालिका ३.१ : कोशी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफलको अवस्था**

| बालीको नाम | क्षेत्रफल (हेक्टर हजार) | | वृद्धिदर (%) | ढाकेको क्षेत्रफलको हिस्सा (%) |
|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | | |
| धान | ३२९.२ | ३२२.६ | -२.० | ३६.९ |
| मकै | २७७.२ | २७८.० | ०.३ | ३१.८ |
| आलु | ६६.८ | ६६.७ | -०.१ | ७.६ |
| कोदो | ५७.३ | ५७.४ | ०.२ | ६.६ |
| गहुँ | ५१.६ | ५१.८ | ०.३ | ५.९ |
| तेलहन | ४२.३ | ४३.० | १.६ | ४.९ |
| दलहन | ३३.९ | ३३.८ | -०.३ | ३.९ |
| अन्य | २०.३ | २०.५ | ०.८ | २.३ |
| **कुल** | **८७८.६** | **८७३.७** | **-०.६** | **१००** |

*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र, (आ.व.२०८१/८२ को संशोधित तथ्याङ्क)*

### ३.१.२ तरकारी तथा बागवानी

आर्थिक वर्ष २०८२/८३ मा तरकारी बालीले ढाकेको कुल क्षेत्रफल अघिल्लो वर्षको तुलनामा ०.६ प्रतिशतले कमी आई ५२ हजार ७ सय ८४ हेक्टर रहेको छ । अघिल्लो वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल ०.४ प्रतिशतले बढेको थियो । समिक्षा अवधिमा यस प्रदेशमा तरकारी बालीले ढाकेको क्षेत्रफलमध्ये झापा जिल्लाको अंश सबैभन्दा बढी २०.४ प्रतिशत र सोलुखुम्बु जिल्लाको अंश सबैभन्दा कम १.२ प्रतिशत रहेको छ ।

### ३.१.३ फलफूल

आर्थिक वर्ष २०८२/८३ मा फलफूल बालीले ढाकेको कुल क्षेत्रफल अघिल्लो वर्षको तुलनामा ३.५ प्रतिशतले कमी भई २८ हजार ४ सय ५६ हेक्टर रहेको छ । गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल ०.५ प्रतिशतले कम भएको थियो । समिक्षा अवधिमा यस प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफलमध्ये झापा जिल्लाको अंश सबैभन्दा बढी २४.५ प्रतिशत र ओखलढुङ्गा जिल्लाको अंश सबैभन्दा कम ०.८ प्रतिशत रहेको छ ।

### ३.१.४ मसला बाली

आर्थिक वर्ष २०८२/८३ मा मसला बालीले ढाकेको कुल क्षेत्रफल अघिल्लो वर्षको तुलनामा ०.४ प्रतिशतले कमी भई २७ हजार ७ सय ८७ हेक्टर रहेको छ । गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल ०.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा यस प्रदेशमा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा बढी १८.१ प्रतिशत र ओखलढुङ्गा जिल्लाको अंश सबैभन्दा कम ०.७ प्रतिशत रहेको छ ।

### ३.१.५ चिया तथा कफी

आर्थिक वर्ष २०८२/८३ मा चिया तथा कफी खेतीले ढाकेको कुल क्षेत्रफल अघिल्लो वर्षको तुलनामा १९.० प्रतिशतले वृद्धि भई २० हजार ७ सय ६३ हेक्टर रहेको छ । गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल १४.६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा यस प्रदेशमा चिया बालीले ढाकेको क्षेत्रफल झापा र इलाम जिल्लामा क्रमशः ५५.२ प्रतिशत र ३७.८ प्रतिशत रहेको छ भने कफी बालीले ढाकेको क्षेत्रफल धनकुटा, इलाम र पाँचथर जिल्लामा क्रमशः ३३.९ प्रतिशत, २१.९ र २१.८ प्रतिशत रहेको छ ।

तालिका ३.२ : कृषि बालीले ढाकेको जिल्लागत भू–क्षेत्र (आ.व.२०८२/८३)

| जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी तथा बागवानी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल (%) | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल (%) | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल (%) | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल (%) |
| ताप्लेजुङ | २६,३३२.९ | ३.० | १,१०९.८ | २.१ | १,२४६.० | ४.४ | ५,०२८.१ | १८.१ |
| संखुवासभा | ३५,२९४.५ | ४.० | १,७६७.४ | ३.३ | ३७७.१ | १.३ | २,७२१.९ | ९.८ |
| सोलुखुम्बु | ३१,१४४.९ | ३.६ | ६३९.८ | १.२ | १,१५५.१ | ४.१ | ३५८.४ | १.३ |
| ओखलढुङ्गा | ३१,१९९.० | ३.६ | १,७१५.० | ३.२ | २३८.० | ०.८ | २०४.५ | ०.७ |
| खोटाङ | ५४,११०.० | ६.२ | १,२५२.० | २.४ | ३,०५३.४ | १०.७ | १,३९०.० | ५.० |
| भोजपुर | ५४,४०९.३ | ६.२ | २,०६७.७ | ३.९ | १,२०९.३ | ४.२ | १,०३५.५ | ३.७ |
| धनकुटा | ३४,०७३.३ | ३.९ | ५,९७८.५ | ११.३ | १,८०२.० | ६.३ | ८३७.४ | ३.० |
| तेह्रथुम | २८,०१८.४ | ३.२ | १,६७९.० | ३.२ | १,३८१.० | ४.९ | ९७९.८ | ३.५ |
| पाँचथर | ३९,२१०.४ | ४.५ | २,५०३.० | ४.७ | १,०४७.० | ३.७ | ४,२८१.५ | १५.४ |
| इलाम | ६०,३०८.८ | ६.९ | ३,५७९.३ | ६.८ | १,३४०.५ | ४.७ | ४,४७८.४ | १६.१ |
| झापा | १७३,७३९.७ | १९.९ | १०,७८०.० | २०.४ | ६,९६२.० | २४.५ | ९१९.५ | ३.३ |
| मोरङ | १५४,१९१.० | १७.६ | १०,१३८.० | १९.२ | ४,२४२.० | १४.९ | २,६५८.० | ९.६ |
| सुनसरी | १०२,६४०.० | ११.७ | ८,०८६.० | १५.३ | २,७०२.० | ९.५ | १,५४२.० | ५.५ |
| उदयपुर | ४९,०४१.२ | ५.६ | १,४८९.० | २.८ | १,७००.५ | ६.० | १,३५१.६ | ४.९ |
| **जम्मा** | **८७३,७१३.३** | **१००** | **५२,७८४.३** | **१००** | **२८,४५५.९** | **१००** | **२७,७८६.७** | **१००** |

*स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशमा समग्र कृषिजन्य उत्पादन अघिल्लो वर्षको तुलनामा १.२ प्रतिशतले कमी भई ५५ लाख ९३ हजार ४ सय ४७ मेट्रिक टन रहेको छ। गत वर्ष समग्र कृषिजन्य उत्पादन २.६ प्रतिशतले बढेको थियो। यस प्रदेशको समग्र कृषि उत्पादनमध्ये खाद्य, नगदे तथा अन्य बालीको हिस्सा ७७.७ प्रतिशत, तरकारी तथा बागवानी बालीको हिस्सा १४.८ प्रतिशत, फलफूलको हिस्सा ४.२ प्रतिशत, मसला बालीको हिस्सा २.८ प्रतिशत र अन्य उत्पादनको हिस्सा ०.५ प्रतिशत रहेको छ।

कृषिजन्य उत्पादनमध्ये धान बालीको उत्पादनमा ४.० प्रतिशतले कमी आई १४ लाख ७ हजार ८ सय मेट्रिक टन, मकै बालीको उत्पादनमा ०.२ प्रतिशतले वृद्धि भई ११ लाख ६९ हजार १ सय मेट्रिक टन, आलु बालीको उत्पादनमा ०.४ प्रतिशतले वृद्धि भई १० लाख ८८ हजार १ सय मेट्रिक टन, तरकारी बालीको उत्पादनमा ०.०२ प्रतिशतले वृद्धि भई ८ लाख ३० हजार १ सय मेट्रिक टन, उखु बालीको उत्पादनमा ०.२ प्रतिशतले वृद्धि भई ३ लाख ४२ हजार ९ सय मेट्रिक टन र गहुँ बालीको उत्पादनमा २.५ प्रतिशतले वृद्धि भई १ लाख ४१ हजार २ सय मेट्रिक टन उत्पादन भएको छ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे. टन)**




*स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र, (आ.व.२०८०/८१ र २०८१/८२ को संशोधित तथ्याङ्क)*

### ३.२.१ खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०८२/८३ मा खाद्य, नगदे तथा अन्य बालीको उत्पादन अघिल्लो वर्षको तुलनामा १.२ प्रतिशतले घटेर ४३ लाख ४४ हजार ८ सय ९५ मेट्रिक टन रहेको छ । गत वर्ष उक्त बालीहरुको उत्पादन ३.१ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा मकै, गहुँ, कोदो, जौं, फापर, आलु, उखु र सनपाटको उत्पादन क्रमशः ०.२ प्रतिशत, २.५ प्रतिशत, ०.३ प्रतिशत, १३.७ प्रतिशत, २.५ प्रतिशत, ०.४ प्रतिशत, ०.२ प्रतिशत र ०.२ प्रतिशतले बढेको छ भने धान, सुर्ती, भटमास, तेलहन र दलहनको उत्पादनमा क्रमशः ४.० प्रतिशत, १८.६ प्रतिशत, १.२ प्रतिशत, १.१ प्रतिशत र १६.८ प्रतिशतले कमी आएको छ ।

समग्र कृषि उपजको उत्पादनमा खाद्य नगदे तथा अन्य बालीमध्ये धान बालीको अंश सबैभन्दा बढी २५.२ प्रतिशत, मकैको अंश २०.९ प्रतिशत, आलुको अंश १९.५ प्रतिशत, उखुको अंश ६.१ प्रतिशत र गहुँको अंश २.५ प्रतिशत रहेको छ । समीक्षा अवधिमा खाद्य नगदे तथा अन्य बालीको उत्पादनमा जिल्लागत योगदानको आधारमा झापा जिल्लाको अंश सबैभन्दा बढी २५.६ प्रतिशत र खोटाङ जिल्लाको अंश सबैभन्दा कम २.३ प्रतिशत योगदान रहेको छ। यस प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको अंश सबैभन्दा बढी ३२.४ प्रतिशत, मकै उत्पादनको अंश २६.९ प्रतिशत, आलु उत्पादनको अंश २५.० प्रतिशत, उखु उत्पादनको अंश ७.९ प्रतिशत र गहुँ उत्पादनको अंश ३.२ प्रतिशत रहेको छ ।

**तालिका ३.३ : कोशी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीको उत्पादन, उत्पादनमा हिस्सा र उत्पादकत्व अवस्था**

| बाली | बालीले ढाकेको भू-क्षेत्र (हे.) | उत्पादन (मे. टन) | | वृद्धिदर (%) | उत्पादनमा हिस्सा (%) | उत्पादकत्व |
|---|---|---|---|---|---|---|
| | २०८२/८३ | २०८१/८२ | २०८२/८३ | | | |
| धान | ३२२,६०१.२ | १,४६६,५१९.० | १,४०७,७९२.८ | -४.० | ३२.४ | ४.४ |
| मकै | २७८,०२२.० | १,१६६,१४८.७ | १,१६९,०६४.० | ०.२ | २६.९ | ४.२ |
| गहुँ | ५१,७६५.० | १३७,७३०.३ | १४१,१७४.० | २.५ | ३.२ | २.७ |
| कोदो | ५७,४१७.० | ८५,९७२.५ | ८६,२६७.० | ०.३ | २.० | १.५ |
| जौं | १,०९७.० | १,२८५.४ | १,४६२.० | १३.७ | ०.० | १.३ |
| फापर | २,९६८.० | ४,७७४.० | ४,८९४.० | २.५ | ०.१ | १.६ |
| आलु | ६६,७१६.८ | १,०८३,४३४.३ | १,०८८,०५६.० | ०.४ | २५.० | १६.३ |
| उखु | ६,०११.५ | ३४२,२३८.१ | ३४२,८५४.३ | ०.२ | ७.९ | ५७.० |
| सनपाट | ६,९२७.० | ९,९९४.५ | १०,०१६.५ | ०.२ | ०.२ | १.४ |
| सुर्ती | ४.० | ७.० | ५.७ | -१८.६ | ०.० | १.४ |
| भटमास | ३,४४५.६ | ४,७४२.० | ४,६८५.३ | -१.२ | ०.१ | १.४ |
| तेलहन | ४२,९६८.८ | ५३,३२०.० | ५२,७१८.२ | -१.१ | १.२ | १.२ |
| दलहन | ३३,७६९.५ | ४३,१७६.१ | ३५,९०५.६ | -१६.८ | ०.८ | १.१ |
| **जम्मा** | **८७३,७१३.३** | **४,३९९,३४१.९** | **४,३४४,८९५.३** | **-१.२** | **१००** | **५.०** |

*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र, (आ.व.२०८१/८२ को संशोधित तथ्याङ्क)*

### ३.२.२ तरकारी तथा बागवानी

आर्थिक वर्ष २०८२/८३ मा तरकारी बालीको उत्पादन अघिल्लो वर्षको तुलनामा ०.०२ प्रतिशतले बढेर ८ लाख ३० हजार ८० मेट्रिक टन रहेको छ । गत वर्ष यस्तो उत्पादन १.१ प्रतिशतले बढेको थियो । समिक्षा अवधिमा यस प्रदेशमा तरकारी बालीको उत्पादन झापा जिल्लामा सबैभन्दा बढी २३.९ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम १.० प्रतिशत रहेको छ ।

### ३.२.३ फलफूल

आर्थिक वर्ष २०८२/८३ मा फलफूलको उत्पादन अघिल्लो वर्षको तुलनामा ४.६ प्रतिशतले कमी आई २ लाख ३३ हजार ७ सय ६० मेट्रिक टन रहेको छ । गत वर्ष यस्तो उत्पादन ०.७ प्रतिशतले बढेको थियो । समिक्षा अवधिमा यस प्रदेशमा फलफूल उत्पादन झापा जिल्लामा सबैभन्दा बढी २८.९ प्रतिशत र ओखलढुङ्गा जिल्लामा सबैभन्दा कम ०.७ प्रतिशत रहेको छ ।

### ३.२.४ मसला बाली

आर्थिक वर्ष २०८२/८३ मा मसलाको उत्पादन अघिल्लो वर्षको तुलनामा ०.७ प्रतिशतले घटेर १ लाख ५६ हजार ७ सय ९५ मेट्रिक टन रहेको छ । गत वर्ष यस्तो उत्पादन १.२ प्रतिशतले घटेको थियो । समिक्षा अवधिमा यस

प्रदेशमा मसला उत्पादन इलाम जिल्लामा सबैभन्दा बढी २४.१ प्रतिशत र ओखलढुङ्गा जिल्लामा सबैभन्दा कम १.३ प्रतिशत रहेको छ ।

**तालिका ३.४ : कृषि बालीको जिल्लागत उत्पादन अवस्था (आ.व. २०८२/८३)**

| जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी तथा बागवानी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मे. टन) | हिस्सा (%) | उत्पादन (मे. टन) | हिस्सा (%) | उत्पादन (मे. टन) | हिस्सा (%) | उत्पादन (मे. टन) | हिस्सा (%) |
| ताप्लेजुङ | १३६,३९४.१ | ३.१ | १३,७५८.७ | १.७ | ८,८४७.५ | ३.८ | ८,५८८.७ | ५.५ |
| संखुवासभा | ११६,६३१.० | २.७ | १८,७३२.३ | २.३ | ३,२०५.४ | १.४ | ४,५३८.५ | २.९ |
| सोलुखुम्बु | २०६,०४७.० | ४.७ | ८,३३८.७ | १.० | ६,४५६.३ | २.८ | २,२९७.५ | १.५ |
| ओखलढुङ्गा | ११९,६४७.९ | २.८ | २०,५८४.१ | २.५ | १,५८३.५ | ०.७ | २,०३५.० | १.३ |
| खोटाङ | ९८,८२९.३ | २.३ | १४,९२३.८ | १.८ | १२,२०१.५ | ५.२ | ३,४८१.५ | २.२ |
| भोजपुर | १८८,१११.३ | ४.३ | २८,७७०.४ | ३.५ | १४,९४३.५ | ६.४ | ४,४०४.५ | २.८ |
| धनकुटा | ११६,७१०.७ | २.७ | १३७,५०८.० | १६.६ | १०,५३७.० | ४.५ | ६,९४७.५ | ४.४ |
| तेह्रथुम | १०४,२८९.१ | २.४ | ३०,६३१.२ | ३.७ | १०,०१५.१ | ४.३ | ४,९०७.० | ३.१ |
| पाँचथर | १४९,९४१.९ | ३.५ | ३१,९२१.६ | ३.८ | ७,०१७.९ | ३.० | १४,२४८.५ | ९.१ |
| इलाम | ३१९,९६९.५ | ७.४ | ५५,१८५.२ | ६.६ | १०,१९५.० | ४.४ | ३७,७९८.१ | २४.१ |
| झापा | १,१११,६७७.३ | २५.६ | १९८,४१५.५ | २३.९ | ६७,५३६.६ | २८.९ | १२,५४३.९ | ८.० |
| मोरङ | ८८१,७५७.९ | २०.३ | १४३,६२५.५ | १७.३ | ४९,२२३.१ | २१.१ | २३,०७८.८ | १४.७ |
| सुनसरी | ६४३,७९४.० | १४.८ | १०८,५३२.० | १३.१ | २१,२३९.० | ९.१ | १४,०२७.० | ८.९ |
| उदयपुर | १५१,०९४.६ | ३.५ | १९,१५३.० | २.३ | १०,७५९.० | ४.६ | १७,८९९.१ | ११.४ |
| **जम्मा** | **४,३४४,८९५.३** | **१००** | **८३०,०७९.९** | **१००** | **२३३,७६०.३** | **१००** | **१५६,७९५.४** | **१००** |

*स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

### ३.२.५ चिया तथा कफी

आर्थिक वर्ष २०८२/८३ मा चिया तथा कफीको उत्पादन ०.८ प्रतिशतले वृद्धि भई २७ हजार ३ सय ८ मेट्रिक टन रहेको छ । गत वर्ष यस्तो उत्पादन १३.१ प्रतिशतले बढेको थियो । समिक्षा अवधिमा यस प्रदेशमा चिया उत्पादन सबैभन्दा बढी झापा जिल्लामा ७४.७ प्रतिशत र इलाम जिल्लामा २४.२ प्रतिशत रहेको छ भने कफी उत्पादन सबैभन्दा बढी पाँचथर जिल्लामा ६३.८ प्रतिशत रहेको छ ।

### ३.२.६ मह

आर्थिक वर्ष २०८२/८३ मा महको उत्पादन २५.९ प्रतिशतले वृद्धि भई ६ सय ९ मेट्रिक टन रहेको छ । गत वर्ष यस्तो उत्पादन १३.१ प्रतिशतले बढेको थियो । समिक्षा अवधिमा यस प्रदेशमा मह उत्पादन मोरङ जिल्लामा सबैभन्दा बढी ४६.० प्रतिशत रहेको छ ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुजन्य उत्पादन

आर्थिक वर्ष २०८२/८३ मा दूधको उत्पादन १३.२ प्रतिशतले वृद्धि भई ५४ करोड ४१ लाख ९० हजार ३ सय लिटर, मासुको उत्पादन ०.२ प्रतिशतले वृद्धि भई ७५ हजार ३ सय ७० मेट्रिक टन, माछाको उत्पादन १.६ प्रतिशतले वृद्धि भई १४ हजार ४ सय ५३ मेट्रिक टन र अण्डाको उत्पादन ३.२ प्रतिशतले कम भई ११ करोड ३६ लाख ३४ हजार ४ सय गोटा रहेको छ ।

समीक्षा अवधिमा यस प्रदेशमा दूध उत्पादन मोरङ जिल्लामा सबैभन्दा बढी २६.५ प्रतिशत र ताप्लेजुङ जिल्लामा सबैभन्दा कम १.३ प्रतिशते रहेको छ । मासु उत्पादन मोरङ जिल्लामा सबैभन्दा बढी १६.५ प्रतिशत र सबैभन्दा कम तेह्रथुम जिल्लामा ३.० प्रतिशत रहेको छ । अण्डा उत्पादन मोरङ जिल्लामा सबैभन्दा बढी २५.९ प्रतिशत र ताप्लेजुङ जिल्लामा सबैभन्दा कम १.४ प्रतिशत रहेको छ । माछा उत्पादन मोरङ जिल्लामा सबैभन्दा बढी ४०.२ प्रतिशत रहेको छ ।

**तालिका नं. ३.५ : कोशी प्रदेशमा प्रमुख पशुपन्छीजन्य उत्पादनको अवस्था (आ.व. २०८२/८३)**

| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (%) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे. टन) | अण्डा (हजार गोटा) | माछा (मे. टन) | दूध | मासु | अण्डा | माछा |
| ताप्लेजुङ | ७,०८५.० | २,३०७.० | १,६४०.० | ४.५ | १.३ | ३.१ | १.४ | ०.० |
| संखुवासभा | १३,४८०.० | २,४३८.० | ३,१२९.० | ०.० | २.५ | ३.२ | २.८ | ०.० |
| सोलुखुम्बु | १०,३०८.० | २,६१९.० | ३,५९४.० | ०.० | १.९ | ३.५ | ३.२ | ०.० |
| ओखलढुङ्गा | १६,४५८.० | ३,६३८.० | २,९२९.० | ०.० | ३.० | ४.८ | २.६ | ०.० |
| खोटाङ | १७,५२२.० | ४,९३०.३ | ४,३५३.० | २१.० | ३.२ | ६.५ | ३.८ | ०.१ |
| भोजपुर | १४,१८९.० | ३,७६४.० | ३,०१४.० | ५७.० | २.६ | ५.० | २.७ | ०.४ |
| धनकुटा | ११,४५९.० | ४,०२९.० | ५,८६०.० | ३४.० | २.१ | ५.३ | ५.२ | ०.२ |
| तेह्रथुम | १०,८९५.० | २,२६१.० | २,८१८.१ | ११.० | २.० | ३.० | २.५ | ०.१ |
| पाँचथर | १५,७८१.३ | ३,२२३.० | ३,२१६.३ | ७.६ | २.९ | ४.३ | २.८ | ०.१ |
| इलाम | ३८,४९६.० | ४,८४२.० | ४,८३७.० | २९.० | ७.१ | ६.४ | ४.३ | ०.२ |
| झापा | ९२,७४८.० | १०,८९३.८ | २२,०११.० | ३,६७२.० | १७.० | १४.५ | १९.४ | २५.४ |
| मोरङ | १४३,९९७.० | १२,४५१.० | २९,४३९.० | ५,८१५.० | २६.५ | १६.५ | २५.९ | ४०.२ |
| सुनसरी | ११९,९५३.० | १०,२७५.० | २०,४२१.० | ४,३०२.० | २२.० | १३.६ | १८.० | २९.८ |
| उदयपुर | ३१,८१९.० | ७,६९९.० | ६,३७३.० | ५००.४ | ५.८ | १०.२ | ५.६ | ३.५ |
| **जम्मा** | **५४४,१९०.३** | **७५,३७०.१** | **११३,६३४.४** | **१४,४५३.५** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : अध्ययन क्षेत्रका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र*

### ३.३.२ ऊन उत्पादन

आर्थिक वर्ष २०८२/८३ मा ऊनको उत्पादन अघिल्लो वर्षको तुलनामा २८.५ प्रतिशतले घटेर १७ हजार ५ सय १५ के.जि. रहेको छ। गत वर्ष यस्तो उत्पादन ४.५ प्रतिशतले बढेको थियो। समिक्षा अवधिमा यस प्रदेशमा ऊन उत्पादन ओखलढुङ्गा जिल्लामा सबैभन्दा बढी ३२.३ प्रतिशत प्रतिशत रहेको छ (सोलुखुम्बु र भोजपुर जिल्लाबाट तथ्याङ्क प्राप्त नभएको)।

### ३.३.३ माछा उत्पादन

आर्थिक वर्ष २०८२/८३ मा माछा उत्पादन अघिल्लो वर्षको तुलनामा १.६ प्रतिशतले बढेर १४ हजार ४ सय ५३ मेट्रिक टन रहेको छ। समिक्षा अवधिमा यस प्रदेशमा माछा उत्पादन मोरङ जिल्लामा सबैभन्दा बढी ४०.२ प्रतिशत रहेको छ भने सोलुखुम्बु, संखुवासभा र ओखलढुङ्गा जिल्लामा माछाको उत्पादन शुन्य रहेको देखिन्छ।

### ३.३.४ वनजन्य उत्पादन

आर्थिक वर्ष २०८२/८३ मा काठको उत्पादन अघिल्लो वर्षको तुलनामा ९.७ प्रतिशतले घटेर २ करोड ४८ लाख ४५ हजार १०३ क्युविक फिट रहेको छ भने दाउरा उत्पादन १५.९ प्रतिशतले घटेर ४ हजार ६५० चट्टा रहेको छ। गत वर्षको काठको उत्पादन क्रमशः २.२ प्रतिशतले बढेको र र दाउराको उत्पादन २१.४ प्रतिशतले घटेको थियो। समिक्षा अवधिमा यस प्रदेशमा काठ उत्पादन इलाम जिल्लामा सबैभन्दा बढी १९.७ प्रतिशत रहेको छ भने सुनसरी जिल्लामा सबैभन्दा कम ०.८ प्रतिशत रहेको छ।

**तालिका ३.६ : काठ उत्पादनको जिल्लागत अवस्था**

| जिल्ला | काठ उत्पादन (क्यूबिक फिट) | | जिल्लागत हिस्सा (%) | वृद्धिदर (%) |
|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | | |
| ताप्लेजुङ | १,६९७,८५०.१ | १,४२२,०००.७ | ५.७ | -१६.२ |
| संखुवासभा | १,६२८,६४९.० | २,०७९,९३७.० | ८.४ | २७.७ |
| सोलुखुम्बु | १,२९५,६१८.९ | १,१३३,१५५.० | ४.६ | -१२.५ |
| ओखलढुङ्गा | १,०१०,९९९.९ | ७३२,९८४.८ | ३.० | -२७.५ |
| खोटाङ | १,४३५,४४९.० | १,६०५,०८६.७ | ६.५ | ११.८ |
| भोजपुर | ३,४९०,७४९.६ | २,९२४,४३१.१ | ११.८ | -१६.२ |
| धनकुटा | ३,२५९,५८२.५ | २,४८५,८४९.६ | १०.० | -२३.७ |
| तेह्रथुम | २,१३९,३०५.८ | २,००५,४७६.७ | ८.१ | -६.३ |
| पाँचथर | ३,४१६,४७५.४ | ३,२१४,५०३.० | १२.९ | -५.९ |
| इलाम | ५,५९८,३२९.० | ४,९०४,८३४.१ | १९.७ | -१२.४ |
| झापा | ९१३,५२८.० | ५१६,६१७.४ | २.१ | -४३.४ |
| मोरङ | १,०५९,०१०.३ | १,२३६,१००.७ | ५.० | १६.७ |
| सुनसरी | १३१,६७५.५ | १९८,३७७.६ | ०.८ | ५०.७ |
| उदयपुर | ४३७,६३९.२ | ३८५,७४८.८ | १.६ | -११.९ |
| **जम्मा** | २७,५१४,८६२.२ | २४,८४५,१०३.२ | १०० | -९.७ |

*स्रोतः अध्ययन क्षेत्रका डिभिजन वन कार्यालय, (आ.व.२०८१/८२ को संशोधित तथ्याङ्क)*

## ३.४ सिँचाइ तथा मौसम

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफल ८ लाख २५ हजार ६ सय १६ हेक्टर रहेकोमा ७ लाख १७ हजार १ सय १६ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ। कुल खेतीयोग्य क्षेत्रफलमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी १४.२ प्रतिशत र ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा कम ३.३ प्रतिशत रहेको छ।

समिक्षा अवधिमा कोशी प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफलको ३६.५ प्रतिशत अर्थात् ३ लाख १ हजार ५ सय २३ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। अघिल्लो आर्थिक वर्षमा कुल खेतीयोग्य क्षेत्रफलको ३५.६ प्रतिशत भूभागमा यस्तो सुविधा पुगेको थियो। खेतीयोग्य जमिनको क्षेत्रफलको आधारमा सुनसरी जिल्लामा सबैभन्दा बढी ८६ प्रतिशत सिँचाइ सुविधा पुगेको छ भने खोटाङ जिल्लामा सबैभन्दा कम २.८ प्रतिशत सिँचाइ सुविधा पुगेको छ।

आर्थिक वर्ष २०८१/८२ को तुलनामा आर्थिक वर्ष २०८२/८३ मा कुल सिँचित क्षेत्रफल २.६ प्रतिशतले वृद्धि भएको छ भने अघिल्लो आर्थिक वर्षमा यस्तो क्षेत्रफल १.८ प्रतिशतले वृद्धि भएको थियो।

**तालिका ३.७ : सिँचाइको जिल्लागत अवस्था (आ.व. २०८२/८३)**

| जिल्ला | कुल खेतीयोग्य क्षेत्रफल (हे.) | खेती गरिएको क्षेत्रफल (हे.) | कुल सिँचित क्षेत्रफल (हे.) | कुल खेतीयोग्य क्षेत्रफल अंश (%) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिँचित क्षेत्रफल (%) |
|---|---|---|---|---|---|
| ताप्लेजुङ | २७,५५१.० | २४,०३२.० | १२,०८७.० | ३.३ | ४३.९ |
| संखुवासभा | ३१,५९६.० | ३८,३५४.२ | १५,५३४.० | ३.८ | ४९.२ |
| सोलुखुम्बु | ४५,३५८.० | ४०,६३१.० | १,७६०.० | ५.५ | ३.९ |
| ओखलढुङ्गा | ५९,०६६.० | २३,८७०.० | २,३५९.० | ७.२ | ४.० |
| खोटाङ | ६६,५९४.० | ५०,६५४.४ | १,८९३.० | ८.१ | २.८ |
| भोजपुर | ६२,२९९.० | ५६,९०५.० | ४,६२६.० | ७.५ | ७.४ |
| धनकुटा | ४०,७२३.० | ३९,८९५.० | ६,८६८.० | ४.९ | १६.९ |
| तेह्रथुम | ३७,२८२.० | ३०,४२८.० | ७,५६५.० | ४.५ | २०.३ |
| पाँचथर | ६०,२५७.० | ५१,४५०.८ | १०,१८९.० | ७.३ | १६.९ |
| इलाम | ६९,३००.० | ६३,१५०.० | १०,३६०.० | ८.४ | १४.९ |
| झापा | ९८,७१६.० | ९०,०००.० | ५८,६२३.० | १२.० | ५९.४ |
| मोरङ | ११६,९५६.० | १०७,५९९.० | ७८,२१८.५ | १४.२ | ६६.९ |
| सुनसरी | ८१,७५६.० | ७४,३५३.० | ७०,३१५.५ | ९.९ | ८६.० |
| उदयपुर | २८,१६२.३ | २५,७९४.० | २१,१२५.० | ३.४ | ७५.० |
| **जम्मा** | **८२५,६१६.३** | **७१७,११६.३** | **३०१,५२३.०** | **१००** | **३६.५** |

*स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द र सिँचाई डिभिजन कार्यालय*

अघिल्लो आर्थिक वर्षको तुलनामा कुलोबाट सिँचित क्षेत्रफल ४.६ प्रतिशत, नहरबाट सिँचित क्षेत्रफल ०.९ प्रतिशत, बोरिङबाट सिँचित क्षेत्रफल २.० प्रतिशतल र पोखरीबाट सिँचित क्षेत्रफल ६.४ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षमा कुलो, नहर, बोरिङ्ग र पोखरीबाट सिँचित क्षेत्रफल क्रमशः ३.० प्रतिशत, ०.४ प्रतिशत, १.६ प्रतिशत र ११.४ प्रतिशतले बढेको थियो । यस प्रदेशको कुल सिँचित क्षेत्रफलमा कुलो, नहर, बोरिङ्ग र पोखरीको हिस्सा क्रमशः ४०.३ प्रतिशत, ४१.२ प्रतिशत, १६.७ प्रतिशत र १.७ प्रतिशत रहेको छ ।

**तालिका ३.८ : कोशी प्रदेशमा सिँचाइका स्रोतको अवस्था**

| सिँचाइको प्रकार | आर्थिक वर्ष २०८१/८२ | | आर्थिक वर्ष २०८२/८३ | | |
|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | हिस्सा (%) | क्षेत्रफल (हे.) | हिस्सा (%) | वृद्धिदर (%) |
| कुलो | ११६,२६३.० | ३९.६ | १२१,६४३.० | ४०.३ | ४.६ |
| नहर | १२३,२९४.० | ४२.० | १२४,३६२.० | ४१.२ | ०.९ |
| बोरिङ्ग | ४९,३८४.० | १६.८ | ५०,३८९.० | १६.७ | २.० |
| पोखरी | ४,७३२.० | १.६ | ५,०३३.० | १.७ | ६.४ |
| अन्य | ९६.० | ०.० | ९६.० | ०.० | ०.० |
| **जम्मा** | २९३,७६९.० | १०० | ३०१,५२३.० | १०० | २.६ |

*स्रोत: अध्ययन क्षेत्रका जलस्रोत तथा सिँचाई डिभिजन कार्यालय, (आ.व.२०८१/८२ को संशोधित तथ्याङ्क)*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा अघिल्लो वर्षको तुलनामा १.१ प्रतिशतले घटेर रु.५५ अर्ब ६८ करोड ६० लाख रहेको छ । २०८२ असार मसान्तमा यस्तो कर्जा ६.० प्रतिशतले घटेर रु.५६ अर्ब ३० करोड रहेको थियो । कोशी प्रदेशमा २०८३ असार मसान्तसम्म करिब रु.६ खर्ब ३९ अर्ब ३२ करोड २२ लाख कुल कर्जा प्रवाह भएकोमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ८.७ प्रतिशत रहेको छ ।

**तालिका ३.९ : कृषि कर्जाको क्षेत्रगत अवस्था**

| क्षेत्र | कृषि कर्जा (रु करोड) | | वृद्धिदर (%) | कृषि कर्जामा हिस्सा (%) |
|---|---|---|---|---|
| | २०८२ असार | २०८३ असार | | |
| अन्न बाली | ८९२.२ | ९६४.६ | ८.१ | १७.३ |
| तरकारी बाली | २७८.६ | २७९.४ | ०.३ | ५.० |
| चिया/कफी | १८०.४ | १६०.३ | -११.१ | २.९ |
| सूर्ति | १.४ | ०.२ | -८३.३ | ०.० |
| सनपाट | १८५.६ | २१८.६ | १७.७ | ३.९ |
| अन्य नगदे बाली | १९६.४ | २३९.६ | २२.० | ४.३ |
| फलफूल तथा पुष्पखेती | ७२.६ | ७३.४ | १.० | १.३ |
| शीत भण्डारण | ७१.८ | ५९.५ | -१७.० | १.१ |
| कृषि सामाग्री भण्डारण | २०१.४ | २२४.० | ११.२ | ४.० |
| मलखाद तथा किटनासक | १४५.९ | १४९.१ | २.२ | २.७ |
| पशुपालन/पशु वधशाला | १,०७७.१ | १,०४०.० | -३.४ | १८.७ |
| पन्क्षीपालन | ४७०.० | ४३०.४ | -८.४ | ७.७ |
| माहुरीपालन | १९.१ | १७.४ | -९.२ | ०.३ |
| अन्य कृषि तथा कृषिजन्य सेवा | १,५८७.२ | १,४७४.७ | -७.१ | २६.५ |
| सिँचाई | १.० | १.८ | ७१.१ | ०.० |
| वन | ९८.९ | ९६.७ | -२.३ | १.७ |
| बीउ | १८.४ | ११.७ | -३६.६ | ०.२ |
| माछापालन सम्बन्धी | १३२.० | १२७.३ | -३.५ | २.३ |
| **जम्मा** | **५,६३०.०** | **५,५६८.६** | -१.१ | **१००** |

*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८३ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न शीर्षकहरूमा जिल्लागत रुपमा प्रवाहित कर्जा मोरङ जिल्लामा सबैभन्दा बढी रु.२० अर्ब ९० करोड ३५ लाख (३७.५ प्रतिशत) र ताप्लेजुङ जिल्लामा सबैभन्दा कम रु.३६ करोड ७२ लाख (०.७ प्रतिशत) रहेको छ।

यसगरी आर्थिक वर्ष २०८२/८३ मा कृषि कर्जा प्रवाह सबैभन्दा बढी सिंचाईमा ७१.१ प्रतिशत, अन्य नगदे बालीमा २२ प्रतिशत र सनपाटमा १७.७ प्रतिशत बृद्धी भएको छ भने, सबैभन्दा बढी सुर्तिमा ८३.३ प्रतिशत, विउविजनमा ३६.६ प्रतिशत, सितभण्डारणमा १७ प्रतिशतले घट्न गएको छ।

**चार्ट ३.३ : जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था**




*स्रोत : नेपाल राष्ट्र बैंक,* सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.६.१ चुनौतीहरु

१. यस प्रदेशका पहाडी जिल्लाहरुमा श्रमशक्तिको अभाव भई खेतीयोग्य जमिन बाँझो रहनु तथा तराईको खेतीयोग्य जमिन अव्यवस्थित सहरीकरणका कारण खण्डीकरण हुँदै जाने प्रवृत्तिलाई रोकथाम गर्न पहाड र तराईका जिल्लामा सन्तुलित विकासको नीति कार्यान्वयन गर्नु ।

२. रोजगारीका लागि विदेश जाने युवाहरुलाई प्रदेश मै उच्च प्रतिफल प्राप्त हुने कृषि उत्पादनतर्फ आकर्षित गर्नु ।

३. खुला सिमानाको कारण कम गुणस्तरका सस्ता कृषि उपजहरुको अवैध पैठारी रोकी स्वदेशमै उत्पादित उच्च गुणस्तर कृषि उपजहरुको प्रतिस्पर्धि क्षमता बढाउनु ।

४. कृषि क्षेत्रको विकासका लागि सरकारद्धारा संचालन गरिएका अनुदान कार्यक्रमलाई यर्थाथमुखी बनाउँदै अनुदानलाई उत्पादनसँग आवद्ध गर्नु ।

५. कृषि क्षेत्रको बाली बीमा कार्यक्रमलाई पूर्ण र व्यापक रुपमा कार्यान्वयन गर्ने । पशु बीमा कार्यक्रमअन्तर्गत बीमा भुक्तानी प्रणालीलाई सरल र वास्तविक समयमा उपलब्ध हुने व्यवस्था गर्नु ।

६. क्रमिक रुपमा विस्तार हुँदै गईरहेको व्यावसायिक किवि, एभोकाडो, मेकाडियन नट, ड्रागन फल आदिको उत्पादनलाई बजार सुनिश्चितता गरी व्यवसायमा निरन्तर रहिरहने वातावरण सिर्जना गर्नु ।

७. प्रदेशको पहिचानको रुपमा रहेको अर्गानिक चियालाई अर्गानिक प्रमाणपत्र प्रदान गर्दै अर्न्तराष्ट्रिय रुपमा स्वीकार योग्य बनाई ब्राण्डिङ गर्नु ।

८. जलवायु परिवर्तनका कारण समयमा वर्षा नहुने, बेमौसमी वर्षा, हावाहुरी, खडेरी तथा तापमान वृद्धिका कारण धान, मकै, कोदो लगायतका अन्य कृषि बालीको फूल र फल लाग्ने नियमित प्रक्रियामा आएको उत्परिवर्तनको नियन्त्रण गरी उत्पादन वृद्धि गर्नु ।

९. कृषकहरुलाई बाली लगाउने समयमा सर्वसुलभ मूल्यमा रासायनिक मल, उन्नत बीउ, आधुनिक खेती प्रणालीका लागि आवश्यक प्रविधि तथा उपकरण उपलब्ध गराउँदै निर्वाहमूखी खेती प्रणालीलाई सुधार गर्दै व्यवसायिक खेती प्रणालीमा रुपान्तरण गर्नु ।

१०. रासायनिक मलको अधिक र अविवेकशील प्रयोगबाट माटोको उर्वराशक्तिमा पर्ने नकारात्मक प्रभावका बारेमा चेतना जागृत गर्दै वैज्ञानिक तवरले रासायनिक मलको प्रयोग गर्ने वातावरण सिर्जना गर्नु तथा प्राङगारिक मलको उत्पादन तथा प्रयोग बढाउँदै लैजानु ।

११. कृषि उपजहरुको उत्पादन वृद्धि गर्न तथा उत्पादित उपजहरु नबिग्रियोस् भनी भण्डारण गृहमा आयु बढाउनका लागि मानव स्वास्थ्यलाई असर गर्न सक्ने रासायनिक पदार्थहरुको प्रयोगलाई न्यूनीकरण गर्नु ।

१२. कृषि उपज तथा तरकारीमा उत्पादनदेखि अन्तिम उपभोक्तासम्म कायम रहेको मध्यस्थकर्ताहरुको तहगत मूल्य श्रृङ्खलामा कृषकहरुलाई अधिकतम प्रतिफल प्राप्त गर्ने प्रणाली बनाउने ।

१३. शीत भण्डारण/भण्डारण गृह, कृषि उत्पादन संकलन केन्द्र निर्माण गर्नु तथा निर्माण भएका शीतभण्डारण गृह पूर्ण क्षमतामा सञ्चालन गरी कृषि उत्पादनको समयानुकूल उचित मूल्य प्रदान गर्नु तथा भण्डारण गृह र बजार अभावमा कृषि उत्पादन बारीमा नै खेर गइरहको अवस्थालाई न्यूनीकरण गर्दै कृषि उपजको बजारीकरण गर्नु ।

१४. माटोको गुणस्तर/उर्वराशक्ति परीक्षण गरी उपयुक्त बाली छनोटका साथै बीउबीजन तथा उत्पादनको परीक्षण गर्ने प्रयोगशालामा पहुँचको विस्तार प्रत्येक स्थानीयतहसम्म गर्नु ।

१५. मानव स्वास्थ्यका दृष्टिकोणले स्वस्थ्यकर तथा विभिन्न रोग र महामारीबाट जोगिन सक्ने क्षमता भएका स्थानीय रैथाने जातका बाली तथा पशुजन्य उत्पादनको संरक्षण गरी यसको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

१६. संघीय, प्रदेश तथा स्थानीयतहका विभिन्न निकायमा छरिएर रहेका कृषि सम्बन्धी दक्ष प्राविधिक जनशक्तिले प्रदान गर्ने सेवा स्थानीय कृषकहरुको पहुँचलाई थप सहज बनाउनु ।

१७. सहुलियतपूर्ण कृषि तथा पशुपन्क्षी कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गराउनु ।

१८. कोशी प्रदेशमा कुल खेतीयोग्य जमिनको ३६.५ प्रतिशत क्षेत्रमा मात्र सिँचाइ सुविधा पुगेको हुँदा सिँचाइ सुविधा थप विस्तार गर्नु ।

१९. कठिन भू-बनौट अनुकुल सिँचाइ पूर्वाधारको विकास गरी मौसमी निर्भरता अन्त्य गर्दै जानु ।

### ३.६.२ सम्भावना

**कृषि**

१. धान, मकै, गहुँ जस्ता प्रमुख बालीहरुका लागि उर्वर भूमी रहेको यस प्रदेशका झापा, मोरङ, सुनसरी लगायतका जिल्लाहरुमा परम्परागत रुपमा भईरहेको निर्वाहमुखी खेतीलाई आधुनीकिकरण, यान्त्रीकरण र व्यवसायीकरण गर्दै समयमै आवश्यक कृषिजन्य बिउ, मल र किटनाषक औषधी उपलब्ध गराउन सके उत्पादन तथा उत्पादकत्व वृद्धि भई खाद्यान्न आयात कम गर्न सकिने सम्भावना छ ।

२. यस प्रदेशको इलाम, पाँचथर, धनकुटा र संखुवासभा जिल्लाहरुमा क्रमिक रुपमा बिस्तार हुँदै गएको व्यावसायिक किवी खेती, एभोकाडो, अकबरे खोर्सानी, रुद्राक्ष, कफी खेती व्यवसायले स्थानीय स्तरमा रोजगारीको सृजना हुनुका साथै कृषिजन्य आयातलाई प्रतिस्थापन गर्ने सम्भावना रहेको छ ।

३. कन्याम, श्री अन्तु, भेडेटार, बसन्तपुर जस्ता सुन्दर पहाडी पर्यटकीय स्थलहरु (Hill Stations) प्रशस्त रहेको यस प्रदेशमा कृषि पेशालाई पर्यटन व्यवसायसँग अन्तरआवद्ध गरी कृषि पर्यटनको विकास गर्न सकिने प्रशस्त सम्भावना छ ।

४. यस प्रदेशमा सञ्चालनमा रहेका अर्गानिक टि उद्योगको उत्पादनलाई ब्राण्डिङ गरी तेस्रो मुलुकमा निर्यात गर्न सकिने सम्भावना रहेको तथा भारतीय बजारमा रहेको अत्याधिक निर्भरता घटाउन सकिने देखिन्छ ।

५. उत्तिस, सल्ला, चिलाउने, टिक, मसला, साल, सिसौ, जस्ता वन पैदावारको व्यावसायिक बिस्तारले एकातिर यस प्रदेशको पर्यावरणमा अनुकुल असर पर्न सक्ने सम्भावना देखिन्छ भने अर्कोतिर काठ र फर्निचरजन्य उद्योगहरुलाई कच्चा पदार्थको आपुर्ति भई उद्योग र कृषिबीच अग्र र पृष्ठ सम्बन्ध स्थापना हुने सम्भावना देखिन्छ ।

६. उद्योग-कृषक करार खेतीको अवधारणाको विकास र सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्था गर्न सके कृषिजन्य कच्चा पदार्थमा आत्मनिर्भर भई कृषिजन्य उद्योगहरुको दिगो विकास हुने सम्भावना देखिन्छ ।

७. तीव्र बसाइँसराइका कारण बाँझो रहेका पहाडी क्षेत्रका जमिनमा लोठ सल्ला, चिराइतो, टिमुर, पाखनवेद, ठूलो ओखती, सुनाखरी फूल, हाड-जोडाको व्यावसायिक खेती गरी आयुर्वेदिक औषधीका लागि आवश्यक कच्चा पदार्थको आपूर्ति गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

८. यस प्रदेशमा कृषि व्यवसायलाई आवश्यक पर्ने रासायनिक तथा प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग, कृषिजन्य उत्पादन भण्डारण गर्ने चिस्यान केन्द्र आदिको स्थापना हुन सके कृषि व्यवसायको उत्पादन र उत्पादकत्व बढ्न सक्ने सम्भावना देखिन्छ ।

९. पूर्व-पश्चिम लोकमार्ग र हुलाकी राजमार्गको स्तरोन्नति, मध्य पहाडी लोकमार्ग, मदन भण्डारी राजमार्गका साथै मुख्य राजमार्गसँग जोडने अन्य सहायक मार्गहरुको तीव्र गतिमा भइरहेको निर्माणले सडक सञ्जालको बिस्तार भई यस प्रदेशमा उत्पादन भएका कृषिजन्य उपज तथा तरकारी देशका विभिन्न स्थानहरुमा सहज आपुर्ति हुने सम्भावना रहेको देखिन्छ ।

१०. कोशी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०८३/८४ को बजेट वक्तव्यमा कृषि उपजको प्रशोधन तथा बजारीकरण गरी व्यवसाय विस्तार गर्न कृषि कर्जामा ब्याज अनुदान प्रदान गर्न बजेट विनियोजन भएकोले कृषिजन्य व्यवसाय विस्तार हुने सम्भावना रहेको छ ।

**पशुपन्छी तथा मत्स्यपालन**

१. यस प्रदेशमा कृषि बाली तथा पशुधन बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सके व्यावसायिक कृषि तथा पशुपालन व्यवसायमा विद्यमान रहेको जोखिम न्यूनीकरण भई यस क्षेत्रमा आकर्षण बढने सम्भावना देखिन्छ ।

२. यस क्षेत्रमा सञ्चालनमा रहेका पोल्ट्री फार्म र माछापालन व्यवसायलाई प्रोत्साहन गर्न सके छिमेकी मुलुक भारतबाट गैरकानूनी रुपमा भित्रने ब्रोइलर कुखुरा, अण्डा र फर्मालिन हालेका माछा नियन्त्रित भई यस प्रदेशका जनताको जीवनस्तर तथा स्वास्थ्यमा सुधार हुने सम्भावना देखिन्छ ।

३. कोशी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०८३/८४ को बजेट वक्तव्यमा खोरेत तथा अन्य महामारीजन्य रोग नियन्त्रण तथा उन्मूलनका लागि बजेट विनियोजन भएकाले पशु महामारी रोकथाम भई पशुजन्य उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ । साथै पशुपन्छी र माछापालन व्यवसाय वृद्धि गर्न बजेट विनियोजन भएकोले माछा, मासु तथा दुग्धजन्य उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।

**सिँचाइ**

१. पहाडी दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत विद्युत तथा सोलार सुविधाको पहुँच पुगेको र सदाबहार बग्ने नदीबाट विद्युत तथा सोलार मार्फत लिफ्टिङ प्रविधिको प्रयोग गरी सुख्खा जमिनमा समेत सिँचाइ सुविधा पुग्नसके कोशी प्रदेशको समग्र कृषि बालीको उत्पादन वृद्धि गर्न सकिने ।

२. यस प्रदेशको अन्न भण्डारको रुपमा परिचित झापा, मोरङ र सुनसरी जिल्लाहरुमा ठूला सिँचाइ परियोजना सञ्चालन तथा पहाडी जिल्लाहरुमा साना सिँचाइ कार्यक्रम सञ्चालन गर्ने प्रादेशिक नीतिको कार्यान्वयन हुन सके कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढ्न सक्ने सम्भावना रहेको देखिन्छ ।

३. यस प्रदेशमा अवस्थित निरन्तर रुपमा जल प्रवाह हुनसक्ने ठूला नदीनालाहरुको आसपासमा जलासय निर्माण गरी सिँचाइ क्षेत्रको बिस्तारका साथै जल यातायात, माछापालन, जल पर्यटन/मनोरञ्जन आदिको विकास गर्दै बहुआयामिक फाइदा लिन सकिने सम्भावना देखिन्छ ।

४. कोशी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०८३/८४ को बजेट वक्तव्यमा यस प्रदेशको अठ्तीस निर्वाचन क्षेत्रहरुको लागि प्रति क्षेत्र एक करोड रुपैयाँको सिँचाइ आयोजनाको लागि बजेट विनियोजन भएकोले बजेट कार्यान्वयन भए प्रदेशको सिँचित क्षेत्रफल वृद्धि हुने सम्भावना रहेको छ ।

## बक्सः १ गौमय

विराटनगरमा सञ्चालित 'गौमय' स्थानीय जैविक स्रोतलाई दैनिक उपभोग्य वस्तुमा रूपान्तरण गर्ने सामाजिक उद्यमका रूपमा विकसित हुँदै आएको छ। व्यवस्थापनमा स्नातक युवा उद्यमी बेबिना दाहालको नेतृत्वमा सञ्चालित यस उद्यमले गाईको गोबर, गौमूत्र तथा प्राकृतिक वनस्पतिजन्य सामग्रीको प्रयोग गरी धूप, डिजाइनर दियो, मोबाइल स्ट्यान्ड, जैविक गमला, मूर्ति लगायत ४० भन्दा बढी प्रकारका वस्तुहरु उत्पादन गर्दै आएको छ। यसले स्थानीय स्रोतको उपयोग, फोहोरको पुनःप्रयोग तथा वातावरणमैत्री उत्पादनलाई व्यावसायिक गतिविधिसँग जोडेको देखिन्छ।

उद्यमले करिब रु.३५ लाख प्रारम्भिक पुँजीबाट व्यवसाय सुरु गरेको र उत्पादनको गुणस्तर तथा क्षमता बढाउन आधुनिक मेसिनरीहरुको प्रयोग गर्न थालेको छ। आगामी चरणमा थप रु. ७५ लाख लगानी गरी उत्पादन क्षमता विस्तार गर्ने योजना रहेको देखिन्छ। संस्थाको प्रक्षेपणअनुसार पहिलो, दोस्रो र तेस्रो वर्षमा क्रमशः रु.५० लाख, रु.७५ लाख र रु.१.५ करोड बिक्री आम्दानी तथा क्रमशः रु.२.५ लाख, रु.१२ लाख र रु.२० लाख खुद नाफा हासिल गर्ने लक्ष्य रहेको देखिन्छ।








रोजगारी तथा स्थानीय आर्थिक गतिविधिका दृष्टिले पनि उद्यमको सम्भावना देखिन्छ। हाल ८ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरिरहेको संस्थाले आगामी तीन वर्षमा रोजगारी संख्या ५० पुऱ्याउने लक्ष्य राखेको छ। त्यसैगरी, हाल १० जना किसानसँग सहकार्य गरिरहेकोमा आपूर्ति शृंखलालाई विस्तार गरी १०० भन्दा बढी किसानलाई समेट्ने योजना रहेको छ। गाईको गोबर खरिदमार्फत दूध उत्पादन नगर्ने तथा वृद्ध गाईबाट समेत आर्थिक मूल्य सिर्जना गर्ने प्रयासले कृषि तथा गैरकृषि गतिविधिबीचको सम्बन्धलाई थप बलियो बनाउन सक्ने देखिन्छ।

'गौमय'को व्यावसायिक मोडेलमा चक्रीय अर्थव्यवस्था (Circular Economy) का केही प्रमुख तत्वहरू देखिन्छन्। सामान्यतः फोहोरका रूपमा लिइने जैविक पदार्थलाई कच्चा पदार्थका रूपमा प्रयोग गरी नयाँ वस्तु उत्पादन गर्नुले स्रोतको पुनःप्रयोग र स्थानीय मूल्य अभिवृद्धिलाई प्रोत्साहन गर्छ। यसबाट प्लास्टिक तथा अन्य गैर-जैविक सामग्रीका केही विकल्प विकास हुनुका साथै स्थानीय उत्पादन र उपभोगलाई समेत टेवा पुग्न सक्दछ।

उद्यमले विराटनगरबाट सुरु भएको व्यवसायलाई नेपालका विभिन्न जिल्लामा विस्तार गर्नुका साथै भारत, अमेरिका, अस्ट्रेलिया तथा युरोपेली बजारमा प्रवेश गर्ने लक्ष्य लिएको छ। सम्पूर्ण आर्थिक कारोबार औपचारिक बैंकिङ

प्रणालीमार्फत सञ्चालन गर्ने अभ्यासले व्यवसायको वित्तीय पारदर्शिता र औपचारिकीकरणमा समेत योगदान पुऱ्याउन सक्छ ।

समग्रमा, गौमयको गतिविधिले स्थानीय जैविक स्रोतलाई व्यावसायिक मूल्यमा रूपान्तरण, रोजगारी सिर्जना, किसानसँगको आपूर्ति सम्बन्ध, महिला सहभागिता तथा वातावरणमैत्री उत्पादनलाई एउटै व्यावसायिक मोडेलमा जोड्ने प्रयास देखाउँछ । यस प्रकारका उद्यमको विकासले स्थानीय स्रोतमा आधारित मूल्य शृंखला विस्तार गर्नुका साथै हरित तथा चक्रीय अर्थव्यवस्थातर्फ योगदान पुऱ्याउन सक्ने सम्भावना देखिन्छ ।

*स्रोत : गौमय, विराटनगर-५, तस्बिरः गौमय*

# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी

### ४.१.१ उद्योगको क्षमता उपयोग

आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशका नमुना छनोटमा समेटिएका २५ वटा उद्योग समूह अन्तर्गत रहेका ४३ वटा उद्योगहरूमध्ये ४२ वटाको भारित औसत क्षमता उपयोग ४३.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त उद्योगहरूको भारित औसत क्षमता उपयोग ४१.८ प्रतिशत रहेको थियो। नमुना छनोटमा परेका उद्योगहरूमध्ये भटमासको तेल उत्पादन गर्ने उद्योगको क्षमता अधि-उपयोग भएकाले ११८.० प्रतिशत पुगेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको सबैभन्दा कम ६.५ प्रतिशत क्षमता उपयोग रहेको छ।

अध्ययनमा समावेश उद्योग समूहहरूको क्षमता उपयोगको अवस्था हेर्दा भटमासको तेल, तोरीको तेल, टायर तथा ट्यूब, ईंटा, धागो, चाउचाउ, बिस्कुट, चिनी, प्लाष्टिकका सामान, गार्मेन्ट, चप्पल, प्रशोधित चिया र जुटका सामान उत्पादन गर्ने उद्योग समूहहरुको क्षमता उपयोग तुलनात्मक रुपमा उच्च रहेको छ भने वनस्पति घिउ, घरेलु धातुका सामान, सिमेण्ट, जि.आई तार, साबुन, चामल, प्रशोधित दूध, फलामको छड, पत्ति तथा समानहरू, पशुदाना, कागज, कच्चा छाला र सिन्थेटिक कपडा उत्पादन गर्ने उद्योग समूहहरूको क्षमता उपयोग तुलनात्मक रुपमा न्यून रहेको छ। औसतमा ५० प्रतिशत वा सो भन्दा बढी क्षमता उपयोग रहेका उद्योग समूहहरू १३ वटा रहेका छन् भने ५० प्रतिशत भन्दा कम क्षमता उपयोग रहेका उद्योग समूहहरू १२ वटा रहेका छन्।

**चार्ट ४.१ : उद्योग समूहहरुको क्षमता उपयोगको अवस्था (प्रतिशत)**




*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरू (कच्चा छाला उत्पादन गर्ने उद्योग समुहहरूमध्ये नेपाल टेनिङ्ग उद्योगबाट उत्पादनको तथ्याङ्क प्राप्त गर्न नसकिएको)*

### ४.१.२ उद्योगको उत्पादन

यस अध्ययनमा समेटिएका उद्योगहरूको उत्पादनमध्ये वनस्पती घिउ, तोरीको तेल, भटमासको तेल, चामल, पशुदाना, चिनी, चाउचाउ, धागो, सिन्थेटिक कपडा, प्लाष्टिकका सामान र घरेलु धातुका सामानको उत्पादनमा वृद्धि भएको छ भने प्रशोधित दूध, बिस्कुट, प्रशोधित चिया, गार्मेन्ट, कच्चा छाला, कागज, साबुन, ईंटा, सिमेण्ट, फलामका छड, पत्ति तथा सामानहरू, जि.आई. तार, टायर तथा ट्युब र चप्पलको उत्पादनमा ह्रास आएको छ। बजार मागमा आएको कमी तथा अयातित वस्तुहरूसँग मूल्य प्रतिस्पर्धी हुन नसकेको कारण अधिकांश उद्योगहरूको उत्पादन क्षमता घटेको देखिन्छ।

**तालिका ४.१ : अध्ययनमा समावेश भएका उद्योगहरुको उत्पादन अवस्था**

| उत्पादित वस्तुको नाम | एकाइ | उत्पादन | | वृद्धिदर (%) |
|---|---|---|---|---|
| | | २०८२ असार | २०८३ असार | |
| वनस्पती घिउ | मे.टन | २,०९९.० | २,७३९.० | ३०.५ |
| तोरीको तेल | मे.टन | ३,४५२.० | ३,८६२.० | ११.९ |
| भटमासको तेल | मे.टन | ४०,६००.० | ५८,९९१.० | ४५.३ |
| प्रशोधित दूध | हजार लिटर | ५,३६१.० | ४,५८७.० | -१४.४ |
| चामल | मे.टन | १,०७४.० | १,३७६.० | २८.१ |
| पशुदाना | मे.टन | २२,६००.० | २६,०००.० | १५.० |
| बिस्कुट | मे.टन | ६,११८.० | ४,७४३.० | -२२.५ |
| चिनी | मे.टन | १५,३९८.० | १७,४८५.० | १३.६ |
| चाउचाउ | मे.टन | २६,०९०.० | २९,३८७.० | १२.६ |
| प्रशोधित चिया | मे.टन | ४,९४३.० | ४,१६०.० | -१५.८ |
| धागो | मे.टन | ३३,४८७.० | ३३,९७१.० | १.४ |
| सिन्थेटिक कपडा | हजार मिटर | ६,७९६.० | ६,९०२.० | १.६ |
| गार्मेण्ट | हजार थान | ८१.० | ८०.० | -१.२ |
| जुटका सामान | मे.टन | ३७,४५७.० | १७,२७२.० | -५३.९ |
| कच्चा छाला | हजार वर्ग फुट | २,७८२.० | २,६४७.० | -४.९ |
| कागज | मे.टन | ८,९६५.० | ३,५३५.० | -६०.६ |
| साबुन | मे. टन | ८,७६०.० | ७,३४८.० | -१६.१ |
| प्लाष्टिकका सामान | मे..टन | १,५९८.० | १,८३०.० | १४.५ |
| ईंटा | दस लाख गोटा | ७६.० | २४.० | -६८.४ |
| सिमेण्ट | मे.टन | ८३,९४६.६ | ८०,१८८.५ | -४.५ |
| फलामको छड, पत्ति तथा सामानहरु | मे. टन | ११०,९३७.० | ८३,७८५.० | -२४.५ |
| जि.आई तार | मे. टन | १५,१११.० | ११,४३९.० | -२४.३ |
| घरेलु धातुका सामान | मे. टन | ४०.० | १५५.० | २८७.५ |
| टायर तथा ट्यूव | सेट | ७८,९५५.० | ६९,११८.० | -१२.५ |
| चप्पल | जोर | ५,५८४,७८८.० | ४,११५,०९५.० | -२६.३ |

*स्रोत: अध्ययनमा समावेश उद्योगहरु*

### ४.१.३ औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था

आर्थिक वर्ष २०८२/८३ मा यस अध्ययनमा समेटिएका उद्योगहरूमा कार्यरत श्रमिकको संख्या अघिल्लो वर्षको तुलनामा २.१ प्रतिशतले घटेर १६ हजार ९ सय ६२ जना रहेको छ। गत वर्ष यस्तो श्रमिकको संख्या २.२ प्रतिशतले बढेको थियो । अघिल्लो वर्षको तुलनामा सुनसरी जिल्लामा रहेका उद्योगहरूमा १.४ प्रतिशत श्रमिकले रोजगारी पाएका छन् भने मोरङ, झापा, इलाम र उदयपुर जिल्लामा रहेका उद्योगहरूबाट क्रमशः ७.० प्रतिशत, ३.१ प्रतिशत, ५.७ प्रतिशत र १४.६ प्रतिशत श्रमिकले रोजगारी गुमाएका छन् । कुल कार्यरत श्रमिकहरुमध्ये ६९ प्रतिशत पुरुष र ३१ प्रतिशत महिला श्रमिक रहेका छन् भने राष्ट्रियताको आधारमा श्रमिकहरुमध्ये ९३ प्रतिशत स्वदेशी र ७ प्रतिशत विदेशी श्रमिक रहेका छन् ।

**तलिका ४.२ : जिल्लागत औद्यौगिक रोजगारीको अवस्था**

| जिल्ला | श्रमिक संख्या | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| सुनसरी | ९,१८३ | १०,००४ | १०,१४२ | ८.९ | १.४ |
| मोरङ | ६,८३४ | ६,५५६ | ६,०९९ | -४.१ | -७.० |
| झापा | ५२० | ४१६ | ४०३ | -२०.० | -३.१ |
| उदयपुर | २६४ | १९९ | १७० | -२४.६ | -१४.६ |
| इलाम | १५७ | १५७ | १४८ | ०.० | -५.७ |
| **जम्मा** | **१६,९५८** | **१७,३३२** | **१६,९६२** | २.२ | -२.१ |

*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरू*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८३ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले यस प्रदेशमा प्रवाह गरेको कुल औद्योगिक कर्जा अघिल्लो वर्षको तुलनामा ८.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ७३ अर्ब ८२ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा १५.० प्रतिशतले वृद्धि भई रु.१ खर्ब ६० अर्ब ६४ करोड रहेको थियो। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक कर्जाको अंश २७.२ प्रतिशत रहेको छ । जिल्लागत औद्योगिक कर्जा प्रवाहमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी रु.१ खर्ब २३ अर्ब २७ करोड (७०.९ प्रतिशत), सुनसरी जिल्लामा २२ अर्ब ६० करोड (१३.० प्रतिशत) र झापा जिल्लामा २२ अर्ब ५८ करोड (१३.० प्रतिशत) कर्जा लगानी रहेको छ। यसरी जिल्लागत औद्योगिक कर्जा प्रवाहको ठूलो हिस्सा मोरङ, सुनसरी र झापामा रहेको छ भने अन्य जिल्लाहरूमा थोरै कर्जा प्रवाह भएको देखिन्छ ।

यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये निर्माण उद्योगमा २४.० प्रतिशतले, विद्युत ग्यास तथा पानी उद्योगमा १४.० प्रतिशतले, खानी सम्बन्धी उद्योगमा १०.८ प्रतिशतले, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ८.६ प्रतिशतले र कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा ६.३ प्रतिशतले कर्जा बढेको छ भने धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उद्योगमा १.३ प्रतिशतले कर्जा घटेको छ । समीक्षा वर्षमा प्रवाहित औद्योगिक कर्जामध्ये गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगको हिस्सा ५०.१ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगको हिस्सा ३६.७ प्रतिशत, निर्माण उद्योगको हिस्सा ७.२ प्रतिशत, धातु उत्पादन,

मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उद्योगको हिस्सा ४.८ प्रतिशत, विद्युत ग्यास तथा पानी उत्पादन सम्बन्धी उद्योगको हिस्सा ०.८ प्रतिशत र खानी सम्बन्धी उद्योगको हिस्सा ०.४ प्रतिशत रहेको छ ।

**तालिका ४.३ : औद्योगिक कर्जाको क्षेत्रगत हिस्सा**

| क्षेत्र | औद्योगिक कर्जा (रु. करोड) | | | वृद्धिदर (%) | | हिस्सा (%) |
|---|---|---|---|---|---|---|
| | २०८१ असार | २०८२ असार | २०८३ असार | २०८१/८२ | २०८२/८३ | |
| खानी सम्बन्धी | ६५.३५ | ५४.९८ | ६०.९३ | -१५.९ | १०.८ | ०.४ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ४,७००.१९ | ६,००१.६३ | ६,३७६.९६ | २७.७ | ६.३ | ३६.७ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ७,३८७.७६ | ८,०२६.२४ | ८,७१३.५३ | ८.६ | ८.६ | ५०.१ |
| निर्माण | ९४३.६४ | १,००८.१२ | १,२५०.५७ | ६.८ | २४.० | ७.२ |
| विद्युत, ग्यास तथा पानी | ८०.८२ | १२६.४० | १४४.१० | ५६.४ | १४.० | ०.८ |
| धातुका उत्पादन, मेसिनरी र ईलेक्ट्रोनिक | ७८८.२९ | ८४७.२४ | ८३६.१३ | ७.५ | -१.३ | ४.८ |
| **कुल औद्योगिक क्षेत्र कर्जा** | १३,९६६.०५ | १६,०६४.६२ | १७,३८२.२२ | १५.० | ८.२ | १०० |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ४.३.१ चुनौतीहरू

१. सञ्चालित उद्योगहरू कच्चा पदार्थका लागि भारत तथा तेस्रो मुलुकमा परनिर्भर रहेकाले कच्चा पदार्थको आयातमा सीमा नाका, ढुवानी तथा भन्सार प्रक्रियामा सहजीकरण गरी गुणस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्दै औद्योगिक उत्पादनलाई आयातित वस्तुहरूसँग क्रमशः प्रतिस्पर्धी गर्न सक्ने बनाउनु ।

२. युवा जनशक्तिको विदेश पलायन, आर्थिक गतिविधि अपेक्षाकृत चलायमान हुन नसक्नु, दक्ष औद्योगिक श्रमशक्तिको अभाव, गुणस्तरीय विद्युत आपूर्तिको समस्या, खुला सिमाना, विनिमय दरमा उतारचढाव, उद्योगी तथा व्यवसायीहरूको कमजोर मनोबल आदिको कारण थप उद्योग स्थापना तथा उत्पादकत्व वृद्धिको कार्य गर्न ।

३. अलैंची, चिया, अदुवा, कफी, अल्लो, चिरैतो जस्ता उच्च मूल्यका कृषि उपजहरूसँग सम्बन्धित उद्योगहरुको पहिचान र स्थापना गर्न उत्प्रेरित गर्ने र निर्यात प्रवर्द्धन गर्ने ।

४. विश्व बजारमा आपूर्तिजन्य असहजता कायमै रहेको अवस्था, करका प्रावधानहरू परिवर्तन भई रहेको अवस्था, भारतको आफ्ना उद्योगको संरक्षणमुखि कर नीति, भारतमा निर्यात हुने केही वस्तुहरू (स्टील, सिमेन्ट, प्लास्टिक, विद्युतीय समग्री) आदिमा BIS Certification को अनिवार्यता लगायतका कारण प्रदेशमा स्थापित निर्यातजन्य उद्योगहरूको स्थायित्व चुनौतिपूर्ण रहेको ।

५. स्वदेशी कच्चा पदार्थको उपलब्धता र उपयोग सुनिश्चित गर्दै कृषक र उद्योगीबीच आधारभूत तहबाटै मूल्य श्रृंखलायुक्त (Value Chain) र अग्र-पृष्ठ ( Forward and Backward Linkage) को दिगो सञ्जाल निर्माण र विकास गर्नु ।

### ४.३.२ सम्भावनाहरू

१. यस प्रदेशमा कोशी प्रदेश सरकार र स्वीट्जरल्याण्ड सरकारको संयुक्त साझेदारीमा सञ्चालित उदय परियोजनाले यस प्रदेशका साना तथा मझौला (SMEs) उद्योगहरूको विकासका लागि उदय ग्यारेण्टी कोष, सहुलियतपूर्ण ऋण सुविधा, नवप्रवर्तन प्रवर्द्धनका लागि च्यालेन्ज फण्ड (Challenge Fund), व्यावसायिक दक्षता र क्षमता अभिवृद्धि सम्बन्धी तालिम जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने भएकाले उक्त कार्यक्रममार्फत साना तथा मझौला उद्योगहरूको विकास र विस्तार हुँदै जान सक्ने ।

२. विराटनगर-कोलकाता रेल कार्गो सञ्चालनले सुनसरी-मोरङ औद्योगिक करिडोरका ठूला उद्योगहरूको ढुवानी लागत घटाई उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउनुका साथै अन्तर्राष्ट्रिय व्यापारलाई सहज बनाउन सक्ने प्रचुर सम्भावना रहेको ।

३. भारतसँगको निकटता र एकीकृत जाँच चौकी (ICP) को सुविधाको कारण यस प्रदेशमा सञ्चालित उद्योगहरूलाई कच्चा पदार्थ आयात गर्न र उत्पादित सामान सहजै निर्यात गर्न सजिलो भएकाले थप उद्योगहरूको स्थापना र विकास हुन सक्ने ।

४. विद्युत ट्रिपिङ र न्यून भोल्टेजको समस्या समाधान गर्न नेपाल सरकारले राष्ट्रिय प्रसारण लाइन र सबस्टेसनहरूको विकास र विस्तार गर्ने योजना अगाडी बढाएकोले उद्योगहरूले पर्याप्त, सस्तो र भरपर्दो विद्युत प्राप्त गर्ने भएकाले उनीहरूको उत्पादन क्षमता बढ्न सक्ने ।

## बक्स २ : कञ्चनजंघा कफी उद्योग

कन्काई नगरपालिका वडा नं. १ निवासी दिपक पोखरेलले वि.सं.२०७४ सालमा झापाको बिर्तामोडमा “1990’S Coffee” नामक कफी क्याफेमार्फत कफी व्यवसाय क्षेत्रमा आफ्नो यात्रा सुरु गर्नु भयो। आम ग्राहकहरुको कफी प्रतिको नयाँ रुचिले थप उत्साहित भई नेपाली कफीलाई प्राथमिकता दिने उदेश्यले किसानबाट कच्चा कफी संकलन गरी प्रशोधन, रोष्टरिङ, प्याकेजिङ तथा वितरण देखी कपमा बिक्री वितरण गर्ने तथा नेपाली कफीलाई विश्वसामु चिनाउने उद्देश्यले व्यवसायलाई थप विस्तार गर्न २०७८ साल देखि सुरुङ्गामा गोदाम तथा प्रशोधनका लागि ९०० वर्गफिट क्षेत्रफल भएको कोठा भाडामा लिई कफी उद्योग शुरु गरेकोमा हाल करिब १६०० वर्गफिटको घरमा विस्तार हुँदा रु.४० लाख लगानी भएको छ। कफी रोस्टिङ व्यवसाय सुरु गर्ने प्रारम्भिक चरणमा कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयको स्टार्टअप अनुदानले व्यवसाय स्थापना तथा आवश्यक उपकरण व्यवस्थापनमा महत्वपूर्ण सहयोग पुर्‍याएको तथा गत आर्थिक वर्षमा व्यावसायिक गतिविधिलाई निरन्तरता दिन आवश्यक चालु पुँजीको रुपमा औद्योगिक विकास प्रतिष्ठानबाट सहुलियतपूर्ण ऋण प्राप्त गरी सुरुङ्गाको डाँडागाउँ बजारमा उन्नत कफी रोस्टिङ र कफी प्याकेजिङ गरी नेपाली बजारमा बिक्री वितरण कार्य गरिरहेको यस उद्योगले अन्तर्राष्ट्रिय स्तरमा समेत नेपाली कफी निर्यात गर्ने तयारी गरिरहेको छ।




यस उद्योगले आर्थिक वर्ष २०८२/८३ मा कुल करिब १० मे.टन कच्चा कफी विभिन्न किसानहरुबाट खरिद गरेको छ। उक्त कच्चा कफी प्रशोधन गर्दा करिब ३.५ मे.टन कफी तयार हुन्छ। उत्पादित कफीलाई मौसम अनुसार विभिन्न मूल्यमा बिक्री गर्दा करिब रु.३५ लाख आम्दानी र खुद नाफा करिब रु.७ लाख हुने देखिन्छ। सानो पुँजी, सीमित पूर्वाधार र स्थानीय स्रोतमा आधारित उद्यमले पनि किसान, श्रमिक, व्यवसायी र उपभोक्ताबीचको आर्थिक सम्बन्धलाई मजबुत बनाउन सक्ने यस उद्योगमा हाल १ महिला र ४ पुरुष गरि ५ जना कामदारहरुले प्रत्यक्ष रोजगारी पाएका छन्। यस बाहेक कफी उत्पादन गर्ने किसान, प्रशोधनमा संलग्न अन्य जनशक्ति, ढुवानी तथा बिक्रीमा संलग्न व्यवसायी र क्याफेमा काम गर्ने जनशक्तिसम्म यसको अप्रत्यक्ष रोजगारी र आर्थिक गतिविधि जोडिएका छन्।

कफीको एउटा कप उपभोक्तासम्म पुग्न किसानले उत्पादन गरेको कफी संकलन, प्रशोधन, रोस्टिङ, प्याकेजिङ, बजार व्यवस्थापन र अन्ततः क्याफेसम्म पुग्न विभिन्न चरण पार गर्नुपर्छ। यस सम्पूर्ण श्रृङ्खलामा कञ्चनजङ्घा कफीले आफ्नो प्रत्यक्ष भूमिका निर्वाह गर्दै आएको छ। उद्योगले स्थानीय किसानको उत्पादनलाई बजारसँग जोड्नुका साथै कफी व्यवसायसँग सम्बन्धित अन्य धेरै व्यक्तिको आय आर्जनमा समेत अप्रत्यक्ष योगदान पुर्‍याउँदै आएको छ। कफि विरुवा लगाएको ३/४ वर्षमा उत्पादन सुरु हुने तथा नेपालको मध्य पहाडी (८००-१६०० मिटर सम्मको

उचाई) क्षेत्रमा कफी खेतीको लागि उपयुक्त वातावरण भएको हुँदा अर्को आर्थिक वर्ष देखि इलाम र पाँचथरमा कफी खेती समेत शुरु गर्ने योजना यस उद्योगको रहेको छ ।

नेपाली बजारमा बढ्दो कफी पिउने संस्कृति तथा अन्तर्राष्ट्रिय स्तरमा माग बढ्नुले पनि कफी खेतीको प्रशस्त सम्भावना रहेको देखिन्छ । करिब एक दशक लामो समयदेखि कफी व्यवसाय यात्राको अनुभवमा व्यवसायी पोखरेलले नेपाली कफीको भविष्य केवल उत्पादन बढाउनुमा मात्र सीमित नभई गुणस्तरीय उत्पादन, किसानसँगको दीर्घकालीन सहकार्य, व्यवस्थित प्रशोधन, व्यावसायिक रोस्टिङ र बजारको विस्तारमा आधारित रहेको धारणा व्यक्त गर्नुभयो । यसका लागि किसानहरुलाई बीउ, विरुवा, मल, उपकरण, प्राविधिक सहयोग र आर्थिक सहुलियत उपलब्ध गराउन सके कफी उत्पादनमा उल्लेखनिय वृद्धि गर्न सकिन्छ ।

*स्रोतः स्थलगत सर्वेक्षण, तस्विरः दिपक पोखरेल*

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

### ५.१.१ होटल

आर्थिक वर्ष २०८२/८३ मा गत आर्थिक वर्षको तुलनामा कोशी प्रदेशमा बाह्य पर्यटकहरुको आगमन संख्या २१.८ प्रतिशतले घटेर ४७ हजार ४ सय ५७ रहेको छ । चिनीयाँ पर्यटकहरुको संख्यामा केही वृद्धि भएतापनि भारतीय तथा तेस्रो मुलुकका पर्यटकहरुको संख्यामा आएको गिरावटका कारण समग्र पर्यटकहरुको आगमनमा कमी भएको छ । गत आर्थिक वर्षको तुलनामा भारतबाट आउने पर्यटकहरुको संख्या १९.१ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्या ५३.८ प्रतिशतले घटेको छ भने चीनबाट आउने पर्यटकहरुको संख्या ०.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी समिक्षा अवधिमा आन्तरिक पर्यटक आगमनको संख्यामा ७.६ प्रतिशतले गिरावट आएको छ ।

समीक्षा अवधिमा छनोट भएका होटलहरुको शैया संख्या ३.३ प्रतिशतले घटेको छ भने होटलहरुको औसत अकुपेन्सी दर ३२.० प्रतिशत रहेको छ । गत वर्ष यस्तो अकुपेन्सी दर ३९.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा पर्यटकस्तरीय होटल व्यवसायमा संलग्न श्रमिकहरुमध्ये ६.५ प्रतिशतले रोजगारी गुमाएका छन् । गत वर्षको सोही अवधिमा प्रत्यक्ष रोजगारीमा १२.४ प्रतिशत वृद्धि भएको थियो ।

### ५.१.२ हवाई सेवा

आर्थिक वर्ष २०८२/८३ मा गत आर्थिक वर्षको तुलनामा समग्र जहाज उडान संख्या ४.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष उक्त संख्या १.२ प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा अवधिमा यस प्रदेशका विमानस्थलबाट उडान भर्ने यात्रुको संख्यामा २.४ प्रतिशतले कमी भएको देखिन्छ । अघिल्लो वर्ष यो संख्या ५.७ प्रतिशतले बढेको थियो ।

**तालिका ५.१ : कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको विवरण ***

| विवरण | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | वृद्धिदर (%) | |
|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ |
| **हवाई जहाजको उडान संख्या** | | | | | |
| आगमन संख्या | २६,९३९ | २६,७६३ | २५,४५७ | -०.७ | -४.९ |
| निर्गमन संख्या | २६,९४१ | २६,७६७ | २५,४६९ | -०.६ | -४.८ |
| **जम्मा जहाज उडान संख्या** | **५४,१७४** | **५३,५३०** | **५०,९२६** | **-१.२** | **-४.९** |
| **यात्रु संख्या** | | | | | |
| आगमन संख्या | ५७८,७३१ | ६०९,५७२ | ५९३,२८८ | ५.३ | -२.७ |
| निर्गमन संख्या | ५९९,१३० | ६३७,२३३ | ६२४,०९३ | ६.४ | -२.१ |
| **समग्र यात्रु संख्या** | **१,१७९,३९१** | **१,२४६,८०५** | **१,२१७,३८१** | **५.७** | **-२.४** |

*स्रोत: नेपाल नागरिक उड्डयन प्राधिकरण, *लगानी, सुविधा र सेवाको स्तरका आधारमा नमुना छनोट गरिएका कोशी प्रदेशका १० वटा पर्यटकस्तरीय होटलबाट प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा विश्लेषण गरिएको ।*

## बक्स ३ : अर्जुनधारा जलेश्वर धाम

कोशी प्रदेश, झापा जिल्ला, अर्जुनधारा नगरपालिका वडा नं. ७ मा अवस्थित अर्जुनधारा जलेश्वर धाम हिन्दू तीर्थस्थल हो । महाभारत कालमा दुर्योधन लगायत कौरवहरूले पाण्डवहरू लुकेर गुप्तवास बसेका पत्ता लगाई पाण्डवहरूको गुप्तवास भंग गर्न विराट राजाका नौ लाख गाईहरू हरण गरी लगेका थिए । कौरवहरूले गाई हरण गरेको स्थानको नाम गौ हरण रहेको जसको अपभ्रंश भई गोरुवा हुदै गरुवा भएको बताइन्छ, र सो स्थान हाल इलाम जिल्लाको दानाबारीमा पर्दछ । कौरव पक्षले हरण गरेर लगेका गाईहरू गौहटी (हाल आसाम राज्यको गुहाटी) पुर्याएका थिए । पाण्डव पक्षका वीर योद्धा बृहन्नलाको रूपमा लुकेर बसेका अर्जुनले लुटिएका गाईहरू कौरवहरूसँग युद्ध गरी फिर्ता ल्याउँदा ती गाईहरु अत्यन्तै तिर्खाएकाले जलदेवता भगवान शिवको आरधना गरी जमीनबाट पर्जन्य अस्त्रले पानी निकाली गौमातालाई पानी खुवाएको स्थानका रूपमा यस स्थानलाई लिइन्छ । यस स्थानमा निरन्तर धाराको रूपमा पानी बगिरहने हुनाले यसलाई अर्जुनधारा जलेश्वर धाम भनिएको हो भन्ने किवदन्ती छ ।



अर्जुनधारा क्षेत्र परिसर भित्र अर्जुनले वाण हानी पानी निकालेको प्राचीन पोखरीको बीचमा अर्जुनले गाईलाई पानी खुवाईरहेको मूर्ति स्थापित गरिएको छ । सातकुने उक्त पोखरीको दक्षिण तर्फ पञ्चधातुबाट निर्मित ५ वटा धाराहरू छन् जसबाट निरन्तर चिसो पानी बगिरहन्छ । पोखरीभित्र विभिन्न जातका रङ्गी विरङ्गी माछाहरू पाइन्छन् । यहाँ शिव, गणेश, नाग, हनुमान, सरस्वती आदि देवी देवताका मूर्तिहरूका अतिरिक्त विवाह, कर्मकाण्ड, यज्ञकक्ष, क्रियापुत्री कक्ष, धर्मिक कार्यक्रम वाचन तथा श्रोता कक्ष आदिको स्थापना गरिएको छ । यो धाम पूर्वीय दर्शनमा आधारित एवं संस्कृत शिक्षाबाट प्रभावित रहेको छ ।

यस तीर्थस्थलमा खासगरी महाशिवरात्री, बालाचतुर्दशी, कृष्णजन्माष्टमी, माघे सङ्क्रान्ति आदि पर्वमा भक्तजनहरूको अत्यन्त घुइँचो लाग्दछ । यस स्थानमा प्रत्येक वर्ष बालाचतुर्दशी र श्रावण महिनाभर मेला लाग्ने गर्दछ, जुन अवसरहरूमा देश भित्रका र भारतबाट समेत भक्तजनहरू आउने गर्दछन । यस स्थानमा प्रत्येक वर्ष लाखौं स्वदेशी तथा भारतीय तीर्थ यात्रीहरूले भ्रमण गर्ने गरेको पाइन्छ । नेपाल सरकारको उत्कृष्ट १०० पर्यटकीय गन्तव्यको सूचीमा समेत समावेश भएको अर्जुनधारा जलेश्वर धामलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गरी नेपालका विभिन्न स्थान तथा छिमेकी भारतबाट आउने दर्शनार्थीलाई आकर्षित गर्न सकिएमा होटल, होमस्टे, रेस्टुरेन्ट, यातायात, पूजा सामग्री तथा स्थानीय उत्पादनको बिक्री विस्तारबाट स्थानीय रोजगारी र आयआर्जनका अवसर सिर्जना हुने र स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको छ ।

*स्रोत: स्थलगत सर्वेक्षण*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा गत वर्षको तुलनामा घरजग्गा रजिष्ट्रेसन संख्या २.६ प्रतिशतले घटेर १ लाख ५ हजार १ सय ७५ रहेको छ। गत वर्ष यस्तो संख्या २६.४ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेसन बापतको राजस्वमा ३०.० प्रतिशतले वृद्धि भई रु.३ अर्ब ८८ करोड ७३ लाख राजस्व संकलन भएको छ। गत वर्ष यस्तो राजस्व २१.९२ प्रतिशतले घटेर रु.२ अर्ब ९८ करोड ९७ लाख रहेको थियो। समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्यामा ४ प्रतिशतले कमी आएको छ। गत वर्ष यस्तो संख्यामा १४.३ प्रतिशतले वृद्धि भएको थियो।

**चार्ट ५.१ : घरजग्गा कारोबारको अवस्था**




*स्रोत: भूमि व्यवस्थापन तथा अभिलेख विभाग र महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या

२०८३ असार मसान्तमा कोशी प्रदेशमा वाणिज्य बैंकका ७ सय ५२, विकास बैंकका १ सय ९३, वित्त कम्पनीका ३५ तथा लघुवित्त वित्तीय संस्थाका ८ सय ५६ गरी जम्मा १ हजार ८ सय ३६ शाखाहरू रहेका छन्। यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ४ सय ३८ र ताप्लेजुङ जिल्लामा सबैभन्दा कम ३९ शाखाहरु रहेका छन्। त्यसैगरी, झापामा ३५०, सुनसरीमा ३३४, उदयपुरमा ११५, इलाममा ९८, धनकुटामा ८४, पाँचथरमा ६७, संखुवासभामा ६०, भोजपुरमा ५६, ओखलढुङ्गामा ५४, खोटाङमा ५०, तेह्रथुममा ४९ र सोलुखुम्बुमा ४२ वटा शाखाहरु रहेका छन्। अघिल्लो आर्थिक वर्षको असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या १ हजार ८ सय ५१ रहेको थियो।

**तालिका ५.२: कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| बैंक तथा वित्तीय संस्था | शाखा संख्या | |
|---|---|---|
| | २०८२ असार | २०८३ असार |
| वाणिज्य बैंक | ७६३ | ७५२ |
| विकास बैंक | १९६ | १९३ |
| वित्त कम्पनी | ३६ | ३५ |
| लघुवित्त वित्तीय संस्था | ८५६ | ८५६ |
| **जम्मा शाखा संख्या** | **१८५१** | **१८३६** |

*स्रोत: नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

### ५.३.२ निक्षेप तथा कर्जा स्थिति

२०८३ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप १६.१ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ४१ अर्ब ९३ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षमा कुल निक्षेप १५.७ प्रतिशतले वृद्धि भएको थियो । कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमध्ये झापा, मोरङ र सुनसरीको हिस्सा ७५.६ प्रतिशत रहेको छ भने अन्य जिल्लाको हिस्सा २४.४ प्रतिशत रहेको छ । जिल्लागत निक्षेप सङ्कलन मोरङ जिल्लामा सबैभन्दा बढी २९.१ प्रतिशत र तेह्रथुम जिल्लामा सबैभन्दा कम १.४ प्रतिशत रहेको छ ।

**तालिका ५.३ : कोशी प्रदेशका जिल्लाहरूमा निक्षेप परिचालनको स्थिति**

| जिल्ला | निक्षेप (रु. करोड) | | | वृद्धिदर (%) | | जिल्लागत हिस्सा (%) |
|---|---|---|---|---|---|---|
| | २०८१ असार | २०८२ असार | २०८३ असार | २०८१/८२ | २०८२/८३ | २०८२/८३ |
| ताप्लेजुङ | ७१९.८ | ८३८.९ | १,००१.८ | १६.५ | १९.४ | १.६ |
| संखुवासभा | १,०५८.७ | १,२२०.८ | १,४७०.९ | १५.३ | २०.५ | २.३ |
| सोलुखुम्बु | १,०५१.३ | १,२१९.१ | १,४३७.७ | १६.० | १७.९ | २.२ |
| ओखलढुङ्गा | ७०४.३ | ८३४.८ | १,०१५.२ | १८.५ | २१.६ | १.६ |
| खोटाङ | ७६३.३ | ९०७.८ | १,०५१.७ | १८.९ | १५.८ | १.६ |
| भोजपुर | ६६३.७ | ७७८.९ | ९६१.० | १७.३ | २३.४ | १.५ |
| धनकुटा | १,११८.६ | १,३१७.६ | १,५५५.६ | १७.८ | १८.१ | २.४ |
| तेह्रथुम | ६२४.६ | ७३३.७ | ८९६.६ | १७.५ | २२.२ | १.४ |
| पाँचथर | ९१९.२ | १,०९१.१ | १,३२३.३ | १८.७ | २१.३ | २.१ |
| इलाम | १,८३४.० | २,०७२.५ | २,५१३.८ | १३.० | २१.३ | ३.९ |
| झापा | १०,४६४.४ | १२,४३४.९ | १५,०८२.३ | १८.८ | २१.३ | २३.५ |
| मोरङ | १४,९१८.५ | १६,९४३.१ | १८,६९९.० | १३.६ | १०.४ | २९.१ |
| सुनसरी | ११,२८५.२ | १२,९०९.७ | १४,७३१.१ | १४.४ | १४.१ | २३.० |
| उदयपुर | १,६६४.६ | २,०००.८ | २,४५३.३ | २०.२ | २२.६ | ३.८ |
| **जम्मा** | **४७,७९०.३** | **५५,३०३.८** | **६४,१९३.३** | **१५.७** | **१६.१** | **१००** |

*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८३ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा ४.२ प्रतिशतले बढेर रु.६ खर्ब ३९ अर्ब ३२ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षमा कुल कर्जा ६.० प्रतिशतले वृद्धि भएको थियो । कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामध्ये झापा, मोरङ र सुनसरीमा प्रवाहित कर्जाको हिस्सा ८९.४ प्रतिशत रहेको छ भने अन्य जिल्लाको हिस्सा १०.६ प्रतिशत रहेको छ । जिल्लागत कर्जा प्रवाहको हिस्सा मोरङ जिल्लामा सबैभन्दा बढी ४६.६ प्रतिशत र ताप्लेजुङ जिल्लामा सबैभन्दा कम ०.४ प्रतिशत रहेको छ ।

### तालिका ५.४ : कोशी प्रदेशका जिल्लाहरूमा बैंक तथा वित्तीय संस्थाहरुवाट कर्जा प्रवाहको स्थिति

| जिल्ला | कर्जा (रु. करोड) | | | वृद्धिदर (%) | | जिल्लागत हिस्सा (%) |
|---|---|---|---|---|---|---|
| | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८३ असार मसान्त | २०८१/८२ | २०८२/८३ | २०८२/८३ |
| ताप्लेजुङ | २५३.३ | २५६.४ | २६२.१ | १.२ | २.२ | ०.४ |
| संखुवासभा | ५६२.९ | ५५२.२ | ५७३.१ | -१.९ | ३.८ | ०.९ |
| सोलुखुम्बु | ३१३.३ | ३२३.३ | ३४७.७ | ३.२ | ७.६ | ०.५ |
| ओखलढुङ्गा | ४८१.७ | ४८४.५ | ४६५.९ | ०.६ | -३.८ | ०.७ |
| खोटाङ | ३१८.९ | ३२६.० | ३५३.५ | २.२ | ८.४ | ०.६ |
| भोजपुर | ३२५.८ | ३१३.९ | ३२९.० | -३.७ | ४.८ | ०.५ |
| धनकुटा | ६४६.१ | ६४६.४ | ६५५.५ | ०.१ | १.४ | १.० |
| तेह्रथुम | २७७.७ | २८०.० | २७७.८ | ०.८ | -०.८ | ०.४ |
| पाँचथर | ४४८.० | ४७७.७ | ५१०.९ | ६.६ | ६.९ | ०.८ |
| इलाम | २,१८६.४ | १,११०.७ | १,१२७.० | -४९.२ | १.५ | १.८ |
| झापा | १२,४७४.३ | १३,४९३.८ | १३,८१८.२ | ८.२ | २.४ | २१.६ |
| मोरङ | २५,४३१.५ | २८,११२.३ | २९,८१५.२ | १०.५ | ६.१ | ४६.६ |
| सुनसरी | १२,५१५.९ | १३,१४८.० | १३,५१९.२ | ५.० | २.८ | २१.१ |
| उदयपुर | १,६५७.७ | १,८१३.७ | १,८७७.० | ९.४ | ३.५ | ३.० |
| **जम्मा** | **५७,८९३.७** | **६१,३३९.०** | **६३,९३२.२** | **६.०** | **४.२** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

### चार्ट ५.२: कर्जा तथा निक्षेपको स्थिति (रु. अर्ब)




*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८३ असार मसान्तसम्म प्रवाहित कुल कर्जामध्ये कृषि कर्जाको हिस्सा ८.७ प्रतिशत, औद्योगिक कर्जाको हिस्सा २७.२ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ६४.१ प्रतिशत रहेको छ ।

**तालिका ५.५: क्षेत्रगत कर्जाको अंश**

| विवरण | २०८१ असार | २०८२ असार | २०८३ असार |
|---|---|---|---|
| कृषि कर्जा (%) | ११.० | ९.२ | ८.७ |
| औद्योगिक कर्जा (%) | २३.२ | २६.२ | २७.२ |
| सेवा कर्जा (%) | ६५.९ | ६५.६ | ६४.१ |

*स्रोत: नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

### ५.३.३ अन्य वित्तीय विवरण

२०८३ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ८.० प्रतिशत, बचत निक्षेपको अंश ६२.० प्रतिशत, मुद्दती निक्षेपको अंश २४.५ प्रतिशत र अन्य निक्षेपको अंश ५.६ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा कुल निक्षेपमा चल्ती निक्षेपको अंश ७.१ प्रतिशत, बचत निक्षेपको अंश ५०.८ प्रतिशत, मुद्दती निक्षेपको अंश ३६.० प्रतिशत र अन्य निक्षेपको अंश ६.१ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८२/८३ मा चल्ती, बचत र अन्य निक्षेप क्रमशः २९.६ प्रतिशत, ४१.६ प्रतिशत र ७.५ प्रतिशतले बढेको छ भने मुद्दती निक्षेप २१.२ प्रतिशतले घटेको छ ।

२०८३ असार मसान्तमा अघिल्लो वर्षको तुलनामा निक्षेपकर्ताको संख्या ३.३ प्रतिशत वृद्धि भई ८५ लाख २३ हजार ३ सय २४ पुगेको छ भने ऋणीहरूको संख्यामा अघिल्लो वर्षको तुलनामा ६.२ प्रतिशतले वृद्धि भई ३ लाख ३० हजार ५ सय ३९ पुगेको छ । २०८२ असार मसान्तमा निक्षेपकर्ताको संख्या ८२ लाख ४७ हजार ८ सय ६२ र ऋणीहरूको संख्या ३ लाख ११ हजार २ सय ९५ रहेको थियो ।

**तालिका ५.६ : कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना**

| निक्षेप | निक्षेप (रु. करोड) | | | वृद्धिदर (%) | | कुल निक्षेपमा हिस्सा (%) |
|---|---|---|---|---|---|---|
| | २०८१ असार | २०८२ असार | २०८३ असार | २०८१/८२ | २०८२/८३ | २०८३ असार |
| चल्ती | ३,१२२.९ | ३,९४८.१ | ५,११७.१ | २६.४ | २९.६ | ८.० |
| बचत | २१,१५६.९ | २८,११८.६ | ३९,८०८.० | ३२.९ | ४१.६ | ६२.० |
| मुद्दती | २०,६४१.१ | १९,९१८.६ | १५,६९९.८ | -३.५ | -२१.२ | २४.५ |
| अन्य | २,८६९.४ | ३,३१८.५ | ३,५६८.४ | १५.६ | ७.५ | ५.६ |
| **कुल निक्षेप** | **४७,७९०.३** | **५५,३०३.८** | **६४,१९३.३** | **१५.७** | **१६.१** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८३ असार मसान्तमा अघिल्लो वर्षको तुलनामा विपन्न वर्ग कर्जा २.७ प्रतिशतले घटेर रु.३७ अर्ब ९० करोड रहेको छ । २०८२ असार मसान्तमा उक्त कर्जा रु.३८ अर्ब ९५ करोड रहेको थियो । २०८३ असार मसान्तमा कुल कर्जाको तुलनामा विपन्न वर्ग कर्जाको हिस्सा ५.९ प्रतिशत रहेको छ ।

२०८३ असार मसान्तमा अघिल्लो वर्षको तुलनामा पुनरकर्जाको बक्यौता २३.८ प्रतिशतले घटेर रु.१ करोड २८ लाख रहेको छ । २०८२ असार मसान्तमा उक्त कर्जाको बक्यौता रु.१ करोड ६८ लाख रहेको थियो ।

**तालिका ५.७ : कुल कर्जामा विपन्न वर्ग, पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जाको हिस्सा**

| विवरण | कर्जाको हिस्सा (%) | | |
|---|---|---|---|
| | २०८१ असार | २०८२ असार | २०८३ असार |
| विपन्न वर्ग कर्जा | ९.५ | ६.३ | ५.९ |
| पुनरकर्जा | ०.० | ०.० | ०.० |
| सहुलियतपूर्ण कर्जा | ३.४ | ३.४ | ०.७ |

*स्रोत: नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८३ असार मसान्तमा अघिल्लो वर्षको तुलनामा सहुलियतपूर्ण कर्जा ५८.६ प्रतिशतले घटेर रु.४ अर्ब ५१ करोड ७१ लाख रहेको छ । अघिल्लो आर्थिक वर्षमा उक्त कर्जा ४४.७ प्रतिशतले घटेको थियो । २०८३ असार मसान्तमा कुल कर्जाको तुलनामा सहुलियतपूर्ण कर्जाको हिस्सा ०.७ प्रतिशत रहेको छ । २०८३ असार मसान्तसम्म यस प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकमा सबैभन्दा बढी ७७.८ प्रतिशत तथा महिला उद्यमशील कर्जा शीर्षकमा २२.० प्रतिशत कर्जा बक्यौता रहेको छ भने अन्य शीर्षकमा नगन्य मात्रामा कर्जाको बक्यौता रहेको छ ।

**तालिका ५.८ : कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण**

| क्र.सं. | सहुलियतपूर्ण कर्जाको प्रकार | कर्जा रकम (रु.दश लाख) | हिस्सा (%) |
|---|---|---|---|
| १ | कपडा उद्योग सञ्चालनका लागि कर्जा | ०.० | ०.० |
| २ | दलित समुदाय व्यवसाय विकास कर्जा | ४.६ | ०.१ |
| ३ | भुकम्प प्रभावित निजी आवास निर्माण कर्जा | ०.६ | ०.० |
| ४ | शिक्षित युवा स्वरोजगार कर्जा | ०.१ | ०.० |
| ५ | विदेशबाट फर्केका युवा परियोजना कर्जा | २.६ | ०.१ |
| ६ | उच्च र प्राविधिक/व्यावसायीक शैक्षिक कर्जा | ०.५ | ०.० |
| ७ | व्यावसायीक कृषि तथा पशुपन्क्षी कर्जा | ३,५१६.५ | ७७.८ |
| ८ | महिला उद्यमशील कर्जा | ९९२.३ | २२.० |
| ९ | युवावर्ग स्वरोजगार कर्जा | ०.० | ०.० |
| | **जम्मा** | **४,५१७.१** | **१००** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

यस प्रदेशमा २०८३ असार मसान्तसम्म तोकिएको क्षेत्रमा प्रवाह भएको कुल कर्जा रु.२ खर्ब २२ अर्ब २१ करोड रहेको छ । तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा मध्ये कृषि क्षेत्रमा रु.१ खर्ब १८ अर्ब २१ करोड, उर्जा क्षेत्रमा रु.७२ करोड, ICT आधारित उद्योगमा रु.१६ करोड, साना तथा मझौला उद्योग क्षेत्रमा रु.९० अर्ब ९९ करोड र पर्यटन क्षेत्र तर्फ रु.१२ अर्ब १२ करोड रहेको छ ।

**तालिका ५.९ : तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा**

| विवरण | कर्जा रकम (रु.करोड) | |
|---|---|---|
| | २०८२ असार | २०८३ असार |
| कृषि | ११,४७२.० | ११,८२१.० |
| उर्जा | ६४.८ | ७२.९ |
| ICT आधारित उद्योग | - | १६.२ |
| साना तथा मझौला उद्योग | ८,८३५.० | ९,०९९.० |
| पर्यटन | ९६८.५ | १,२१२.० |
| **जम्मा** | **२१,३४०.४** | **२२,२२१.१** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

यस प्रदेशमा २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा निक्षेपकर्ताको संख्या ३.३ प्रतिशतले वृद्धि भई ८५ लाख २३ हजार ३ सय २४ पुगेको छ । त्यसैगरी ऋणीहरुको संख्या ६.२ प्रतिशतले वृद्धि भई ३ लाख ३० हजार ५ सय ३९ पुगेको छ । २०८३ असार मसान्तमा कोशी प्रदेशमा रहेका कुल ए.टि.एम संख्या ६८८ मध्ये मोरङ जिल्लामा सबैभन्दा बढी १९० वटा ए.टि.एम रहेका छन् भने सबैभन्दा कम ओखलढुङ्गा र ताप्लेजुङमा ११/११ वटा ए.टि.एम. रहेका छन् ।

**तालिका ५.१० : कोशी प्रदेशमा निक्षेपकर्ता, ऋणी, बैंक शाखा र ए.टि.एम. संख्याको जिल्लागत विवरण (२०८३ असार मसान्त)**

| जिल्ला | निक्षेपकर्ताको संख्या | ऋणीहरूको संख्या | बैंक शाखा संख्या | ए.टि.एम संख्या |
|---|---|---|---|---|
| ताप्लेजुङ | १६०,२६० | ३,३६४ | ३९ | ११ |
| संखुवासभा | २०८,७५९ | ५,८३० | ६० | १५ |
| सोलुखुम्बु | १६५,५९३ | ३,६२५ | ४२ | १५ |
| ओखलढुङ्गा | २०३,५५८ | ५,९७३ | ५४ | ११ |
| खोटाङ | १९३,८३२ | ६,०३८ | ५० | १२ |
| भोजपुर | १९०,०५० | ७,९८१ | ५६ | १४ |
| धनकुटा | २४५,१५२ | ७,७३८ | ८४ | २१ |
| तेह्रथुम | १३७,७९१ | ४,४३५ | ४९ | १३ |
| पाँचथर | १३८,१३३ | ६,४५८ | ६७ | १६ |
| इलाम | ४१८,८५७ | १२,४५८ | ९८ | २९ |
| झापा | १,९५४,७२९ | ७३,९३६ | ३५० | १५४ |
| मोरङ | २,१२४,२७३ | ९९,२९४ | ४३८ | १९० |
| सुनसरी | १,८२३,८३४ | ७६,३६७ | ३३४ | १४७ |
| उदयपुर | ४५८,५०३ | १७,०४२ | ११५ | ४० |
| **जम्मा** | **८,५२३,३२४** | **३३०,५३९** | **१,८३६** | **६८८** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

### ५.३.४ सहकारी क्षेत्र

२०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा नमुना छनोट गरिएका कोशी प्रदेशका १० ठूला बचत तथा ऋण सहकारी संस्थाहरुको सदस्य संख्या ४.७ प्रतिशतले वृद्धि भएको छ भने कर्मचारी संख्या ०.४ प्रतिशतले कमी हुन गएको छ । अघिल्लो वर्ष नमुना छनोट गरिएका सहकारीहरुको सदस्य संख्या ४.८ प्रतिशतले वृद्धि र कर्मचारी संख्यामा २.७ प्रतिशतले कमी भएको थियो ।

**तालिका ५.११ : सहकारी संस्थाहरूको पुँजी, बचत, ऋण, सदस्य संख्या र कर्मचारी संख्याको विवरण**

| विवरण | आर्थिक वर्ष | | | वृद्धिदर (%) | |
|---|---|---|---|---|---|
| | २०८१ असार | २०८२ असार | २०८३ असार | २०८१/८२ | २०८२/८३ |
| कुल पुँजी (रु. करोड) | ४६२.२ | ४७४.९ | ४८४.३ | २.८ | २.० |
| कुल बचत (रु. करोड) | २,६९३.१ | ३,०८७.५ | ३,४५८.३ | १४.६ | १२.० |
| कुल ऋण (रु. करोड) | २,७८३.२ | २,९१३.३ | ३,१४९.६ | ४.७ | ८.१ |
| सदस्य संख्या | ४४१,१४०.० | ४६२,०९५.० | ४८३,७९१.० | ४.८ | ४.७ |
| कर्मचारी संख्या | १,९४४.० | १,८९२.० | १,८८४.० | -२.७ | -०.४ |

*स्रोत: यस प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थामध्ये ऋण लगानीका आधारमा नमुना छनोट गरिएका कोशी प्रदेशका १० ठूला बचत तथा ऋण सहकारी संस्थाहरु ।*

२०८३ असार मसान्तमा सहकारी संस्थाहरूको कुल पुँजी, कुल बचत र कुल ऋण अघिल्लो वर्षको तुलनामा क्रमशः २ प्रतिशत, १२ प्रतिशत र ८.१ प्रतिशतले वृद्धि भई क्रमशः रु.४ अर्ब ८४ करोड, रु.३४ अर्ब ५८ करोड र रु.३१ अर्ब ४९ करोड भएको छ। गत वर्ष सहकारी संस्थाहरूको कुल पुँजी, कुल बचत र कुल ऋण क्रमशः २.८ प्रतिशत, १४.६ प्रतिशत र ४.७ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ५.३ : सहकारी संस्थाहरूको पुँजी, बचत र ऋण लगानीको अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरू*

#### ५.३.५ फण्ड ट्रान्सफर

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशका १४ जिल्लामा रहेका १६ वटा नोटकोषमध्ये खोटाङ र उदयपुर जिल्लामा रहेका २ वटा नोटकोषमा जनकपुर कार्यालयबाट रु.३ अर्ब ५ करोड फण्ड ट्रान्सफर भएको, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका ३ वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु.३६ करोड ६३ लाख फण्ड ट्रान्सफर भएको तथा मोरङ जिल्ला बाहेकका अन्य ९ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा रहेका ११ वटा नोटकोषमा विराटनगर कार्यालयबाट रु.२० अर्ब ७७ करोड ६ लाख गरी कुल रु.२४ अर्ब १८ करोड ६९ लाख फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषमा मुद्रा व्यवस्थापन विभाग, जनकपुर कार्यालय र यस कार्यालयबाट गरी कुल रु.२७ अर्ब १५ करोड १८ लाख बराबरको फण्ड ट्रान्सफर भएको थियो ।

**तालिका ५.१२ : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको विवरण**

| जिल्ला | सीमा (रु. करोड) | | कारोबार रकम (रु. करोड) | | वृद्धिदर (%) |
|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ | |
| ताप्लेजुङ | ४०.० | ४०.० | १०१.५ | ८७.० | -१४.३ |
| संखुवासभा | ४०.० | ४०.० | २६२.० | १९३.९ | -२६.० |
| सोलुखुम्बु | ५०.० | ५०.० | ६.८ | १९.३ | १८६.४ |
| ओखलढुङ्गा | ३५.० | ३५.० | २९.३ | १७.३ | -४१.० |
| खोटाङ | ३०.० | ३०.० | ९०.० | ९०.० | ०.० |
| भोजपुर | ४०.० | ४०.० | ८४.० | ८५.८ | २.१ |
| धनकुटा | ५०.० | ५०.० | ९८.० | १०१.० | ३.१ |
| तेह्रथुम | ४०.० | ४०.० | १२९.५ | १२१.० | -६.६ |
| पाँचथर | ४०.० | ४०.० | १५३.१ | १००.० | -३४.७ |
| इलाम | ५५.० | ५५.० | १३७.० | १८३.० | ३३.६ |
| झापा | १३०.० | १३०.० | ८४२.५ | ८४२.२ | ०.० |
| मोरङ | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| सुनसरी | ११०.० | ११०.० | ३९६.५ | ३६३.२ | -८.४ |
| उदयपुर | ५५.० | ५५.० | ३८५.० | २१५.० | -४४.२ |
| **जम्मा** | **७१५.०** | **७१५.०** | **२,७१५.२** | **२,४१८.७** | **-१०.९** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

#### ५.३.६ विदेशी विनिमय

२०८३ असार मसान्तसम्म कोशी प्रदेशमा नेपाल राष्ट्र बैंकबाट ५५ मनिचेञ्जर, ३ होटल, १ ट्राभल एजेन्सी, १ ट्रेकिङ्ग एजेन्सी र २ अन्य गरी ६२ एजेन्सीहरूले विदेशी मुद्रा सटहीको इजाजतपत्र प्राप्त गरेका छन् । आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्ममा यस कार्यालयले बैंक तथा वित्तीय संस्थाहरू तथा अन्यबाट रु.५ करोड ४६ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद गरेको छ जसमध्ये रु.२ करोड ९ लाख बराबरको अमेरिकी डलर, रु.४४

लाख बराबरको युरो र रु.२ करोड ९३ लाख बराबरको अन्य विदेशी मुद्रा रहेका छन् । समीक्षा अवधिमा यस कार्यालयले गत वर्षको सोही अवधिको तुलनामा १४.१ प्रतिशत बढी विदेशी मुद्रा खरिद गरेको छ ।

**तालिका ५.१३ : परिवर्त्य विदेशी मुद्रा खरिद विवरण**

| विवरण | परिवर्त्य विदेशी मुद्रा खरिद (रु.लाख) | | | वृद्धिदर (%) | |
|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| अमेरिकी डलर | ३१.० | ६.८ | २०.९ | -७८.१ | २०७.४ |
| यूरो | १०.० | ४.७ | ४.४ | -५३.५ | -५.५ |
| अन्य | ५१.९ | ३६.४ | २९.३ | -२९.८ | -१९.५ |
| **जम्मा** | **९२.९** | **४७.८** | **५४.६** | **-४८.५** | **१४.१** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा अमेरिकी डलरको खरिद २०७.४ प्रतिशतले बढेको छ भने युरो र अन्य मुद्राको खरिद क्रमशः ५.५ प्रतिशत र १९.५ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस बैंकले रु.४ करोड ७८ लाख बराबरको विदेशी मुद्रा खरिद गरेको थियो ।

## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्ममा कोशी प्रदेशमा कुल ४१ हजार ५ सय ९२ वटा सवारी साधन दर्ता भएको छ जुन अघिल्लो वर्षको तुलनामा १८.७४ प्रतिशतले कम हो । अन्य सवारीसाधनहरुको दर्तामा सामान्य वृद्धि भएतापनि मोटरसाईकलको दर्तामा २५.४८ प्रतिशतले कमी आएकोले समग्र सवारी साधन दर्तामा कमी आएको देखिन्छ । २०८३ असार मसान्तसम्म यस प्रदेशका १४ वटा जिल्लाहरुमध्ये सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा र ओखलढुङ्गा गरी ७ जिल्लाहरुबाट सवारी साधन दर्ता हुने कार्य हुँदै आएको छ ।

**चार्ट ५.४ : यातायातका साधनको संख्या**




*स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश*

## ५.४.२ सञ्चार

२०८३ असार मसान्तमा कोशी प्रदेशमा कुल वितरित टेलिफोन संख्यामा २८.० प्रतिशतले वृद्धि भइ ६७ लाख १८ हजार ७ सय ६२ पुगेको छ। २०८२ असार मसान्तमा यो संख्या ५२ लाख ५१ हजार २४ पुगेको थियो। त्यसैगरी, २०८३ असार मसान्तसम्ममा इन्टरनेट सेवा प्रयोगकर्ताहरुको संख्या १४.६ प्रतिशतले वृद्धि भई ५५ हजार ५ सय २९ पुगेको छ। अघिल्लो आर्थिक वर्षमा इन्टरनेट सेवा प्रयोगकर्ताहरुको संख्या १०.० प्रतिशतले बढेको थियो।

**चार्ट ५.५ : कुल वितरित टेलिफोनको जिल्लागत अवस्था (आ.व. २०८२/८३)**




*स्रोत : नेपाल टेलिकम र एनसेल प्रा.लि.*

## ५.५ शिक्षा तथा स्वास्थ्य

### ५.५.१ शिक्षा

२०८३ असार मसान्तमा कोशी प्रदेशमा सरकारी/सामुदायिक विद्यालय, संस्थागत/निजी, प्राविधिक शिक्षालय र विश्वविद्यालयमा आवद्ध क्याम्पसहरुको को कुल संख्या ०.८ प्रतिशतले घटेर ७ हजार १ सय ५३ रहेको छ। अघिल्लो वर्ष यस्तो संख्या ०.६ प्रतिशतले घटेको थियो। २०८३ असार मसान्तमा ५ हजार २ सय ८ वटा सरकारी/सामुदायिक विद्यालय, १ हजार ६ सय ७६ वटा संस्थागत/निजी विद्यालय, १ सय १० वटा प्राविधिक शिक्षालय र १ सय ५९ विश्वविद्यालयमा आवद्ध क्याम्पस सञ्चालनमा रहेका छन्।

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशमा रहेका विद्यालयहरूमा अध्ययनरत कुल विद्यार्थी संख्या १६.६ प्रतिशतले घटेर ११ लाख २६ हजार ७ सय ३७ जना पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा यो संख्या ३.६ प्रतिशतले बढेको थियो। समिक्षा अवधिमा सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा ५.२ प्रतिशतले र निजी क्षेत्रका विद्यालयमा ३१.३ प्रतिशतले विद्यार्थी संख्या घटेको देखिन्छ। प्राविधिक शिक्षालय र विश्वविद्यालयमा आवद्ध भएका क्याम्पसमा समेत यस्तो संख्या १७.२ प्रतिशत र ७.० प्रतिशतले कम भएको देखिन्छ।

आ.व. २०८२/८३ मा यस प्रदेशका सरकारी, निजी, प्राविधिक विद्यालय र विश्वविद्यालयमा आवद्ध भएका क्याम्पसहरुमा कार्यरत कुल शिक्षकको संख्या ०.३ प्रतिशतले घटेर ४३ हजार ८ सय ७८ रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा यो संख्या १.१ प्रतिशतले घटेको थियो।

**तालिका ५.१४ : सरकारी तथा निजी विद्यालय र विद्यार्थी संख्याको विवरण**

| विवरण | असार मसान्त | | | वृद्धिदर (%) | |
|---|---|---|---|---|---|
| | २०८१ | २०८२ | २०८३ | २०८१/८२ | २०८२/८३ |
| विद्यालय तथा विश्वविद्यालयको क्याम्पसको संख्या | ७,२४९ | ७,२०९ | ७,१५३ | -०.६ | -०.८ |
| विद्यार्थी संख्या | १,३०४,१४७ | १,३५१,६३६ | १,१२६,७३७ | ३.६ | -१६.६ |
| शिक्षक संख्या | ४४,५०३ | ४४,०२९ | ४३,८७८ | -१.१ | -०.३ |

*स्रोत : शिक्षा विकास तथा समन्वय इकाई, सं. : संशोधित*

### ५.५.२ स्वास्थ्य

२०८३ असार मसान्तसम्म कोशी प्रदेशमा सरकारी र निजी गरी कुल अस्पताल संख्या २ सय ११ रहेका छन्। २०८२ असार मसान्तमा यस्ता अस्पतालको संख्या १ सय ८२ रहेको थियो। २०८३ असार मसान्तमा कोशी प्रदेशमा निजी र सरकारी अस्पतालमा कार्यरत चिकित्सकको कुल संख्या २६.६ प्रतिशतले वृद्धि भई २ हजार २ सय ४ पुगेको छ। २०८२ असार मसान्तमा उक्त संख्या १ हजार ७ सय ४१ रहेको थियो। २०८३ असार मसान्तमा सरकारी र निजी अस्पतालको शैया संख्या ०.२ प्रतिशले बढेर ६ हजार ९ सय १७ पुगेको छ । २०८२ असार मसान्तमा यस्तो संख्या ६ हजार ९ सय ५ रहेको थियो। अस्पतालको संख्या बढेसँगै शैयाको संख्या पनि बढेको देखिन्छ।

**तालिका ५.१५ : कोशी प्रदेशमा अस्पताल संख्या, चिकित्सक संख्या र कुल शैया संख्या**

| विवरण | संख्या | | | वृद्धिदर (%) | |
|---|---|---|---|---|---|
| | २०८१ असार | २०८२ असार | २०८३ असार | २०८१/८२ | २०८२/८३ |
| सरकारी/सामुदायिक अस्पताल | ७० | ८३ | ८७ | १८.६ | ४.८ |
| निजी अस्पताल | १०० | ९९ | १२४ | -१.० | २५.३ |
| कुल अस्पताल संख्या | १७० | १८२ | २११ | ७.१ | १५.९ |
| कुल चिकित्सक संख्या | १,७०८ | १,७४१ | २,२०४ | १.९ | २६.६ |
| कुल शैया संख्या | ६,८११ | ६,९०५ | ६,९१७ | १.४ | ०.२ |

*स्रोत : जिल्लास्थित स्वास्थ्य कार्यालय*

## ५.६ सेवा क्षेत्र कर्जा

२०८३ असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा अघिल्लो वर्षको तुलनामा ३.४ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ९ अर्ब ८१ करोड पुगेको छ । समीक्षा अवधिमा सेवा कर्जामध्ये उपभोग्य कर्जामा सर्वाधिक ३८.६ प्रतिशत, थोक तथा खुद्रा बिक्रेता कर्जामा ३१.६ प्रतिशत र अन्य सेवामा सबैभन्दा कम ०.९ प्रतिशत कर्जा प्रवाह भएको छ। २०८२ असार मसान्तमा सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी क्षेत्रमा सबैभन्दा बढी २१.६ प्रतिशतले वृद्धि भएको थियो भने अन्य शीर्षकमा सबैभन्दा बढी १२.९ प्रतिशतले घटेको थियो ।

**तालिका ५.१६ : कोशी प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जाको विवरण**

| विवरण | सेवा क्षेत्र कर्जा (रु.करोड) | | वृद्धिदर (%) | कुल सेवा कर्जामा हिस्सा (%) |
|---|---|---|---|---|
| | २०८२ असार | २०८३ असार | | |
| यातायात, भण्डारण र सञ्चार | ६८८.० | ७००.७ | १.८ | १.७ |
| थोक तथा खुद्रा विक्रेता | १३,४१३.२ | १२,९५५.४ | -३.४ | ३१.६ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | २,२५८.९ | २,२२६.० | -१.५ | ५.४ |
| रियल स्टेट | १,९७९.१ | १,७७४.६ | -१०.३ | ४.३ |
| पर्यटन | १,१९४.४ | १,२१६.० | १.८ | ३.० |
| अन्य सेवा | ३८६.८ | ३८७.३ | ०.१ | ०.९ |
| स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी | ६८८.६ | ८३७.४ | २१.६ | २.० |
| शिक्षा | १,५३७.१ | १,७६४.४ | १४.८ | ४.३ |
| उपभोग्य कर्जा | १३,६८८.५ | १५,८०१.७ | १५.४ | ३८.६ |
| अन्य | ३,८०९.८ | ३,३१७.८ | -१२.९ | ८.१ |
| **जम्मा** | **३९,६४४.३** | **४०,९८१.४** | **३.४** | **१००** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.७.१ चुनौतीहरु

१. यस प्रदेशका पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पर्याप्त प्रचार हुन नसक्नु, दुर्गम पर्यटकीय क्षेत्रमा सडक तथा सार्वजनिक यातायातको सहज पहुँच नहुनु र स्तरीय होटल, रिसोर्ट, शौचालय, खानेपानी तथा सरसफाइ सुविधा अपर्याप्त रहनु ।

२. अनलाइन मार्केटिङ, डिजिटल सूचना र बुकिङ प्रणालीको पर्याप्त विकास नहुनु, दुर्गम क्षेत्रमा पर्यटकका लागि आवश्यक सूचना, उद्धार तथा सुरक्षा संयन्त्र पर्याप्त नहुनु र बाढी, पहिरो, हिमपात लगायतका कारण पर्यटकीय गतिविधि प्रभावित हुनु ।

३. सार्वजनिक निर्माण तथा रियलस्टेट क्षेत्रको विकासमा उच्च निर्माण लागत, जग्गाको अत्यधिक मूल्य वृद्धि, वित्तीय स्रोतको सीमितता र कमजोर योजना तथा कार्यान्वयनको अवस्था रहनु ।

४. ग्रामीण तथा दुर्गम क्षेत्रमा बैंकिङ तथा वित्तीय सेवाको पहुँच सीमित हुनु, ग्रामीण तथा न्यून आय भएका वर्गमा बीमा सेवाको पहुँच र प्रयोग कम हुनु तथा उत्पादनशील क्षेत्रमा पर्याप्त वित्तीय स्रोत परिचालन गर्न नसक्नु ।

५. आधुनिक बैंकिङ, डिजिटल वित्त तथा जोखिम व्यवस्थापनमा दक्ष जनशक्तिको अभाव रहनुका साथै अनलाइन ठगी, साइबर अपराध, डेटा सुरक्षा तथा डिजिटल प्रणालीमा हुने अवरोधको जोखिम हुनु ।

६. निजी क्षेत्रको लगानी तथा व्यवसाय विस्तारका लागि कर्जाको मागमा अपेक्षाकृत रुपमा वृद्धि हुन नसक्नु, ऋणीको कर्जा तिर्ने क्षमतामा कमी आउँदा बैंक तथा वित्तीय संस्थामा निष्कृय कर्जाको जोखिम बढ्दै जानु तथा औपचारिक बैंकिङ प्रणालीभन्दा बाहिर समेत वित्तीय कारोबार हुने जोखिम रहनु ।

७. धितोसम्बन्धी समस्या, कागजातको जटिलता, कर्जा पहिचान तथा पहुँचको कमी र कर्जा सदुपयोगको प्रभावकारी अनुगमन हुन नसक्दा सहुलियतपूर्ण तथा प्राथमिकताप्राप्त कर्जा लक्षित वर्गसम्म पुग्न नसक्नु ।

८. पहाडी तथा हिमाली क्षेत्रमा यातायात पूर्वाधार निर्माण र सञ्चालन गर्न कठिन हुनु, निर्माण भएका सडकको नियमित मर्मत तथा स्तरोन्नति पर्याप्त हुन नसक्नु र ग्रामीण तथा दुर्गम क्षेत्रमा नियमित, सुरक्षित र भरपर्दो सार्वजनिक स्थलगत तथा हावाई यातायातको कमी हुनु ।

९. दुर्गम क्षेत्रमा मोबाइल तथा इन्टरनेट सेवा कमजोर हुनु, उच्च गुणस्तरको इन्टरनेट, फाइबर तथा अन्य डिजिटल पूर्वाधार सबै क्षेत्रमा समान रूपमा विस्तार हुन नसक्नु र ग्रामीण तथा कम आय भएका नागरिकका लागि डिजिटल सेवाको लागत र जोखिम चुनौतीपूर्ण हुनु ।

१०. गुणस्तरीय सेवा र पहुँचमा असमानता, दक्ष जनशक्तिको अभाव, ग्रामीण तथा दुर्गम क्षेत्रमा पूर्वाधारको कमी, पर्याप्त लगानीको अभाव, प्रविधिको सीमित प्रयोग तथा दक्ष जनशक्ति पलायनका कारण शिक्षा तथा स्वास्थ्य क्षेत्रको गुणस्तर र विस्तार सीमित हुनु ।

### ५.७.२ सम्भावनाहरु

१. कोशी प्रदेशमा हिमाली, पहाडी, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटनको प्रचुर सम्भावना रहेकोले पर्यटन पूर्वाधारको विकास, गन्तव्यको प्रभावकारी प्रचार-प्रसार, डिजिटल मार्केटिङ तथा पर्यटन प्याकेज निर्माणमार्फत आन्तरिक तथा बाह्य पर्यटकको संख्या र बसाइ अवधि बढाउन सकिने सम्भावना रहेको छ ।

२. बैंक तथा वित्तीय संस्थाको विस्तार, डिजिटल बैंकिङ, मोबाइल बैंकिङ, डिजिटल भुक्तानी, बीमा तथा वित्तीय प्रविधिको विकासमार्फत ग्रामीण तथा दुर्गम क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्न र बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहेको छ ।

३. वित्तीय सेवाको माग तथा आपूर्तिका सम्बन्धमा वित्तीय साक्षरता कार्यक्रममार्फत शहरी क्षेत्रका सेवाग्रहीहरु र दुरदराजमा भएका ग्रामिण सेवाग्रहीहरुलाई वित्तीय पहुँच एवं वित्तीय उपकरणको प्रयोग बढाएर अनौपचारिक आर्थिक गतिविधि (Informal Economy) लाई घटाउन सकिने ।

४. कृषि, पर्यटन, लघु तथा साना उद्योग, महिला उद्यमशीलता, युवा स्वरोजगार तथा उत्पादनमूलक व्यवसायमा सहुलियतपूर्ण र प्राथमिकताप्राप्त कर्जा प्रभावकारी रूपमा परिचालन गरी रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा उत्पादन वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

५. प्रदेशका कृषि, पर्यटन, उद्योग तथा व्यापारिक केन्द्रहरूलाई सडक तथा यातायात सञ्जालसँग जोड्दै अन्तरप्रदेशीय तथा सीमावर्ती व्यापार विस्तार गर्न सकिने र सडक तथा पुलको स्तरोन्नति र सार्वजनिक यातायातको सुधारले आर्थिक गतिविधि थप विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

६. मोबाइल तथा इन्टरनेटको पहुँच विस्तार, फाइबर नेटवर्क, डिजिटल सेवा, E-Commerce, डिजिटल शिक्षा तथा डिजिटल सरकारी सेवाको विस्तारमार्फत ग्रामीण अर्थतन्त्रलाई डिजिटल अर्थतन्त्रसँग जोड्न सकिने सम्भावना रहेको छ ।

७. प्रदेशमा रहेका विश्वविद्यालय, कलेज तथा प्राविधिक शिक्षालयलाई सीपमूलक, रोजगारमुखी तथा अनुसन्धानमा आधारित शिक्षासँग जोड्दै कृषि, पर्यटन, सूचना प्रविधि, स्वास्थ्य तथा प्राविधिक क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

८. जलविद्युत उत्पादनको उच्च सम्भावना, पेट्रोलियम पदार्थको आयातमा निर्भरता घटाउने आवश्यकता र वातावरणमैत्री यातायातको मागका कारण कोशी प्रदेशमा विद्युतीय सवारीसाधनको प्रयोग र यससँग सम्बन्धित पूर्वाधार तथा व्यवसाय विस्तारको राम्रो सम्भावना रहेको छ ।

९. सरकारी तथा निजी स्वास्थ्य संस्थाको क्षमता विस्तार, विशेषज्ञ स्वास्थ्य सेवा, मेडिकल शिक्षा, डिजिटल स्वास्थ्य सेवा आदिको विकासमार्फत तथा स्वास्थ्य वीमा कार्यक्रमको दायरा एवम् पहुँच वृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

१०. पर्यटन, वित्तीय सेवा, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, रियलस्टेट तथा अन्य सेवाबीच अन्तरसम्बन्ध कायम गरी रोजगारी सिर्जना, निजी लगानी आकर्षण, उत्पादन तथा उत्पादकत्व वृद्धि र प्रदेशको GDP मा सेवा क्षेत्रको योगदान बढाउन सकिने महत्वपूर्ण सम्भावना रहेको छ ।

# परिच्छेद ६: पूर्वाधार र रोजगार

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ जलविद्युत

कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा आर्थिक वर्ष २०८२/८३ असार मसान्तसम्ममा निर्माण सम्पन्न ६४ वटा जलविद्युत आयोजनाहरूको उत्पादन क्षमता ९७७.२ मेगावाट रहेको छ। त्यसैगरी, मोरङ जिल्लामा ग्रिड कनेक्टेड सोलार आयोजनाबाट ६.८ मेगावाट र झापा जिल्लामा झापा इनर्जी लिमिटेडबाट १० मेगावाट क्षमताको सोलार आयोजनाबाट विद्युत उत्पादन भइरहेको छ। कोशी प्रदेशमा सञ्चालित सोलार जलविद्युत सहित सबै आयोजनाहरूको कुल उत्पादन क्षमता ९९४.० मेगावाट रहेको छ। समीक्षा अवधिमा कोशी प्रदेशमा निर्माण सम्पन्न ७ वटा जलविद्युत आयोजनाहरुको विद्युत उत्पादन क्षमता २०६.२ मेगावाट रहेको छ।

कोशी प्रदेशमा सञ्चालित जलविद्युत आयोजनाहरुमध्ये सोलुखुम्बु जिल्लाको सबैभन्दा बढी ३४९.८ मेगावाट विद्युत उत्पादन क्षमता रहेको छ। यस प्रदेशका जिल्लाहरूमध्ये इलाममा १८ वटा, संखुवासभामा १० वटा, सोलुखुम्बुमा १० वटा, ताप्लेजुङमा ९ वटा, ओखलढुङ्गामा ५ वटा, भोजपुर र पाँचथरमा ४-४ वटा, तेह्रथुम र खोटाङमा २-२ वटा जलविद्युत आयोजनाहरु रहेका छन् भने झापा र मोरङमा १/१ वटा सोलार विद्युत आयोजना रहेका छन्।

**चार्ट ६.१ : जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता)**




*स्रोत : विद्युत विकास विभाग*

### ६.१.२ कोशी प्रदेशको अर्थतन्त्रमा प्रभाव पार्ने ठूला आयोजनाहरु

#### १. अरुण तेस्रो जलविद्युत परियोजना

अरुण तेस्रो जलविद्युत परियोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना तथा अरुण तेस्रो जलविद्युत आयोजना (प्रसारणलाइन निर्माण) गरी दुई वटा आयोजना रहेका छन् । दुवै आयोजनाहरुको कुल अनुमानित लागत रु.१ खर्ब ८८ अर्ब रहेको छ ।

९०० मेगावाट कुल विद्युत उत्पादन क्षमता रहेको अरुण तेस्रो जलविद्युत आयोजनाको निर्माण कार्य वि.स. २०७५ वैशाखबाट प्रारम्भ भई वि.स. २०८५ पुस सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । २०८३ असार मसान्तसम्म यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७५.८१ प्रतिशत र ६१.२८ प्रतिशत रहेको छ । यस आयोजनामा स्वदेशी १ हजार ४ सय ४९ जना र विदेशी १ हजार १ सय ८० जना गरी कुल २ हजार ६ सय २९ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

४०० के.भी. क्षमता र २१७ किलोमिटर लम्बाई भएको अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. (प्रसारणलाइन निर्माण) को निर्माण कार्य वि.स. २०७६ माघबाट प्रारम्भ भई वि.स. २०८५ पुसमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको वि.सं.२०८३ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ५८.६५ प्रतिशत र ५५.७३ प्रतिशत रहेको छ । यस आयोजनाबाट स्वदेशी ८२ र विदेशी ९४ गरी कुल १७६ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

#### २. कोशी कोरिडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेशन निर्माण आयोजना

कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन आयोजना अन्तर्गत इनरुवा–बसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइनको दोस्रो सर्किट तार तान्ने आयोजना र ताप्लेजुङ स्थित ढुंगेसाँघु १३२ के.भी. सव-स्टेशनलाई २२० के.भी. मा विस्तार आयोजना गरी २ वटा आयोजनाहरु सञ्चालनमा रहेका छन् ।

कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन आयोजनाको इनरुवा–बसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइनको दोस्रो सर्किट तार तान्ने आयोजना १०६ कि.मी. आयोजना निर्माण पश्चात २००० मेगावाट प्रयोग गर्न सकिने क्षमताको हुनेछ। यो आयोजना २०२६ फेब्रुअरीमा शुरु भई २०२८ मार्चमा सम्पन्न हुनेछ। आयोजनाको कुल लागत रु.१ अर्ब ५० करोड रहेको छ तथा आयोजनाको भौतिक प्रगति १ प्रतिशत मात्र रहेको छ। यो आयोजना हाल डिजाईनको चरणमा रहेको तथा शुरुवातमा १० प्रतिशत पेश्की रकम भुक्तानी भएको छ।

कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन आयोजनाको ताप्लेजुङ स्थित ढुंगेसाँघु १३२ के.भी. सव-स्टेशनलाई २२० के.भी.मा विस्तार आयोजना स्टेप अप/डाउन क्षमता ४०० एम.भी.ए. ले थप हुने आयोजना हो । आयोजनाका लागि प्राप्त विभिन्न प्रस्तावहरु मूल्याङ्कनको चरणमा रहेका छन् ।

### ३. कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना

यस आयोजनाको निर्माण कार्य आर्थिक वर्ष २०७४/७५ बाट प्रारम्भ भई आ.व. २०८३/८४ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। कुल २३ कि.मी लम्बाई रहेको यस आयोजनाको अनुमानित कुल लागत रु.१ अर्ब ९२ करोड २८ लाख ५० हजार रहेको छ। यस आयोजनाको वि.सं. २०८३ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७९.२९ प्रतिशत र ८०.१८ प्रतिशत रहेको छ।

### ४. पुष्पलाल मध्यपहाडी लोकमार्ग

कोशी प्रदेश अन्तर्गत पुष्पलाल मध्यपहाडी लोकमार्गको कुल लम्बाई ५१२ किलोमिटर (संशोधित) रहेको छ। यस लोकमार्गलाई दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ।

लोकमार्गको पहिलो खण्ड पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ। वि.सं. २०६९ वैशाखबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्बाई ३८२ किलोमिटर तथा अनुमानित कुल लागत रु.१३ अर्ब रहेको छ। वि.सं. २०८६ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको २०८३ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८० प्रतिशत तथा ७५ प्रतिशत रहेको छ। यस आयोजनाबाट कुल २७० जनाले रोजगारी पाइरहेका छन्।

त्यसैगरी, यस लोकमार्गको दोस्रो खण्ड खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ। आ.व.२०७१/७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्बाई १३० किलोमिटर (पुल समेत) रहेको छ। जसमध्ये हलेसी दिक्तेल सडक खण्ड ३५ किलोमिटर र हर्कपुर जयराम सडक खण्ड १४ किलोमिटरको निर्माण कार्य सम्पन्न भई सडक डिभिजन कार्यालय हर्कपुरको मातहतमा रहेको छ। यस खण्ड अन्तर्गत निर्माण कार्य भइरहेको ८१ किलोमिटर सडक तथा पुलको निर्माण कार्य आ.ब. २०८४/८५ मा सम्पन्न हुने र आयोजनाको कुल लागत रु.१ अर्ब ८२ करोड लाग्ने अनुमान गरिएको छ। यस आयोजना अन्तर्गत निर्माण भइरहेका सडक तथा पुलको वि.सं. २०८३ असार मसातसम्मको भौतिक ९१ प्रतिशत र वित्तीय प्रगति ९०.७ प्रतिशत रहेको छ।

### ५. हुलाकी राजमार्गः

कोशी प्रदेशको झापा, मोरङ र सुनसरी तथा मधेश प्रदेशको सप्तरी जिल्ला अन्तर्गत रहेको हुलाकी राजमार्गको कुल लम्बाई ३३५ किलोमिटर रहेको छ। साथै, यस खण्ड अन्तर्गत २५ वटा पुलहरू रहेका छन्। अनुमानित कुल लागत रु.१५ अर्ब रहेको यस खण्डको निर्माण कार्यको प्रारम्भ आ.व. २०६६/६७ बाट भएको हो। आ.व. २०८३/८४ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.सं. २०८३ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७५.० प्रतिशत तथा ६८ प्रतिशत रहेको छ।

### ६. मदन भण्डारी राजमार्ग (भित्री तराई लोकमार्ग)

कोशी प्रदेशमा मदन भण्डारी राजमार्गको दुई खण्डमा निर्माण कार्य भइरहेको छ। यस राजमार्गको पहिलो खण्ड सुनसरी, मोरङ, झापा र इलाम जिल्लाहरूमा पर्दछ। आर्थिक वर्ष २०७६/७७ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्बाई १३० किलोमिटर रहेको छ। अनुमानित कुल लागत रु.१० अर्ब १३ करोड रहेको र आ.व.

२०८३/८४ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.सं. २०८३ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८३ प्रतिशत तथा ८१ प्रतिशत रहेको छ । यस खण्डमा स्वदेशी १५० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

त्यस्तै, लोकमार्गको दोस्रो खण्ड कोशी प्रदेशको उदयपुर तथा बागमती प्रदेश अन्तर्गत सिन्धुली जिल्लाको भिमानसम्म पर्दछ । यस अन्तर्गत उदयपुर, सिन्धुली खण्डको १३४ किलोमिटर सडकको निर्माण कार्य सम्पन्न भएको छ ।

### ७. उत्तर-दक्षिण (कोशी) सडक योजना

विराटनगरको रानी देखि बसन्तपुर, खाँदबारी हुँदै नेपालको उत्तरी सिमाना किमाथांका जोड्ने राष्ट्रिय गौरवको यो सडक योजना रहेको छ ।

यस लोकमार्ग अन्तर्गतको रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना निर्माण कार्यको प्रारम्भ आर्थिक वर्ष २०६९/७० बाट भएको हो । कुल लम्बाई ४९.५ कि.मि रहने ६ लेनमा स्तरोन्नती भईरहेको यस सडक आयोजनाको अनुमानित कुल लागत रु.१० अर्ब ९८ करोड रहेको छ । यस योजनाको वि.सं.२०८३ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति समान ९७ प्रतिशत रहेको छ ।

विभिन्न खण्डहरूमा निर्माण भइरहेको यस सडक योजनाको कार्यक्षेत्र भित्र संखुवासभा जिल्लाको खाँदबारीदेखि उत्तरी सीमा किमाथांकासम्मको कुल १ सय ६२ कि.मि सडक पर्दछ । आ.व. २०६५/६६ बाट निर्माण कार्य प्रारम्भ भएको यस योजनाको अनुमानित कुल लागत (पुल र कालोपत्रे सहित) रु.१६ अर्ब २० करोड रहेको छ । आ.व. २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको यस योजनाको वि.सं. २०८३ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४९ प्रतिशत र ४४.९ प्रतिशत रहेको छ ।

### ८. प्रदेश गौरवको आयोजना : विराटचोक-घिनाघाट सडक आयोजना

कोशी प्रदेशको प्रदेश गौरवको आयोजनाको रुपमा रहेको यस आयोजनाको निर्माण कार्य आ.व २०७५/७६ बाट प्रारम्भ भएको हो । कुल लम्बाई २२ किलोमिटर रहेको यस ४ लेन सडक आयोजनाको कुल लागत रु.२ अर्ब ५ करोड रहेको छ । यस आयोजनाको वि.सं. २०८२ माघ ३ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकामा वि.सं. २०८३ असार मसान्तसम्म भौतिक तथा वित्तीय प्रगति क्रमशः ८६ प्रतिशत र ८५ प्रतिशत रहेको छ । ठेकेदारसँगको विवादका कारण उक्त आयोजना निर्माण कार्य हाल स्थगित रहेको छ ।

### ९. तमोर करिडोर सडक आयोजना

कोशी प्रदेशको तमोर नदी किनारमा निर्माण कार्य भइरहेको यस आयोजनाको निर्माण कार्य आ.व २०७९/८० बाट प्रारम्भ भएको हो । सुनसरी जिल्लाको चतरा देखि धनकुटा जिल्लाको मुलघाट हुँदै पाँचथरको जोरसालसम्म रहेको यस आयोजनाको कुल लम्बाई १२२ किलोमिटर रहेको तथा आयोजनाको कुल लागत रु.७ अर्ब १७ करोड रहेको छ । यस आयोजनाको आ.व. २०८५/८६ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०८३ असार मसान्तसम्म भौतिक तथा वित्तीय प्रगति क्रमशः ६५ प्रतिशत र ५२ प्रतिशत रहेको छ ।

### १०. अरुण करिडोर सडक आयोजना

कोशी प्रदेशको अरुण नदिको किनार छेउ-छेउमा निर्माण कार्य भइरहेको यस आयोजनाको निर्माण कार्य आ.व २०७९/८० बाट प्रारम्भ भएको हो । सुनसरी जिल्लाको चतरा देखि धनकुटा जिल्लाको लेगुवाघाटसम्म रहेको यस आयोजनाको कुल लम्बाई ६५ किलोमिटर रहेको तथा आयोजनाको कुल लागत रु.१ अर्ब ९ करोड रहेको छ । यस आयोजनाको आ.व. २०८५/८६ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा यस वि.सं. २०८३ असार मसान्तसम्म भौतिक तथा वित्तीय प्रगति क्रमशः ४० प्रतिशत र २३ प्रतिशत रहेको छ ।

### ११. गाईघाट-दिक्तेल सडक आयोजना

कोशी प्रदेशको प्रमुख तिर्थस्थल हलेसी महादेव तथा खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल जाने यस सडक आयोजनाको निर्माण कार्य आ.व २०५१/५२ बाट प्रारम्भ भएको हो । उदयपुर जिल्लाको गाईघाट देखि खोटाङ जिल्लाको दिक्तेलसम्म रहेको यस आयोजनाको कुल लम्बाई १०१ किलोमिटर रहेको तथा आयोजनाको कुल लागत रु.४ अर्ब रहेको छ । यस आयोजनाको आ.व. २०८४/८५ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०८३ असार मसान्तसम्म भौतिक तथा वित्तीय प्रगति क्रमशः ५७ प्रतिशत र ५५ प्रतिशत रहेको छ ।

### १२. काकडभिट्टा-लौकही सडक आयोजना

महेन्द्र राजमार्ग अर्थात एशियाली राजमार्ग (AH2) को कोशी प्रदेश अन्तर्गत काकडभिट्टा-लौकही खण्डको चार लेनमा पुनः निर्माणको कार्य वि.सं. २०८० माघ १९ बाट प्रारम्भ भएको हो । झापा जिल्लाको काकडभिट्टा देखि सुनसरी जिल्लाको लौकहीसम्म रहेको यस आयोजनाको कुल लम्बाई ९५.७६ किलोमिटर रहेको तथा आयोजनाको कुल लागत रु.३४ अर्ब ९० करोड रहेको छ । यस आयोजनाको वि.सं. २०८३ माघ १८ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा यस आयोजना अन्तर्गतका विभिन्न आयोजनाहरुको वि.सं २०८३ असार मसान्तसम्म भौतिक तथा वित्तीय प्रगति निम्नानुसार रहेको छ :-

क) काकडभिट्टा- सितापुरी खण्डको भौतिक प्रगति ३९.४ प्रतिशत र भौतिक प्रगति ३७.७ प्रतिशत ।

ख) सितापुरी-गोठगाउँ खण्डको भौतिक प्रगति ४२.६ प्रतिशत र भौतिक प्रगति ३९.४ प्रतिशत ।

ग) गोठगाउँ-लविपुर खण्डको भौतिक प्रगति २२.९ प्रतिशत र भौतिक प्रगति १९.९ प्रतिशत ।

## ६.२ रोजगारी क्षेत्र

### ६.२.१ वैदेशिक रोजगारी

कोशी प्रदेशमा आर्थिक वर्ष २०८२/८३ मा गत आर्थिक वर्षको तुलनामा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या ७.८ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा यस प्रदेशका पुरुष १ लाख ३६ हजार ७ सय ९८ र महिला २६ हजार ९ सय ४५ गरी कुल १ लाख ६३ हजार ७ सय ४३ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका छन् । गत आर्थिक वर्षकमा यस प्रदेशका पुरुष १ लाख ५० हजार २ सय ८७ र महिला २७ हजार ३ सय ७२ गरी कुल १ लाख ७७ हजार ६ सय ५९ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका थिए ।

तालिका : ६.१ कोशी प्रदेशमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको जिल्लागत विवरण

| जिल्ला | आर्थिक वर्ष २०८१/८२ | | | आर्थिक वर्ष २०८२/८३ | | | वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| ताप्लेजुङ | ३,८८० | ६९७ | ४,५७७ | ३,३७२ | ६६० | ४,०३२ | -११.९ |
| संखुवासभा | ४,५१८ | ६५८ | ५,१७६ | ४,१७८ | ७१० | ४,८८८ | -५.६ |
| सोलुखुम्बु | २,८३३ | १,१३८ | ३,९७१ | २,८३२ | १,१७५ | ४,००७ | ०.९ |
| ओखलढुंगा | ४,५५१ | ७९५ | ५,३४६ | ४,२९९ | ८४९ | ५,१४८ | -३.७ |
| खोटाङ | ८,१८६ | ९४२ | ९,१२८ | ७,३९७ | १,००१ | ८,३९८ | -८.० |
| भोजपुर | ७,०५८ | ९८९ | ८,०४७ | ६,२७४ | ९७८ | ७,२५२ | -९.९ |
| धनकुटा | ५,९८१ | ९८४ | ६,९६५ | ५,७५१ | १,००८ | ६,७५९ | -३.० |
| तेह्रथुम | ३,३१४ | ३९२ | ३,७०६ | ३,०८९ | ३९६ | ३,४८५ | -६.० |
| पाँचथर | ५,८३३ | ९३८ | ६,७७१ | ५,४७१ | ९६१ | ६,४३२ | -५.० |
| इलाम | ७,७८० | २,४०९ | १०,१८९ | ७,२२० | २,२७७ | ९,४९७ | -६.८ |
| झापा | ३१,१६९ | ७,६३१ | ३८,८०० | २७,८१० | ७,३१४ | ३५,१२४ | -९.५ |
| मोरङ | २९,४८० | ५,१८७ | ३४,६६७ | २६,८९७ | ५,०९३ | ३१,९९० | -७.७ |
| सुनसरी | २४,४०६ | २,७५४ | २७,१६० | २१,७३४ | २,६३१ | २४,३६५ | -१०.३ |
| उदयपुर | ११,२९८ | १,८५८ | १३,१५६ | १०,४७४ | १,८९२ | १२,३६६ | -६.० |
| **जम्मा** | **१५०,२८७** | **२७,३७२** | **१७७,६५९** | **१३६,७९८** | **२६,९४५** | **१६३,७४३** | **-७.८** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८३*

### ६.२.२ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशका १४ वटा जिल्लाहरुका कुल ९८ हजार ४ सय ३६ जना बेरोजगार व्यक्तिको रुपमा सूचीकृत भएकोमा २ हजार ४ सय ४२ वटा आयोजनाबाट ५ हजार ५ सय ५७ जनाले रोजगारी प्राप्त गरेका छन् । रोजगारी प्राप्त गर्ने संख्याको आधारमा सबैभन्दा बढी ओखलढुङ्गा जिल्लाका ५ सय ४७ जनाले रोजगारी प्राप्त गरेका छन् भने सबैभन्दा कम सुनसरी जिल्लाका २ सय २४ जनाले रोजगारी प्राप्त गरेका छन् । त्यसैगरी, सूचीकृत बेरोजगार व्यक्तिको तुलनामा रोजगारी प्राप्त गर्ने व्यक्तिको अनुपात मोरङ जिल्लामा सबैभन्दा बढी १३.३ प्रतिशत र सुनसरी जिल्लामा सबैभन्दा कम २.५ प्रतिशत रहेको छ ।

*प्रधानमन्त्री रोजगार कार्यक्रम खारेज भई सोको सट्टामा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम वि.स. २०८२ माघ देखि ७५३ वटै स्थानीय तहमा लागू भएको छ ।

**तालिका ६.२ : रोजगार कार्यक्रम कार्यान्वयनको जिल्लागत विवरण**

| जिल्ला | आर्थिक वर्ष २०८१/८२ | | | आर्थिक वर्ष २०८२/८३ | | |
|---|---|---|---|---|---|---|
| | सूचीकृत बेरोजगार व्यक्तिको संख्या | रोजगारीमा खटिएको व्यक्तिको संख्या | बेरोजगारको तुलनामा रोजगारी अनुपात | सूचीकृत बेरोजगार व्यक्तिको संख्या | रोजगारीमा खटिएको व्यक्तिको संख्या | बेरोजगारको तुलनामा रोजगारी अनुपात |
| ताप्लेजुङ | ६,७६८ | ६०१ | ८.९ | ५,६६६ | ५१४ | ९.१ |
| संखुवासभा | ७,९१४ | ८६४ | १०.९ | ५,८२५ | ४४६ | ७.७ |
| सोलुखुम्बु | ५,०५९ | ५०९ | १०.१ | ४,७८५ | ४६६ | ९.७ |
| ओखलढुङ्गा | ९,३२६ | ७३५ | ७.९ | ८,४०० | ५४७ | ६.५ |
| खोटाङ | ७,०३३ | ७१४ | १०.२ | ६,९४१ | ४८९ | ७.० |
| भोजपुर | ९,७६७ | ७०१ | ७.२ | १०,३५१ | ५४३ | ५.२ |
| धनकुटा | ५,१८६ | ४७२ | ९.१ | ५,५२१ | २२६ | ४.१ |
| तेह्रथुम | ४,३०६ | ३९४ | ९.२ | ४,८९५ | २४५ | ५.० |
| पाँचथर | १४,३४० | ५७३ | ४.० | १२,२९० | ५१८ | ४.२ |
| इलाम | १०,३२२ | ८६६ | ८.४ | १०,००३ | ३३२ | ३.३ |
| झापा | ५,७१२ | ८८४ | १५.५ | ५,५३६ | २५६ | ४.६ |
| मोरङ | ६,२९४ | १,१३३ | १८.० | ३,८७१ | ५१६ | १३.३ |
| सुनसरी | ९,१३६ | ९२७ | १०.१ | ८,८५५ | २२४ | २.५ |
| उदयपुर | ५,४५२ | ५५७ | १०.२ | ५,४९७ | २३५ | ४.३ |
| **जम्मा** | **१०६,६१५** | **९,९३०** | **९.३** | **९८,४३६** | **५,५५७** | **५.६** |

*स्रोत : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८३*

## ६.३ पूर्वाधार र रोजगार क्षेत्रका चुनौती र सम्भावना

### ६.३.१ चुनौतीहरू

१. भौगोलिक रूपमा विकट र प्राकृतिक प्रकोपको चपेटामा परिरहने हिमाली एवं पहाडी जिल्लाहरूमा सुरक्षित तथा दीर्घकालीन पूर्वाधार संरचना तयार पार्न नीतिगत कदम चाल्ने र त्यसलाई व्यवहारमा उतार्नुका साथै आयोजना सम्पन्न भए पश्चात निरन्तर अनुगमन र मर्मत सम्भार गर्न विभिन्न निकायहरुबीच प्रभावकारी समन्वय स्थापित गर्नु ।

२. पूर्वाधार निर्माण गर्न आवश्यक पर्ने निर्माण सामाग्रीहरुलाई स्वदेश भित्रै उत्पादन गर्ने वातावरण सिर्जना गर्नुका साथै निर्माण सामग्री उत्खनन्/प्रयोग सहज हुने वातावरण सृजना गर्नु ।

३. कोशी प्रदेशको अधिकांश हिमाली तथा पहाडी भूभागमा रहेको कठिन भू-बनोट तथा हावापानीमा रहेको विविधताका कारण सडक तथा अन्य पूर्वाधार निर्माण कार्यमा बढी लागत र समय लाग्ने पक्ष एउटा चुनौतीको रुपमा रहेको पाईन्छ ।

४. कोशी प्रदेशका इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा जस्ता पहाडी र हिमाली जिल्लाहरू पहिरोको उच्च जोखिममा छन् । वर्षायाममा आउने बाढी र पहिरोले बर्सेनि करोडौँका सडक, पुल र खानेपानी आयोजनाहरू

नष्ट हुने गरेको छ। सम्पन्न भएका आयोजनाहरुको दिगो इन्जिनियरिङको अभावमा तथा वातावरण र भूबनोटको उचित अध्ययन बिना बनेका ग्रामीण सडकहरूको भूक्षयको समस्या समाधान हुने गरी दिगोपन सुनिश्चित गर्नु एउटा चुनौती देखिन्छ ।

५. आवश्यकताको पहिचान नभएका र साना आयोजनाहरूमा बजेट विनियोजन भएकोले व्यवस्थापनमा समस्या रहेका तथा रणनीतिक महत्वका ठूला आयोजनाहरू लामो समयसम्म सम्पन्न हुन सकेका छैनन् । बहुवर्षीय सडक तथा भौतिक पूर्वाधार आयोजनाहरूको अर्बौं रुपैयाँ बराबरको भुक्तानी दायित्व बाँकी रहँदा प्रदेश सरकारलाई नयाँ आयोजना शुरु गर्न र पुरानालाई निरन्तरता दिन आर्थिक चुनौती भएको देखिन्छ ।

६. भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका धेरैजसो मुख्य सडक तथा पुलका ठूला आयोजनाहरू समयमै नसकिँदा राज्यलाई करोडौंको अतिरिक्त भार थपिनुका साथै निर्माणको मुख्य सिजनमा बिटुमिन, इन्धन र अन्य निर्माण सामग्रीको अभाव तथा बढ्दो मूल्यवृद्धिका कारण निर्माण कार्य समय समयमा रोकिने अवस्था छ। साथै, ठेक्का शुरु हुँदादेखि अन्त्यको प्रक्रियासम्ममा सार्वजनिक खरिद नियमावलीमा विभिन्न संशोधन हुने क्रमले समेत परियोजना पूरा हुन चुनौती भएको देखिन्छ ।

७. ठूला परियोजना तथा ग्रामीण पूर्वाधार र सडक सञ्जाल विस्तार गर्दा व्यक्तिगत सम्पत्ति वा घरजग्गाको क्षतिपूर्ति र मुआब्जा निर्धारणको स्पष्ट मापदण्ड समयमै नमिल्दा स्थानीयबासी र सरकारबीच विवाद भई आयोजनाहरू लामो समयसम्म रोकिने गरेकोमा स्थानिय बासिन्दाको समर्थन जुटाउनु तथा अधिग्रहण कार्यलाई सहज बनाउने चुनौती रहेको छ। यद्यपि प्रदेश सरकारबाट यस सम्बन्धी कार्यविधि बनाई, समाधानको प्रकृया शुरु भएको छ।

८. एउटै आयोजनामा तीन तहकै सरकारले आ-आफ्नो ढङ्गले बजेट विनियोजन गर्दा योजनाहरूको दोहोरोपन हुने र गुणस्तर कायम नहुने चुनौती छ ।

९. कोशी प्रदेशको ठूलो जनसंख्या अझै पनि कृषिमा आधारित छ। कृषिको आधुनिकीकरण र व्यावसायीकरणको गति सुस्त हुँदा सम्मानजनक र दीर्घकालीन रोजगारी सिर्जना गर्न चुनौती देखिन्छ।

१०. शैक्षिक संस्थाहरूले उत्पादन गर्ने जनशक्ति र बजारलाई चाहिने प्राविधिक तथा सीपयुक्त जनशक्तिबीच तादम्यता मिलाउने चुनौती छ।

११. प्रादेशिक रोजगार नीति र श्रम बजारका योजनाहरू उपयुक्त भए पनि तल्लो तहसम्म प्रभावकारी कार्यान्वयनमा चुनौती छ।

१२. विराटनगर-इटहरी कोरिडोर जस्ता औद्योगिक क्षेत्रहरू भएतापनि ऊर्जा संकटको व्यवस्थापन, कच्चा पदार्थको अभाव र उच्च उत्पादन लागतका कारण नयाँ उद्योगहरू खुल्ने र रोजगारी बढाउने चुनौती छ। साथै, यहाँको श्रम बजारको ठूलो हिस्सा अनौपचारिक क्षेत्र जस्तैः खुद्रा व्यापार, यातायात, ज्यालादारी लगायतमा सामाजिक सुरक्षा, न्यूनतम पारिश्रमिक र रोजगारी सुरक्षाको चुनौती छ।

१३. धार्मिक तथा पर्यटन र सेवा क्षेत्रको पूर्ण उपयोग हुन नसकेका कारण सगरमाथा, कञ्चनजङ्घा र मकालु जस्ता विश्व प्रसिद्ध हिमाल तथा पाथिभरा, हलेसी महादेव, चतराधाम लगायतका धार्मिक तिर्थस्थलहरू भएतापनि सो क्षेत्रलाई व्यवस्थित गरी ठूलो संख्यामा रोजगारी सिर्जना गर्न चुनौती रहेको छ ।

१४. स्वदेशमा न्यून पारिश्रमिक र असुरक्षित भविष्यका कारण युवाहरूमा श्रम स्वीकृति लिएर वा अध्ययनको बहानामा विदेशिने लहर तीव्र छ, जसले गर्दा स्थानीय स्तरमा दक्ष श्रमिकको अभाव हुने देखिन्छ ।

१५. महिला र सीमान्तकृत समुदायका लागि संगठित क्षेत्रमा रोजगारीका अवसरहरू अझै पनि सीमित हुनुका साथै, कोशी प्रदेशका हिमाली र पहाडी जिल्लाहरूबाट सुगम र सहरी क्षेत्र (तराई) तर्फ तीव्र बसाइँ सराइ भइरहेको छ, जसले गर्दा ग्रामीण भेगमा रोजगारीका अवसरहरू प्रायः ठप्प अवस्थामा छन् ।

**६.३.२ सम्भावनाहरू**

१. अरुण, तमोर र कन्काई जस्ता नेपालकै ठूला नदी प्रणालीहरू यसै प्रदेशमा पर्छन् । निर्माणाधिन जलविद्युत आयोजनाहरुमध्ये ठूलो ९०० मेगावाट क्षमताको अरुण तेस्रो जस्ता ठूला जलविद्युत आयोजनाहरूको निर्माण कार्य तीव्र गतिमा अघि बढिरहेको छ । जलाशययुक्त आयोजनाहरूको रुपमा माथिल्लो अरुण (१०६३ मेगावाट) र दूधकोशी (६३५ मेगावाट) लाई विकास गरेर यो प्रदेश हरित ऊर्जामा आत्मनिर्भर मात्र नभई विद्युत निर्यातको केन्द्र समेत बन्न सक्छ । यसका साथै तराईका झापा, मोरङ र सुनसरी जिल्लाहरुमा समेत सोलार विधुत केन्द्र स्थापनाको क्रम बढेकोले भविष्यमा वैकल्पिक उर्जाको श्रोतको रुपमा विस्तार हुने सम्भावना प्रबल रहेको छ ।

२. उत्पादित बिजुली ढल्केबर-मुजफ्फरपुर र इनरुवा-पूर्णिया जस्ता प्रसारण लाइनमार्फत भारत र बंगलादेशसम्म निर्यात गरी ठूलो आर्थिक लाभ हासिल गर्न सकिनुका साथै कोशी प्रदेश अन्तरदेशीय प्रसारण लाइनको निर्माण र विस्तार गर्ने उच्च सम्भावना छ ।

३. विराटनगर-किमाथाङ्का सडक (कोशी राजमार्ग) को निर्माण सम्पन्न भए पश्चात यो सडकले भारतको जोगबनी र चीनको किमाथाङ्का नाकालाई जोड्छ भने मेची राजमार्गले भद्रपुर देखि ओलाङचुङगोला जोड्छ । यी राजमार्गहरुलाई त्रिदेशीय व्यापारिक मार्गको रूपमा पूर्ण रूपमा सञ्चालन गर्न सके कोशी प्रदेश दक्षिण एसियाकै प्रमुख व्यापारिक ट्रान्जिट हब बन्न सक्छ । साथै, निर्माणाधीन रहेका पुष्पलाल मध्य पहाडी लोकमार्ग, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, कोशी राजमार्ग जस्ता सडक आयोजनाको निर्माण सम्पन्न भए पश्चात् दुर्गम क्षेत्रका मानिसहरुको बजारसम्मको पहुँचमा सुधार आउने भएकोले उक्त भौगोलिक क्षेत्र आसपासको आर्थिक क्रियाकलाप केन्द्र बन्न सक्दछ ।

४. क्रस-बोर्डर कनेक्टिभिटीको रुपमा विराटनगरको आईसीपी र एकीकृत भन्सार राष्ट्रियस्तरकै ठूलो व्यापारिक केन्द्रको रूपमा सञ्चालनमा रहेकोले औद्योगिक उत्पादन आयात-निर्यातमा उच्च सहजता भई कृषि, व्यापार, पर्यटन र उद्योगहरुको विकास अझै बढ्दै जाने सम्भावना छ ।

५. विराटनगर विमानस्थलको स्तरोन्नति भईरहेकोले विराटनगर विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गरेर भारतका विभिन्न सहर र भुटानसँग सिधा हवाई सम्पर्क जोड्न सकिने सम्भावना रहेको छ ।

६. पूर्व-पश्चिम विद्युतीय रेलवे तथा नयाँ यातायात प्रणालीको रुपमा विश्वका विभिन्न बजारमा सञ्चालनमा रहेको पडवे यातायात प्रणालीको विराटनगर-धरान खण्डमा सम्भाव्यता अध्ययन भइरहेको छ । यसरी आधुनिक पडवे प्रणाली जस्ता नयाँ प्रविधि भित्राएर यातायात पूर्वाधारलाई थप स्मार्ट बनाउने नयाँ सम्भावना छ ।

७. नेपालकै पुरानो र ठूलो औद्योगिक क्षेत्र विराटनगर-इटहरी औद्योगिक करिडोरलाई विशेष आर्थिक क्षेत्रको रुपमा विकास गरी आधुनिक पूर्वाधारयुक्त बनाई २४ सै घण्टा विद्युत आपूर्ति दिएर थप विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

८. ताप्लेजुङ, संखुवासभा, इलाम, धनकुटा र पाँचथर जस्ता हिमाली र पहाडी जिल्लाहरूमा उत्पादित चिया, अलैंची, अदुवा, अकबरे खोर्सानी, फलफूलहरु, दूधका परिकारहरु तथा विभिन्न तरकारीहरुलाई विश्व बजारमा पुऱ्याउन आधुनिक कृषि बजार र शीत भण्डारको विकास आवश्यक भएकोले कृषि प्रशोधन केन्द्र र शीत भण्डार निर्माण गरी खाद्य सुरक्षा तथा निर्यातलाई प्रवर्द्धन गर्न सकिन्छ ।

९. स्वास्थ्य र शैक्षिक पूर्वाधार क्षेत्रमा धरानको बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, बिर्तामोडका अस्पतालहरु तथा कलेजहरु र विराटनगरका अस्पतालहरु तथा मेडिकल कलेजहरूलाई थप सुविधासम्पन्न बनाई पूर्वी नेपाल र भारतीय नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने मेडिकल हब बनाउन सकिन्छ ।

१०. विश्वकै सर्वोच्च शिखर सगरमाथा, तेस्रो अग्लो हिमाल कञ्चनजङ्घा र मकालु हिमाल लगायत विश्वका ८ हजार मिटर भन्दा अग्ला हिमालहरु यसै प्रदेशमा पर्छन् । यी स्थलहरूको भ्रमणका लागि केबलकार र सुविधा सम्पन्न होटलहरु जस्ता एकीकृत पूर्वाधारहरु निर्माण गरेर भारतीय र आन्तरिक पर्यटक आकर्षण गर्न सकिने सम्भावना रहेको छ ।

११. इलामका चियाबगानहरु, भेडेटार, बसन्तपुर, लालीगुराँसको राजधानी मानिएको तिनजुरे-मिल्के-जलजले क्षेत्र र धनकुटा जस्ता प्राकृतिक हिल स्टेसनहरूलाई कृषि-पर्यटन र मनोरञ्जनात्मक रिसोर्टको रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

१२. धार्मिक पर्यटन करिडोरको रुपमा ताप्लेजुङ, इलाम र झापा जिल्लाको पाथिभरा, सुनसरी जिल्लाको बराहक्षेत्र र खोटाङ जिल्लाको हलेसी महादेवलाई एकीकृत सर्किटमा जोडेर आन्तरिक पर्यटक तथा छिमेकी देश भारतका विहार, पश्चिम बंगाल र उत्तर प्रदेशबाट लाखौं धार्मिक पर्यटकहरु भित्राउन केबलकार र सुविधायुक्त होटलहरूको पूर्वाधार विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

## बक्स ४: माईखोला पहिरो (राजदुवाली खण्ड)

झापाको कचनकवलदेखि ताप्लेजुङको ओलाङचुङगोलासम्म ३५६ कि.मी. लम्बाई रहेको मेची राजमार्ग (NH-०२) ले भारत र चीनको बजारलाई जोड्दछ । इलाम लगायत पूर्वी पहाडी क्षेत्रका नागरिकहरुका लागि कृषि उपज बजार पुऱ्याउन, दैनिक उपभोग्य वस्तु र निर्माण सामग्री आपूर्ति गर्न तथा स्वास्थ्य र शिक्षामा पहुँच पुऱ्याउन यो सडक निर्विकल्प छ । पूर्वको प्रसिद्ध तीर्थस्थल पाथीभरा धाम र अन्य पर्यटकीय क्षेत्र भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकका लागि यो मुख्य मार्ग हो ।

इलाम नगरपालिका-९ स्थित राजदुवाली (माईखोला) खण्डमा हरेक वर्ष वर्षा याम सुरु हुनासाथ ठूलो बाढी र पहिरो जाने गर्दछ । वि.सं. २०८३ असार २३ गते लेदो सहित खसेको भीषण पहिरो र सडक भासिएका कारण यो खण्ड करिब २ महिनासम्म पूर्ण रूपमा अवरुद्ध भयो । यसले गर्दा इलाम, पाँचथर र ताप्लेजुङ जिल्लाहरुको झापा जिल्लासँगको सीधा सडक सम्पर्क विच्छेद भयो । सडक डिभिजन कार्यालय, सुरक्षाकर्मी र स्थानीयको प्रयासमा पहिरो पन्छाउने काम भयो । यात्रुहरू करिब डेढ किलोमिटर पैदल हिँड्न बाध्य भए । बिरामी र ज्येष्ठ नागरिकलाई नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले स्ट्रेचरमा बोकेर पहिरो पार गराए । बजारमा उपभोग्य सामग्री र एल.पी.जी ग्यासको अभाव भई महँगी बढेर सामान्य नागरिकको जनजिवन समेत प्रभावित भयो ।

मुख्य सडक बन्द हुँदा साना र शक्तिशाली फोर ह्वील गाडीहरुका लागि तीनवटा वैकल्पिक मार्ग रहेका छन् । पहिलो माईखोला डाइभर्सन (गोलाखर्क-माईखोला मार्ग) जसमा पहिरो छल्न नदी किनारको कच्ची सडक प्रयोग गरिएको थियो तर पानी पर्नासाथ यो मार्ग अत्यन्तै हिलाम्मे र जोखिमपूर्ण हुन्छ । दोस्रो सिमल गोलाई-तिलकेनी सडक जसले इलाम बजार जोड्छ तर यस ग्रामीण मार्गमा साना र शक्तिशाली गाडी मात्र चल्न सक्छन् । अर्को बेलासे सडक खण्ड जुन आशिंक रुपमा सञ्चालनमा रहेको र यसलाई पूर्ण सञ्चालनमा ल्याउन बेलीब्रिज (Bailey Bridge) जडान गर्ने योजना समेत बनाइएको थियो ।





सरकारबाट आपत्कालीन मर्मत र पहिरो हटाउन रु.२१ करोड ९० लाख रुपैयाँ बजेट छुट्याएर तीव्र रूपमा काम अघि बढाइएको थियो । हरेक वर्ष पहिरो सफा गर्ने र सडक मर्मत गर्ने तर अर्को वर्ष फेरि सोही ठाउँमा पहिरो जाने परिपाटीले राज्यको ठूलो धनराशी एउटै ठाउँमा बालुवामा पानी हाले जस्तै भइरहेको छ । दीर्घकालीन रूपमा हेर्दा, वार्षिक रूपमा मर्मतमा गरिने खर्च र यातायात बन्द हुँदा हुने आर्थिक क्षति मर्मतको कुल योग नयाँ पूर्वाधार बनाउने लागत भन्दा बढी हुन आउँछ ।

समस्याको स्थायी समाधानका लागि सुझावहरु अन्तर्गत माईखोला क्षेत्रको विस्तृत भौगर्भिक तथा प्राविधिक अध्ययन (Detailed Geological Survey) गर्ने, हालको स्थान र ५०० मिटर यताको प्रस्तावित सुरक्षित स्थानबीच लागत-लाभको तुलनात्मक अध्ययन गर्ने, स्थानान्तरण उपयुक्त देखिएमा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने, स्थानीय बासिन्दासँग समन्वय गरी जग्गा व्यवस्थापन र मुआब्जा प्रक्रिया अघि बढाउने, आवश्यक बजेट सुनिश्चित गरी चरणबद्ध रूपमा नयाँ पुल र सडक निर्माण प्रकृया शुरु गर्ने रहेका छन् ।

माईखोलाको पहिरो केवल सडक सफा गर्ने कार्यसँग मात्र सम्बन्धित छैन, यो पूर्वी पहाडको दिगो कनेक्टिभिटीको सवाल हो । हरेक वर्ष एउटै अस्थायी काममा करोडौँ रुपैयाँ खर्च गरिरहनु भन्दा जोखिमको मूल कारण पहिचान गरी सुरक्षित स्थानमा स्थायी पूर्वाधार निर्माण गर्नु राज्यको दीर्घकालीन हितमा हुने देखिन्छ ।

# परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति

आर्थिक वर्ष २०८२/८३ का लागि कोशी प्रदेश सरकारले कुल रु.३५ अर्ब ८७ करोड बजेट विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार २०८३ असार मसान्तसम्म रु.२६ अर्ब ८३ करोड खर्च भएको छ जुन कुल विनियोजनको ७४.८० प्रतिशत हो । आ.व. २०८१/८२ मा विनियोजन भएको कुल बजेटको ८२.८२ प्रतिशत खर्च भएको थियो ।

आर्थिक वर्ष २०८२/८३ मा चालु खर्च तर्फ विनियोजन भएको रु.१८ अर्ब ७७ करोडमध्ये रु.१४ अर्ब ५९ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ७७.७३ प्रतिशत हो । अघिल्लो वर्ष यस्तो खर्च विनियोजित चालु खर्चको ८०.३४ प्रतिशत रहेको थियो । त्यसैगरी पुँजीगत खर्चतर्फ रु.१७ अर्ब १० करोड विनियोजन भएकोमा रु.१२ अर्ब ३८ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको ७२.४० प्रतिशत हो । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च विनियोजित पुँजीगत खर्चको ८५.३७ प्रतिशत रहेको थियो ।

कोशी प्रदेश सरकारले आ.व.२०८२/८३ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी रु.२१ अर्ब ३८ करोड कुल राजश्व अनुमान गरेकोमा रु.१७ अर्ब २७ करोड राजश्व संकलन गरेको छ जुन कुल राजश्व अनुमानको ८०.७८ प्रतिशत हो । आ.व. २०८२/८३ मा कोशी प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१४ अर्ब ४९ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८३ असार मसान्तसम्म कुल रु.१३ अर्ब ११ करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये सबैभन्दा बढी समानीकरण अनुदान रु.८ अर्ब २१ करोड रहेको छ भने सबैभन्दा कम समपुरक अनुदान रु.३९ करोड रहेको छ । त्यसैगरी सशर्त अनुदान रु.३ अर्ब ९५ करोड र विशेष अनुदान रु.५६ करोड रहेको छ ।

**तालिका ७.१ : कोशी प्रदेश सरकारको वित्त स्थिति**

| शीर्षक | आर्थिक वर्ष २०८१/८२ | | आर्थिक वर्ष २०८२/८३ | | प्रगति (%) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०८१/८२ | २०८२/८३ |
| **कुल खर्च (रु.अर्ब)** | ३५.२७ | २९.२१ | ३५.८७ | २६.८३ | ८२.८२ | ७४.८० |
| चालु खर्च | १९.०७ | १५.३२ | १८.७७ | १४.५९ | ८०.३४ | ७७.७३ |
| पुँजीगत खर्च | १६.२० | १३.८३ | १७.१० | १२.३८ | ८५.३७ | ७२.४० |
| **कुल राजश्व (रु.अर्ब)** | २०.६३ | १६.०३ | २१.३८ | १७.२७ | ७७.७० | ८०.७८ |
| **अनुदान प्राप्ति (रु.अर्ब)** | १४.६४ | १३.३१ | १४.४९ | १३.११ | ९०.९२ | ९०.४८ |

*स्रोत : कोशी प्रदेश सरकारको बजेट वक्तव्य तथा प्रदेश लेखा नियन्त्रक कार्यालय*

## ७.२ कोशी प्रदेशका स्थानीय तहहरूको बजेट कार्यान्वयनको स्थिति

कोशी प्रदेशमा रहेका स्थानीय तहहरूले आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेटको ६६.३६ प्रतिशत रकम खर्च गरेका छन् । अघिल्लो आर्थिक वर्षमा विनियोजित कुल बजेटको ६९.२० प्रतिशत खर्च भएको थियो । आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहहरूले गरेको खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा ८.७३ प्रतिशतले कम हो ।

आर्थिक वर्ष २०८२/८३ मा विनियोजित चालु खर्च बजेटको ८०.३६ प्रतिशत रकम खर्च भएको छ भने गत आर्थिक वर्षमा विनियोजित चालु खर्च बजेटको ८१.३५ प्रतिशत खर्च भएको थियो । आ.व. २०८२/८३ मा स्थानीय तहहरूले गरेको चालु खर्च अघिल्लो आर्थिक वर्षको चालु खर्चको तुलनामा ३.६३ प्रतिशतले बढी हो ।

**तालिका ७.२ : कोशी प्रदेशका स्थानीय तहको वित्त स्थिति (रकम रु. करोड)**

| शीर्षक | उप-शीर्षक | आर्थिक वर्ष २०८१/८२ | | आर्थिक वर्ष २०८२/८३ | | प्रगति (%) | | वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | वास्तविक | बजेट | वास्तविक | २०८१/८२ | २०८२/८३ | |
| कुल खर्च | **कुल खर्च** | **१२०८.८४** | **८३६.५३** | **११५०.४९** | **७६३.४७** | **६९.२०** | **६६.३६** | **-८.७३** |
| | चालु | ५६६.८६ | ४६१.१६ | ५९४.६७ | ४७७.८८ | ८१.३५ | ८०.३६ | ३.६३ |
| | पुँजीगत | ६३२.०६ | ३६५.४६ | ४१४.३७ | २७४.३५ | ५७.८२ | ६६.२१ | -२४.९३ |
| | वित्तीय | ९.९२ | ९.९१ | १४१.४५ | ११.२५ | ९९.८९ | ७.९५ | १३.५३ |
| कुल प्राप्ती /आय | **कुल प्राप्ती** | **६०२.१३** | **३७५.९२** | **६६४.६०** | **३९७.५८** | **६२.४३** | **५९.८२** | **५.७६** |
| | आन्तरिक स्रोतबाट प्राप्त | ३१५.०४ | १८६.७२ | ३३८.६९ | १९५.४० | ५९.२७ | ५७.६९ | ४.६५ |
| | राजश्व बाँडफाँडबाट प्राप्त | २६२.९५ | १७६.५७ | १८५.२९ | १८५.०८ | ६७.१५ | ९९.८९ | ४.८२ |
| | अन्य | २४.१५ | १२.६३ | १४०.६२ | १७.०९ | ५२.३० | १२.१६ | ३५.३७ |
| अनुदान तथा हस्तान्तरण प्राप्त | **कुल अनुदान तथा हस्तान्तरण** | **५९८.८०** | **५०४.७२** | **४१४.६५** | **४६९.२७** | **८४.२९** | **११३.१७** | **-७.०२** |
| | समानीकरण | १४१.३७ | १३०.४७ | ११३.५४ | १३२.०९ | ९२.२८ | ११६.३४ | १.२५ |
| | समपूरक | १७.०१ | १४.२६ | ७.३१ | ६.०७ | ८३.८२ | ८३.०४ | -५७.४३ |
| | विशेष | २२.६० | १६.७८ | १००.७० | ७.३८ | ७४.२५ | ७.३३ | -५६.०१ |
| | सशर्त | ४१७.८२ | ३४३.२२ | १९३.११ | ३२३.७३ | ८२.१५ | १६७.६४ | -५.६८ |
| | अन्य | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ऋण | **कुल ऋण** | **१.९०** | **०.८९** | **२.५३** | **१.९६** | **४६.८४** | **७७.४७** | **१२०.२२** |
| | बाह्य | ०.०० | ०.०० | १.३५ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | आन्तरिक | १.९० | ०.८९ | १.१८ | १.९६ | ४६.८४ | १६६.१० | १२०.२२ |

*स्रोत : सम्बन्धित स्थानीय तह, *कोशी प्रदेशस्थित विराटनगर महानगरपालिका, इटहरी र धरान उपमहानगरपालिका र बजेट विनियोजनको आकारका आधारमा छनोट गरिएका दुई ठूला विर्तामोड नगरपालिका र दमक नगरपालिका गरी ५ स्थानीय तहको आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ को विनियोजित बजेट र वास्तविक उपलब्धिको आधारमा गरिएको विश्लेषण ।*

आर्थिक वर्ष २०८२/८३ मा उक्त स्थानीय तहहरूले विनियोजित पुँजीगत खर्चको ६६.२१ प्रतिशत खर्च गरेका छन् जुन अघिल्लो वर्षको तुलनामा २४.९३ प्रतिशतले कम हो ।

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशका स्थानीय तहहरूले बजेटमा अनुमानित राजश्वको ५९.८२ प्रतिशत रकम परिचालन गरेका छन् । गत आर्थिक वर्ष २०८१/८२ मा अनुमानित राजश्वको ६२.४३ प्रतिशत रकम परिचालन भएको थियो । आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहहरूले परिचालन गरेको राजश्व अघिल्लो वर्ष परिचालन गरेको राजश्वको तुलनामा ५.७६ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०८१/८२ को बजेटमा राजश्व अन्तर्गत आन्तरिक राजश्वबाट प्राप्त हुने अनुमानित रकमको ५९.२७ प्रतिशत राजश्व परिचालन गरेकोमा आर्थिक वर्ष २०८२/८३ मा अनुमानित आन्तरिक राजश्वको ५७.६९ प्रतिशत रकम परिचालन भएको छ । त्यसैगरी आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकार र प्रदेश सरकारबाट राजश्व अन्तर्गत प्राप्त हुने राजश्व बाँडफाँड बापतको रकम बजेटमा प्रक्षेपण गरिएको तुलनामा ६७.१५ प्रतिशत परिचालन गरेकोमा आर्थिक वर्ष २०८२/८३ मा प्रक्षेपित राजश्व बाँडफाँडको ९९.८९ प्रतिशत रकम परिचालन भएको छ । आर्थिक वर्ष २०८२/८३ मा राजश्व बाँडफाँड बापत प्राप्त हुने राजश्व अघिल्लो वर्ष राजश्व बाँडफाँड बापत प्राप्त भएको राजश्वको तुलनामा ४.८२ प्रतिशतले वृद्धि भएको छ ।

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशका स्थानीय तहहरूले संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान तथा हस्तान्तरणमा सशर्त अनुदानको हिस्सा सबैभन्दा धेरै ६८.९९ प्रतिशत रहेको छ । त्यसैगरी समानीकरण अनुदानको हिस्सा २८.१५ प्रतिशत, समपुरक अनुदानको हिस्सा १.२९ प्रतिशत र विशेष अनुदानको हिस्सा १.५७ प्रतिशत रहेको छ ।

**चार्ट ७.१ : आ.व. २०८२/८३ मा कोशी प्रदेशका स्थानीय तहको कुल प्राप्तिको संरचना**




*स्रोत : सम्बन्धित स्थानीय तह*

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशका स्थानीय तहहरूले राजश्व र अनुदान बापत परिचालन गरेको कुल प्राप्तिमा अनुदान तथा हस्तान्तरणको हिस्सा ५४.१ प्रतिशत, आन्तरिक स्रोतबाट प्राप्त राजश्वको हिस्सा २२.५० प्रतिशत, राजश्व बाँडफाँड बापत प्राप्त भएको राजश्वको हिस्सा २१.४ प्रतिशत र अन्य आयको हिस्सा २.० प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशका स्थानीय तहहरूले वैदेशिक ऋण परिचालन गरेको छैन भने आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहहरूले रु.१ करोड ९६ लाख आन्तरिक ऋण परिचालन गरेको छ।

# परिच्छेद ८ : आर्थिक परिदृश्य

## ८.१ समग्र आर्थिक परिदृश्य

आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रयमासमा रसुवा र नुवाकोट जिल्लामा भाटेकोशी बाढीले पुर्याएको ठूलो भौतिक, आर्थिक र मानवीय क्षतिका कारण अर्थतन्त्रमा नकरात्मक असर परेको छ । मौसमजन्य विपद्का कारण भौतिक पूर्वाधारमा भएको क्षतीले चीनतर्फका तीन वटै प्रमुख नाकाहरू तत्काल खुल्न सक्ने सम्भावना नरहेकाले लत्ता कपडा, जुत्ता चप्पल, खाद्य पदार्थ तथा कच्चा पदार्थको आयातमा असर परेको छ जसका कारण उपभोक्ता मुद्रास्फीतिमा चाप पर्ने अनुमान रहेको छ । क्षतिग्रस्त भौतिक पूर्वाधारहरूको पुनः निर्माण सुरू हुनेहुँदा पुँजीगत खर्चमा भएको वृद्धिले निर्माण क्षेत्र लगायत अन्य क्षेत्र चलायमान बन्न सक्ने अपेक्षा गरिएको छ । आन्तरिक मागमा आएको संकुचन र कर्जा मागमा आएको सुस्तताले गर्दा आन्तरिक अर्थतन्त्रमा सुधार नदेखिए तापनि रेमिट्यान्स आप्रवाहमा आएको वृद्धिले गर्दा पर्याप्त विदेशी विनिमय सञ्चिती रहेकोले बाह्य क्षेत्र सन्तोषजनक रहने अनुमान गर्न सकिन्छ ।

स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, डिभिजन वन प्रमुख, उद्योगी/व्यवसायी तथा अन्य सरोकारवालाहरूसँग गरिएको छलफल तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेको विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०८३/८४ मा यस प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधिमा सुधार हुने अनुमान गर्न सकिन्छ ।

### ८.१.१ कृषि उत्पादन

चालु आर्थिक वर्षमा खेती गर्ने समयमा पर्याप्त वर्षा भएकोले धान खेतीको उत्पादन र उत्पादकत्वमा वृद्धि हुनसक्ने अनुमान छ साथै यस प्रदेशमा यो वर्षायाममा जलवायु परिवर्तनको असर कम देखिएकोले प्रमुख खाद्यान्न बाली तथा तरकारी बालीको उत्पादन बढ्ने देखिन्छ । गहुँ खेती गर्ने किसानहरू हाइब्रिड मकै खेतीप्रति आकर्षित हुने क्रम यथावत रहेकोले मकैको उत्पादनमा वृद्धि हुने र गहुँको उत्पादनमा कमी हुने देखिन्छ । त्यसैगरी विभिन्न स्थानीय तहहरूमा कोदो प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन भएकोले कोदोको उत्पादन बढ्ने देखिन्छ । नेपालको मध्य पहाडी भूभाग कफी खेतीका लागि उपयुक्त रहेको र स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा समेत नेपाली कफीको माग उच्च रहेकोले किसानहरु कफी खेती प्रति आकर्षित भइरहेका छन् । साथै अन्तर्राष्ट्रिय बजारमा अर्गानिक चियाको माग वृद्धि भएको तथा चिया खेतीको क्षेत्रफलमा वृद्धि भएकोले चियाको उत्पादनमा समेत वृद्धि हुने अनुमान छ । यस प्रदेशमा किवि, सुन्तला, एभोकाडो जस्ता फलफूलहरुको जोन कार्यक्रम सञ्चालन भएको तथा आधुनिक फलफूल प्रशोधन उद्योग स्थापना हुने क्रम बढेकोले फलफूलको उत्पादन बढ्ने अनुमान छ । पशुपन्छीमा लाग्ने खोरेत रोग तथा अन्य महामारी नियन्त्रणका लागि सघन रुपमा खोप, जैविक सुरक्षा तथा असल पशुपालन अभ्यास जस्ता कार्यक्रमहरु निरन्तर सञ्चालन भई रहेकाले दूध तथा मासुको उत्पादन बढ्ने देखिन्छ ।

### ८.१.२ औद्योगिक उत्पादन

आ.व. २०८३/८४ मा गुणस्तरीय विद्युत आपूर्ति, औद्योगिक क्षेत्रमा गरिने विभिन्न नीतिगत सुधारहरू, विराटनगरको जोगवनीमा एकीकृत जाँच चौकीको स्थापना र विराटनगर-कोलकात्ता रेल कार्गो सञ्चालनले उद्योगहरूको लागत प्रतिस्पर्धी भई उत्पादन क्षमतामा सामान्य वृद्धि हुनसक्ने अनुमान रहेको छ । चालु आर्थिक वर्षमा पूर्वाधार तथा भवन निर्माण कार्यमा विस्तार हुने देखिएको हुँदा ईंटा, सिमेण्ट र फलामको छड तथा पत्ति उद्योगहरूको उत्पादनमा वृद्धि हुने देखिन्छ । यद्यपि लगानीकर्ताको मनोबलमा अझै सुधार नभएकोले बैंकिङ्ग क्षेत्रमा पर्याप्त तरलता भए पनि थप नयाँ लगानीमा असर पर्ने देखिन्छ । भारतले कच्चा तथा प्रशोधित खाने तेलमा आयात शुल्क घटाएकोले सुनसरी-मोरङ औद्योगिक कोरिडोरको भटमासको तेल प्रशोधन गरी भारत तथा तेस्रो मुलुकमा निर्यात गर्दै आएका तेल उद्योगहरूको भारतीय उद्योगसँग मूल्यका आधारमा प्रतिस्पर्धा गर्न कठीनाई हुने भएकोले उत्पादन तथा निर्यात घट्न सक्ने देखिन्छ ।

### ८.१.३ सेवा क्षेत्र

बैंक तथा वित्तीय संस्थाहरूको उपस्थितिले यस प्रदेशको सबै स्थानीय तहमा वित्तीय पहुँच पुगेको, ग्रामीण क्षेत्रमा समेत वित्तीय चेतनाको स्तर बढ्दै गएको र मोबाइल तथा इन्टरनेटको प्रयोग समेत बढ्दै गएकोले डिजिटल बैंकिङ्ग कारोबारमा वृद्धि हुने देखिन्छ । बढ्दो डिजिटल कारोबारसँगै डिजिटल ठगी र साइबर अपराधसम्बन्धी घटनाहरू बढ्न सक्ने देखिन्छ । यसै वर्ष २०८३ श्रावणको दोस्रो हप्तामा सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिकामा घट्न गएको दुःखद घटनाबाट यस प्रदेशको तराई क्षेत्रमा उद्योग, व्यापार, व्यवसाय र सेवामा प्रभाव देखिएको भएतापनि नेपाल सरकारको पहलकदमीले स्थिति समान्य भई पर्यटन क्षेत्र पुनः लयमा फर्किको अवस्था छ ।

गुण्स्तरीय स्वास्थ्य सेवा, Destination Wedding का लागि सुविधा सम्पन्न होटल तथा पार्टी प्यालेसहरू, सहासिक तथा मनोरञ्जनात्मक क्रियाकलापहरू आदिको विकास र विस्तारका कारण भारतीय पर्यटकहरूको आगमनमा वृद्धि हुनसक्ने अनुमान रहेको छ । यस प्रदेशमा सरकारी/सामुदायिक विद्यालयहरूको संख्या घटेपनि नयाँ संस्थागत/निजी विद्यालय र कलेजहरू तथा प्राविधिक विद्यालयहरूको उपस्थितिले दक्ष र सक्षम जनशक्ति उत्पादन गर्ने देखिन्छ ।

### ८.१.४ पूर्वाधार क्षेत्र

चालु आर्थिक वर्षमा कोशी प्रदेशमा २०६.२ मेगावाट विद्युत थप उत्पादन भएको र जलविद्युतका परियोजनाहरू निर्माणाधीन अवस्थामा रहेको साथै विद्युत प्रसारण लाइनको विस्तार कार्य पनि सम्पन्न हुने चरणमा रहेको हुँदा विद्युत आपूर्ति बढ्ने देखिन्छ । कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य मार्फत बहुवर्षिय सडक पूर्वाधार तथा सहरी विकासका लागि रु.१२ अर्ब ३८ करोड बजेट विनियोजन गरेकोले उक्त बजेट कार्यान्वयनबाट यस क्षेत्रमा विभिन्न पूर्वाधार निर्माण तथा रोजगारी सृजना हुने देखिन्छ ।